छन्दोहार

गोविन्द प्रसाद शर्मा लुङ्गाना

साझा प्रकाशन, काठमाडौं (नेपाल)

छन्दोहार

गोविन्दप्रसाद शर्मा ढुङ्गाना, साहित्यशास्त्री

प्रकाशक

साझा प्रकाशन

काठमाडौं, नेपाल ।

चौथो पटक २०३७

छापिएको संख्या ११००

मूल्य—

मुद्रक—

शिवशंकर प्रसाद

दीपक प्रेस

एस० १७/२७२, नदेसर, क्याण्ट, वाराणसी

वक्तव्य

पण्डित गोविन्दप्रसाद शास्त्री ढुङ्गानाले लेखेको यो पुस्तक नेपाली भाषामा प्रकाशित पिंगल छन्दहरूका विषयको पहिलो पुस्तक हो। यो पुस्तकले श्लोक बनाउन चाहनेलाई शुद्ध श्लोक बनाउन सक्ने योग्यता हासिल गर्न धेरै सहायता दिन्छ। साहित्यको एक मुख्य अंग छन्दमा परिश्रम गरेर प्रत्येक छन्दलाई रुचि-कर मौलिक दृष्टान्तद्वारा राम्ररी बुझाएको यस्तो उपयोगी ग्रन्थ लेखी नेपाली-साहित्य भण्डारको एउटा महान् अभावपूर्ति गरेकोमा ने० भा० प्र० समिति लेखकलाई हार्दिक धन्यवाद दिन्छ र नेपाली जनताले यसबाट अवश्य उपयुक्त लाभ लिनेछन् भन्ने आशा गर्छ।

—बालकृष्णशमशेर

पुनश्च

यो किताब पहिलो पटक छापिएको चार वर्षपछि लेखकको स्वर्गवास भयो। नेपाली-साहित्यले एक होनहार साहित्यिक गुमायो। त्यसका दश वर्षपछि ने. भा. प्र. समितिले उहाँको अर्को एउटा कृति 'रसदर्पण' पनि छपाएको देखिन्छ। आज हामीचाहिं यस कितापको नयाँ संस्करण लिएर स्वर्गीय कविज्यूमा श्रद्धांजलि चढाउँदैछौं।

साझा प्रकाशन

भूमिका

काव्य दुइ भागमा विभक्त छ—गद्यमय र पद्यमय। छन्दोलक्षणमा निबद्ध नभएको कवित्वपूर्ण वाक्यलाई गद्यकाव्य र नियमित छन्दोलक्षणगुम्फित कवितालाई पद्यकाव्य भन्दछन्।

पद्य के हो?—नियमित भएका अनुष्टुप् आदि छन्दको लक्षणमा गुम्फित वाक्य हो। दर्पणकार विश्वनाथले पनि लेखेका छन्—"छन्दोबद्धपदं पद्यम्" अर्थात् छन्दको लक्षणमा निबद्ध मात्र [रस भाव आदिले रहितैं] होस् तापनि त्यो पद्य [सिलोक] भनिन्छ।

कोही कोही यसो पनि भन्दछन्, खरानी घस्दैमा योगी हुन्छ? चोंगा भिर्दैमा वकील हुन्छ?, त्यस्तै छन्दोबद्ध हुँदैमा कविता हुन्छ? इत्यादि। वास्तवमा यसो भन्नु भूल हो, छन्दोबद्ध हुँदैमा कविता [काव्य] हुन्छ भनेर कुनै आचार्यले भनेका छैनन्। छन्दोबद्ध वाक्यलाई पद्य भनिन्छ भन्ने कुरा त माथि नै लेखिसकियो, कविता वा काव्य कसलाई भन्दछन् यसको निम्ति त भिन्न भिन्न मत छ। त्यसको यहाँ विस्तार गरिरहने अवसर छैन, सामान्यतः काव्य भन्दछन् कविको कार्यलाई।

अब कवि कसलाई भन्ने? जसले प्रकृतिको चमत्कार देखाउँछ, [कवयति सर्वं जानाति सर्वं वर्णयति सर्वतो गच्छति प्राप्नोति वा इति कविः] अर्थात् जसले सर्वतोभावले तत्त्व जान्दछ र देखाउँछ त्यसैलाई। भनेको छ—

नानृषिः कविरित्युक्तमृषिश्च किल दर्शनात्
विचित्र भाव धर्मांश तत्त्वप्रख्या च दर्शनम्।
स तत्त्वदर्शनादेव शास्त्रेषु पठितः कविः
दर्शनाद्वर्णनाच्चाथ रूढालोके कविश्रुतिः। इति

उपर्युक्त भावपूर्ण पद्यमय कविता वा कवितामय पद्यलाई पद्यकाव्य भन्दछन्।

छन्दको समय

गायत्री, उष्णिक् आदि छन्दहरू जस्तो वर्तमान नेपाली, हिन्दी, उर्दू, अङ्ग्रेजी आदि भाषामा झ्याउरे, छप्पय, गजल, सनेट इत्यादि छन्द छन्, त्यस्तै कसैले टुक्का जोडेको र पछि त्यसको सुधार गर्दै जाँदा छन्दरूपमा परिणत हुन आएका होइनन् । यी छन्दको प्राचीनताको सम्बन्धमा यति मात्र लेख्नु पर्याप्त छ कि ऋग्वेद पूरुषसूक्तमा दर्शाएको छ "छन्दांसि जज्ञिरे तस्मात्" अर्थात् त्यो विराट् [यज्ञ] बाट गायत्री, उष्णिक् आदि छन्दहरू पैदा भए; जसको गणना वेदका छ *अङ्गमध्ये एक अङ्गमा छ, परन्तु यो कुनचाहिं अङ्ग हो ? पाणिनि लेख्तछन् "छन्दः पादौ तु वेदस्य" छन्द वेदको पाउ हो । आत्रेय ब्राह्मणमा लेखिएको रहेछ—"यो हवा अविदि तार्षेयच्छन्दो दैवतविनियोगेन ब्राह्मणेन मन्त्रेण याजयति वाऽध्यापयति स स्थाणुं वर्च्छति गर्तं वा पद्यते प्रमीयते वा पापीयान् भवति यातयामान्यस्य छन्दांसि भवन्ति" इति ।

यसबाट के बुझिन्छ भने लौकिक साहित्यमा यसको जातिको सम्बन्ध छ उता वेदमा यसको ज्ञान् परम आवश्यक रहेछ ।

अर्को कुरा छन्द र सङ्गीतको परस्परमा ठूलो सम्बन्ध छ, सामवेद वैदिककालको सङ्गीत हो । यसवाट छन्द र सङ्गीत समकालीन रहेछन् भन्ने पनि अनुमान गर्न सकिन्छ ।

वेदमा जसलाई सूक्त भनिन्छ त्यो स्वतन्त्र मन्त्र-समुदाय हो भनेको छ— "सम्पूर्ण ऋषिवाक्यन्तु सूक्तमित्यभिधीयते", माने, कुनै ऋषिको [अर्थात् ध्यानको सिद्धि (पूर्णता) बाट स्वयं स्फुरित भै प्रकट भएको] वाक्यलाई सूक्त भनिन्छ । त्यो पनि तीन भागमा विभक्तन्छ-[१] ऋषिसूक्त [२] देवतासूक्त [३] छन्दसूक्त । यी तीनमा पहिलो र दोस्राको चर्चा गर्ने अवसर छैन; परन्तु छन्दस्सूक्त त्यसलाई भनिन्छ जसमा सबै ऋचाहरू एकै छन्दमा बनेका छन्, जस्तै— "अग्निमीले पुरोहितम्०" इत्यादि ।

पुराणतर्फ साहित्यिक विषय विशेष गरेर अग्निपुराणमा पनि पाइन्छ ।

---

*शिक्षा १, कल्प २, व्याकरण ३, निरुक्त ४, छन्द ५, ज्योतिष ६ ।

त्यसैमा छन्दको पनि जम्मा ३ अध्यायले वर्णन गरेको छ। भारतवर्षमा छन्दको अस्तित्वमा कहाँसम्म प्राचीनता थियो यो कुरा भारतीय साहित्य पढेर नै थाहा हुन्छ। उपर्युक्त प्रमाणबाट निर्विवाद सिद्ध हुन्छ कि वैदिक कालमा नै छन्दको प्रचुर प्रचार रहेछ।

यादव प्रकाशः नामक छन्दसूत्रको टीकामा लेखको रहेछ ''यो *छन्दको ज्ञान पहिले भगवान् श्री शङ्करबाट विष्णुलाई प्राप्त भयो, उहाँबाट इन्द्रलाई, इन्द्रबाट वृहस्पतिले पाए, उनबाट माण्डव्यले, त्यसपछि सैतवले, अनि यास्क ऋषिले, यास्कबाट पछि पिङ्गलले पाए। उनैले बनाएका छन्दः सूत्रहरूबाट पछि अरूले पनि सरलतासाथ वृत्तरत्नाकर आदि छन्दोग्रन्थहरूको निर्माण गरेका हुन्।''

पिङ्गल

'पिङ्गल छन्दोग्रन्थका प्रथम प्रणेता हुन्। यिनलाई कोही पिङ्गलाचार्य र कोही पिङ्गलनाग पनि भन्दछन्। प्राकृत पिङ्गलको मङ्गलाचरणमा पिङ्गलनाम भन्ने उल्लेख देखिन्छ, जस्तै—

जो विविहमत्तं साअरपारं पत्तो विविमलमइहेलम्
पढमम्भाषतरण्डो णाओ सो पिङ्गलो जअई। [१]

अर्थात् अनेक मात्रारूप प्रस्तारले जसले गरुडको निर्मल बुद्धिलाई जिल्ल्याइ-दिएर समुद्रमा पुगे, [अपभ्रंश] भाषाका पहिला तरणि (डुङ्गा, नाउ) [२]

---

*छन्दोज्ञानमिदं, भवाद्भगवतो लेभे सुराणां पति-
स्तस्माद्दुच्च्यवनस्ततः सुरगुरुर्माण्डव्यनामा ततः,
माण्डव्यादपि सैतवस्तत ऋषिर्यास्कस्तत पिङ्गल—
स्तस्येदं यशसा गुरोर्भुवि धृतं प्राप्यास्मदाद्यैः कृतम्।

[१] यो विविधमात्रासागरपारं प्राप्तो विविप्रलमतिहेलम्
प्रथमभाषा तरण्डो नागः स पिङ्गलो जयति ॥

[२] भाषामा सर्वप्रथम कवि पिङ्गल, प्राकृतमा शालिवाहन, संस्कृतमा महर्षि वाल्मीकि।

भएका उनै पिङ्गलनाग सर्वोत्कृष्ट छन् तथा जय गर्दछन् । त्यसैमा अरू पनि देखिन्छ, जस्तै—

"सप्पाराआ शुद्धकाया जम्पे पिङ्गल" [१]

"इ अ जम्पइ कइराआ पिङ्गलणामप्पसिद्ध फणीन्दा" [२] इ० ।

म य र स त ज भ न ल ग सम्मितं भ्रमति वाङ्मयं जगति यस्य स जयति पिङ्गलनागः शिवप्रसादाद्विशुद्धमतिः ॥

—"पिङ्गलसूत्रका वृत्तिकार हलायुध भट्ट"

यिनी पतञ्जलि मुनिपछिका एक आचार्य हुन् भन्ने जनश्रुति पनि कता कता सुनिन्छ । कविराज राजशेखरले लेखेका छन् :—

अत्रोपवर्षवर्षाविह पाणिनिपिङ्गलाविह व्याडिः
वररुचि–पतञ्जली इह परीक्षिताः ख्यातिभुपजग्मुः ।"

अर्थात् शास्त्रकारको चर्चा हुँदै आएको त्यो कुनै समय रहेछ । सुनिन्छ कि पटा-नामा राजसभामा बराबर शास्त्रकारहरूको परीक्षा हुन्थ्यो । त्यस समयमा बसिनै पाणिनि, पिङ्गल, वररुचि र पतञ्जलिहरू प्रख्यात हुँदै आएका थिए । यो लेखाइबाट त्यो मर्यादाको [अर्थात् पतञ्जलिको] समयमा यिनीहरू लगातार चलिरहेका र धेरै अघिपछिका रहेनछन् भन्ने अनुमान गर्न सकिन्छ ।

अब यिनी नाग हुन् या कुनै आचार्य, नाग होइनन् भन्नालाई पनि नाग भन्ने लेख प्रचुर मात्रामा पाइएको, नाग हुन् भन्नलाई पनि "प्रथम भाषातरण्डः" यो वाक्यबाट जस्तो वाल्मीकिलाई संस्कृत साहित्यका आदिकवि र शालिवाहनलाई प्राकृतका पहिला कवि भन्दछन्, त्यस्तै पिंगल, भाषाका आदिकवि रहेछन् भन्ने कुराको प्रत्यक्ष झल्का देखिन आउने र राजशेखरले पनि यिनलाई शास्त्रकार आचार्यको पंक्तिमा गणना गरेकोले* समेत नागबाट यस्तो काम कसरी भयो ?

---

[१] "सर्पराजः शुद्धकायो जल्पति पिङ्गलः" ।

[२] "इति जल्पति कविराजः पिङ्गलनामप्रसिद्धफणीन्द्रः ।"

* भट्ट केदारले पनि "पिंगलादिभिराचार्यैः" भनी आचार्यमा गणमा गरेका छन् ।

बढो आश्चर्यंको समस्या उठ्तछ। यसको पूर्तिलाई परम्पराऽऽगत एउटा आख्यायिका छ।

एक दिन शेषनागलाई पृथ्वी भ्रमण गर्ने इच्छा हुँदा पिंगल नामक ब्राह्मण भएर भूतलमा आए, घुमिसकेर पातालतिर जान लाग्दा बाटामा सहज–वैरो गरुडले उनमा नागको चिह्न देखेर झम्टे। त्यो देखेर प्रत्युत्पन्नमति पिंगलले गरुडसँग भने, "ओहो! महानुभाव पक्षिराज! त्यसै किन झम्टनुभयो? मलाई चिन्नुभएको छ? पहिले मेरो परिचय त लिनुहोस्। म कवि हुँ, तपाईंलाई म आफ्नो आश्चर्यंजनक कार्य-कौशल देखाउन चाहन्छु, कृपया हेरिदिनुहोस्। म एक ठाउँमा जस्तो किसिमको प्रस्तार (लघु गुरुको उल्टो पाल्टो चिह्न, जस्तै—ऽऽ, ।ऽ, ऽ। इत्यादि] लेख्तछु त्यस्तो [एकै थरी चिह्न] अर्को ठाउँमा लेख्तिनँ। यदि एकै किसिमको प्रस्तार देख्नुभयो भने मलाई उत्लिखेरै शिकार बनाउनुहोला।" यति भनी गरुढको आज्ञा पाएका उनले एक अक्षरदेखि लिएर २६ अक्षरसम्मको प्रस्तार देखाउँदै समुद्रको तीरसम्म पुगेर आखिरमा जिस्काउनलाई चार यगणको [उस्तै उस्ता] प्रस्तार चिह्न देखाएर जिल्ल परेका गरुडले हेर्दा झट्ट समुद्रमा फाल हाल्दै हाँसेर भने "चतुर्भिर्यकारैर्भुजङ्ग-प्रयातम्" अर्थात् आखिरमा नागको भगाइ ४ यगणले भयो, इत्यादि। यी उनै पिंगल हुन् जसले वैदिक र लौकिक छन्दः सूत्रहरूको निर्माण गरे।

लौकिक साहित्यमा पद्यको प्रथम प्रादुर्भाव

एक दिन महर्षि वाल्मीकि आफ्ना शिष्यवर्गंका साथ तमसा नदीमा स्नान गर्न गएका थिए। फर्कंदा बाटामा एउटा दुष्ट व्याधाले प्रेमपूर्वक आनन्दमग्न भै रूखमा बसेका क्रौञ्चदम्पती [कन्याङकुरुङका भाले पोथो] मा भालेचाहिँलाई महर्षिकै अगाडि सहसा काँड छोडिदियो। रगतले मुछिएको जोडाको दुर्गति देखेर शोकविह्वल भएकी पोथीको करुण क्रेङ्कारले आफ्नो हृदयलाई फोडेर निस्केको करुणरसको नदीमा डुबेर रोमाञ्चित भएका उनको मुखबाट त्यो व्याधाउपर अकस्मात् यो श्लोकबद्ध वाणी प्रकट भयो।

मा निषाद ! प्रतिष्ठान्त्वमगमः शाश्वतीः समाः,
यत्क्रौञ्चमिथुनादेकमवधीः काममोहितम्।

हे चाण्डाल व्याधा ! तैंले यी पक्षीहरूको जोडीमा काममोहित भालेचाहि-लाई जो मारिस् यसबाट तैंले निरन्तर प्रतिष्ठा [सुख] नपाएस् ।

यसपछि लोक-पितामह ब्रह्माजी प्रकट हुनुभयो र "महर्षि ! तिम्रो मुखबाट लोकमा छन्दोबद्ध वाणी निस्केको देखेर साह्रै प्रसन्न भएँ, यो वागधिष्ठात्री सर-स्वतीको अनुग्रह हो, तिमी धन्य रहेछौ, मेरो आशीर्वाद छ—तिमीलाई छन्दोबद्ध ग्रन्थ निर्माण गर्ने शक्ति होओस् । अर्को कुरा, अरू केही पढ्नुभन्दा पहिले नै यो श्लोक जसले पढ्ला त्यो सारस्वत कवि हुनेछ ।" यति भनी अन्तर्हित हुनुभयो । लौकिक संस्कृत साहित्यमा प्रथम प्रादुर्भूत पद्य यही हो । यसैको प्रभावले आद्य-कवि वाल्मीकिले रामायण आदि पद्यमय इतिहास लेखे । सबै भन्दा पहिले यो श्लोक पढ्ने व्यासजीले सवालाख श्लोकको महाभारत ग्रन्थ बनाए, र संस्कृत-साहित्यमा मुख्यतया प्रचार हुँदै गयो, पछि पिङ्गलाचार्यको पिंगल आदि ग्रन्थको आधारमा प्राकृत, हिन्दी, बंगाली, आदि भाषामा पनि छन्दोबद्ध लेखहरू निस्कन लागे ।

आधुनिक नवीन छन्दप्रति

आजकाल कतिपय यस्ता कविहरू र उनीहरूको अनुकरण गर्ने लेखकहरू पनि छन् जो खालि मौलिकता देखाउने विचारले व्यर्थं हावाको भरमा दौडिरहे-छन् । कहाँसम्म भने जुन कवि जबसम्म समान परिमित (प्राचीन छन्दोनियम-बद्ध) पंक्तिमा कविता गर्दछ त्यहाँसम्म उ आफूलाई न आफै मौलिक संझन्छ, न अरूले संझन्छन्, अतएव अनुकरणले हो वा कमजोरीले हो रवड़ छन्दको डोरीमा सुरेली खेल्न लागेका छन् । हो, कवि निरंकुश हुन्छ भने कुरालाई मिथ्यावाद भन्न सकिदैन, यदि कुनै कवि आफ्नो स्वतन्त्र प्रतिभाद्वारा भावको उत्कृष्टतामा विशेष ध्यान दिऊन्, त त्यो प्रशंसनीयै थियो; परन्तु त्यसको साथ-साथै छन्दको नियममा समेत निरंकुशता देखाउनु यो त कविको मौलिकतामा प्रशंसा-योग्य कार्यभन्दा अधिक कमजोरी मात्र हो । कतिपय कविहरूका कविता यस्ता छन् जो ४ चरणमा ३ छन्दको नियम–संगत छन्, एक चरण भिन्न छ, या २ चरण छन्दको लक्षण संगत छन् भने २ चरणमा एक दुइ मात्रा या अक्षर घटी

बढी देखिन्छ। यदि यस्तालाई पनि समान गराइदिए यसमा के नोक्सान, हानिको सट्टा कविताको शोभा छन् बढ्ने थियो। केवल मौलिकताको विचारले लकीरको फकीर हुन लागिरहेछ, जसलाई एउटा अपराध भन्नमा अत्युक्ति होवैन; किनभने खालि रस भावसम्भको मात्र आवश्यक छ भने समुद्रमा रत्न झैं गद्यमा नै भावहरू खचाखच भरिएका हुन सक्तछन्। यदि पद्यबाट भाव दर्शाउनुछ भने छन्दको नियमित मर्यादालाई छोडी पद्यको भाव पर्ने गरी सामान्य गद्यलाई भाँची एक एक टुक्रा चरण चरण पारी कविता वा पद्य भन्ने नामले छन्दको अपवाद किन फैलाउनु!

त्यसै राम्रो छ वेली त्यो, माला पो किन उन्दछौ?
सुन्दछौ? मित्र! उन्छौ ता मखुण्डे किन बुन्दछौ?

रबड़ छन्द

अँ:, फेरि जो आजकाल नेपाली, हिन्दी, बँगाली, अँग्रेजी आदि भाषामा बनेका बेछन्दी कविताहरू छन् तिनलाई गद्यमा स्थान दिने या पद्यमा?" वास्तवमा यो प्रश्न विचारणीय छ, किनभने एक त सारा संसारको साहित्यमा यस्ता छन्दको गणना पद्यमा छ; दोस्रो, यसबाहेक यस्ता कवितामा लयको अस्तित्व पनि अधिकांश पाइने नै हुनाले यस किसिमका कवितालाई पनि पद्यमै स्थान दिनु मनासीवै छ, परन्तु यस्ता पद्यको छन्दलाई अर्कै एउटा नयाँ नाम अर्थात् विचित्र हुनाले चित्रा नक्षत्रको तेस्रो पाउ र बाट उठेको 'रबड छन्द' भन्ने राखिदिनुपर्दछ। रबड छन्द भन्नाको मतलब यो हो कि, जस्तो रबडको तनाइमा नियम र सीमा छैन त्यस्तै यसमा पनि हुनाले, इत्यादि भन्नाको तात्पर्य कविताको सर्वस्व नै छन्द हो भन्ने होइन; परन्तु जसलाई हामी पद्य काव्य भन्दछौं त्यो त समाजको चालमा सज्जन झैं छन्दको नियम रहेकै हुनुपर्छ।

पाश्चात्य विद्वानहरूमा पनि जस्तो स्टीफेन, कार्लाइल, सिसेरो, शेली यिनीहरू, जस्तो कविताका निम्ति छन्दको आवश्यक छैन भन्दछन् (जसलाई बहुतर लेखकहरू प्रमाण मान्दछन्) त्यस्तै कविताका निम्ति छन्दको अत्यधिक आवश्यक छ भन्नेहरू मात्र छैनन् र? जस्तै हीगल, मिस्टर हन्ट, आदि।

यस्तै हिन्दी भाषाका पनि कतिपय विद्वान्हरूमा मतभेद छ, जस्तै, कविताका निम्ति छन्दको आवश्यकतामा रहेका मैथिलीशरण गुप्त आदि र नरहेका जस्तै रवीन्द्रनाथ ठाकुर आदि ।

हाम्रो नेपाली भाषामा पनि कोही छन्द–लक्षणको अनुसरण गर्ने र कोही नगर्ने पनि छन् । यस्तै अरू भाषामा पनि प्रचुर मात्रामा होलान् । परन्तु प्राचीन छन्दको अनुसरण गर्नु नै बेश हो ।

कतिसम्म भने छन्दमा जो यति अर्थात् विश्राम छ त्यसमा त यसै ठाउँ विश्राम हुनैपर्छ भन्नालाई प्राचीन आचार्यहरूमै पनि मतभेद देखिएकोले विशेष गरेर जुन ठाउँको विश्रामले सौन्दर्य अधिक पाउँछ त्यस ठाउँमा विश्राम गर्न हुन्छ । यतिको सम्बन्धमा छन्दोमञ्जरीमा पनि नियममा शिथिलता देखाएर लेखिएको छ, जस्तै—"श्वेतमाण्डव्यमुख्यास्तु नेच्छन्ति मुनयो यतिम्" अर्थात् श्वेतमाण्डव्यहरू यति (विश्राम) मात्र चाहदैनन्, इत्यादि ।

"पादान्तस्थं विकल्पेन" पाउको अन्तिम अक्षर विकल्पले (लघु गुरु दुवै) रहन सक्तछ भनी जो भनेको छ यसको मतलब वर्णिक मात्रिक जुनसुकै छन्दमा पनि पाउको अन्तिम वर्ण बेठेगानसँग लघु गुरु प्रयोग गर्न हुन्छ भन्ने होइन, कतिसम्म भने जसमा गुरु राख्नू भनेको छ त्यसमा लघु, जसमा लघु भनेको छ त्यसमा गुरु राख्ता लय (ध्वनि) को सौन्दर्यमा धक्का लाग्दैन भने मात्रै यो हो ।

मात्रिक छन्दमा, पाउको अन्त्यमा होस् या मध्यमा, लय (ध्वनि) भंग हुँदैन तथा सौन्दर्यको न्यूनता देखिदैन भने त्यस्तो ठाउँमा कहीं-कहीं, त्यो पनि मात्रिक छन्द भएकोले विशेष मात्राको सम्म विचार हुने हुनाले जहाँ जुन अक्षरलाई यो गुरु नै हुनुपर्छ भनी लेखिएको छ त्यस्तो ठाउँमा एक गुरुको सट्टा दुइ लघु राख्नसम्म सक्तछौं ।

मतानुसार एउटै छन्दका अनेक नाम पनि हुन्छन्, यहाँ पनि देखिएसम्मका पृथक्-पृथक् नाउँहरू केही दर्शाइएका छन्, जस्तै :—चन्द्रकलाको अपरनाम दुर्मिल, वसन्ततिलकाको अपरनाम सिंहोन्नता र उद्धर्षिणी तथा चम्पकमालाको रुक्मवती, इत्यादि ।

अनुकूल छन्द

जसमा कविता हुन्छ ती ती छन्द प्रायश: रसानुकूल हुनुपर्छ, जस्तै, शृङ्गार रसका निम्ति मालिनी, वसन्ततिलका, आदि; करुणमा वियोगिनी, अपरन्तिका, आदि; शान्तरसमा शिखरिणी आदि; वीररसमा पृथ्वी, शार्दूलविक्रीडित, स्रग्धरा, आदि; त्यस्तै रौद्र बीभत्सहरूमा पनि, हास्यरसमा प्राय: इन्द्रवज्रा, उपेन्द्रवज्रा र अद्‌भुतरसमा मन्दाक्रान्ता, आदि ।

पद्यरचना-विधि

पद्य रचना (कविता) गर्नलाई पहिले आफूलाई कुन छन्दमा लेख्न इच्छा लागेको छ त्यो छन्द मात्रिक छ भने लेखिएबमोजिम मात्राको विचार र वर्णिक छ भने त्यसको लक्षणअनुसारको गण लेख्नू, जस्तै तिमीलाई वसन्ततिलकामा लेख्नुपर्‍यो भने गण यसरी लेख्नू, जस्तै—

SSI SII ISI S S
त भ ज ज गु गु

यसपछि कुनै एउटा व्यञ्जन वर्णलाई लिएर त्यसलाई लघुको ठाउँमा अकारान्त र गुरुको ठाउँमा आकारान्त गराई यति (विश्राम) मिलाएर पढ्नू, जस्तै—

SS IS IIS IIS ISS
का का क का क क का क क का क का का

अब यसमा आफूलाई इच्छा लागेको पद जोडेर सार्थक वाक्यविन्यास गर्नू, अरू छन्दमा पनि तरीका यही हो ।

वक्तव्य

हाम्रो नेपाली भाषामा अघि पनि अलि अलि थियो तापनि विशेष लगभग १०० वर्ष जति भयो पहिले भानुभक्त आचार्यले बहुतर छन्दमा निबद्ध भएको श्रीरामचरित (रामायण) आदि ग्रन्थ प्रकाशित गरेपछि धेरै जनाको मन कविता देखाउनमा प्रोत्साहित हुँदै गएकोले अहिलेसम्म हाम्रो साहित्यभण्डार गद्य तथा

पद्यमय पुस्तक पुस्तिकाहरूले भूषित हुँदै आएको छ । परन्तु कविता गर्न चाहने-हरूका निमित्त एउटा छन्दको ग्रन्थ आजसम्म नभएकोले ती रसिक भाइ बहिनी-हरूका निमित्त यो एउटा सानो पुस्नक लेखी सेवामा तत्पर भएको छ ।

यो ग्रन्थ पिंगलसूत्र, प्राकृत पिंगलसूत्र, तथा वृत्तरत्नाकर आदि छन्दोग्रन्थ-को आधार लिई आफ्नै मातृभाषामा यथाशक्ति सरलतासाथ लेख्न खोजेको छु । यसमा उदाहरणका निमित्त विशेष मौलिकतालाई नै स्थान दिनुपरेको छ तापनि भावहरूको अन्यत्रबाट जतिसम्म समावेश भएको छ, जजसको जुन जुन सुन्दर शिक्षाप्रद भावहरू यसमा थोर-बहुत उत्रन रुचाई हामीलाई उपदेश दिन र हाम्रो मन हर्न समर्थ छन् दिगन्तकीर्ति ती ती संस्कृत–कविहरूको आफूलाई ठूलो ऋणी संझेको छु ।

यसमा लेखिएको उदाहरणहरूमा कहीं यति (विश्राम) मा नियमको खुकुलोपन र व्याकरणमा पनि पद्यका निम्ति नियम प्रायः शिथिल हुन्छ भन्ने संझी यहाँ जानी-जानी वा भूलले रहन गएका पदहरूको अशुद्धिमा पनि लाचार वा तटस्थ छु । फेरि पद्यमा धेरैजसो संस्कृत पदहरूले पनि स्थान लिएका छन्, यसको कारण लेखकले दर्शाउन खोजेको भावको अनुकूल शब्दहरू मातृ-भाषामा प्रशस्त नपाइने * र पाएको पद पनि उदाहार्य छन्दमा नअटाउने र मुख्यतः लेखकको अल्पज्ञता तथा अनभ्यासता नै हो, परन्तु यसका निम्ति कुनै-कुनै क्लिष्ट स्थलमा टिप्पणी पनि दिएको छ तापनि यस विषयमा पाठक-सँग क्षमा याचना गर्दछु । फेरि उदाहरणहरू पनि सबै एकनास नभई कुनैमा भाव सरल फीका, कुनैमा गम्भीर, तथा कहीं पारमार्थिक र कहीं व्यावहारिक

---

*जस्तै पानी बोधक शब्द हाम्रो भाषामा राख्न 'पानी' र 'जल' शब्दसम्म राख्न सक्तछौं । यो दुवै शब्द कुनै उदाहार्य छन्दमा अटाउन सकेनन् भने कि यस विषयमा लेख्न आँटेको भावै छोड्नुपर्दछ, कि संस्कृत शब्द उदक, पय, जल, नीर, अम्बु, पानीय, इत्यादिमध्ये एउटा अटाउनेचाहिं छानेर राख्नुपर्ने हुन आउँछ । परन्तु त्यस्तो स्थलमा बाहेक अन्यत्र पनि संस्कृत शब्दहरू प्रायः रहन गएका छन् । यसलाई गुण वा दोष संझनु सज्जनहरूकै विवेकितामा निर्भर छ ।

विचार, कसैमा शृंगार रस छ भने कसैमा शान्ति तथा करुणरस र कुनै नीरस इत्यादि विभिन्नता तथा विषमता पर्न गएको छ, किन्तु "भिन्नरुचिर्हि लोक:" दुनियांको रुचि भिन्न-भिन्न हुनाले भिन्न-भिन्न अंशमा केही न केही सबैको मनमा मिल्न सकोस् भन्ने उद्देश्यले लेखिएको हुनाले यसमा विषमता प्राय: पर्न गएको हो ।

अरू कुरा चाहे जे होस्, सज्जनको प्रकृति दूषित पदार्थलाई पनि सुगंधित तथा स्वच्छ गराउने हुन्छ । लेखकको यो पुष्पाञ्जलि दूषित भए तापनि सज्जनहरूको पवित्र दृष्टि परेमा, आशा छ अवश्य नै सुवासित हुनेछ र सबैले यसलाई चाहना गर्नेछन् । जसमा मग्न भएर बालक बालिकाहरू पनि आफ्नो रसिलो कवितामा मातृभाषाको गान गर्लान् भन्ने ठूलो उत्कण्ठा लागेको छ, जसबाट लेखकले आफ्नो उत्साह प्रतिदिन बढ्दै जाने आशा राखेको छ, परन्तु यसको भूलसुधारसम्बन्धी सूचना गुणग्राही सज्जनहरूको अनुग्रहमा निर्भर छ ।

बाटोमा हिंड्दा ठेस लाग्छ दृष्टि-प्रमादले
हाँस्छन् दुर्जन त्यो देखी बोल्छन् सज्जन प्रेमले ।

कृतज्ञता

यो ग्रन्थ लेखिनुभन्दा पहिले एउटा यै छन्दविषयको सानो सामान्य प्रचलित छन्दका लक्षण र उदाहरण लेखी श्री प्रबल गोरखादक्षिणबाहु मे. क. बालकृष्णशमशेर जङ्गबहादुर राणाका समीपमा उपस्थित गराएँ । उहाँले त्यसको अवलोकन गरी "यो पुस्तक अलि सानो भयो, अब यसमा हात उठाएपछि हाम्रो भाषामा मात्रै छन्दको एउटा ठूलै ग्रन्थ किन नहुनु" भन्ने सुविचारपूर्ण राय बक्सी मलाई नै लेख्न प्रेरणा गरिबक्सियो । त्यसपछि बराबर दृष्टि र सम्मति तथा प्रोत्साहनसमेत बक्सेकोले लेखक उहांको, नेपाली भाषामा छन्दोविषयक पुस्तकको आवश्यक देखाई सर्वप्रथम सम्मति तथा सहाय दिने गुरु श्री शेषराज शर्मा शास्त्री काव्यतीर्थको पनि सौजन्य तथा अनुग्रहलाई कहिल्यै पनि बिर्सन

सक्नेछैन । ईश्वर उहाँहरूलाई दीर्घायु गराई निरन्तर परोपकार तथा उन्नति-मार्गमै लगाई सफल गराउन्, यही आशा मनमा राखी अन्त्यमा मेरा निमित्त अनेकौं कष्टको सामना गरी मलाई हुर्काई शिक्षा तथा अर्ती उपदेशद्वारा सन्मार्ग वा मनुष्यताको केही अंशमा सप्रयास पुऱ्याइदिने पूजनीया मातापिताको चरण-कमलमा भक्तिको आँसु बहाई यो लेख समाप्त गर्दछु ।

ॐ तत्सत्

भाई ! तिम्रो खँदिलो रसमय सजिलो चालको लेख पाई
बेछन्दी ढंग छाडी सकल जन चलून् छन्दमा जंजमाई ।
गर्माएका हजारौं सुपथिक कविता मार्गमा हार खाई,
पारून् ठण्डा, जलेको मधुर मन, यही हारलाई लगाई ॥

—कविराज किरणप्रसाद शर्मा ढुङ्गाना,
जी. ए. एम. एस., भिषगरत्न ।

ॐ

छन्दोहार

•

यत्पादाम्वुजपानलुब्धमधुपा भक्ता विरक्ता भुवि
गायन्ति क्षणमाहसन्ति च प्रमाद्यन्तो रुदन्ति क्षणम् ॥
बाढं यत्कृपयाऽपयाति मनसा गाढं समूलन्तम—
स्तुभ्यन्नः पुरुषोत्तम ध्रुवकरालम्बप्रदायोन्नमः ॥

छन्दःशास्त्रामृतं सम्यग् येन विस्तारितं भुवि
शरणम्मे प्रमाणञ्च स एवात्रापि पिङ्गलः ॥
सन्नतोऽस्मि गुरु श्रीमद्देवीदत्तपदाम्बुजे
यत्कृपातो मया लब्धा साहित्य-रस-माधुरी ॥

•

ह्रस्व अक्षर अ. इ. उ. ऋ. यी चार र यिनै सँग मिलेका व्यञ्जनवर्ण अर्थात् क. कि. कु. कृ., प. पि पु. पृ, इत्यादिलाई लघु भन्दछन् ।

'।' यो लघुबोधक चिह्न हो ।

दीर्घ अक्षर आ. इ. ऊ. ॠ. ए. ऐ. ओ. औ. अं. अः यी दश र यिनै सँग मिलेर रहेका त्यस्तै व्यञ्जन वर्ण अर्थात् का. की कू कॄ. के. कै को. कौ. कं कः इत्यादि (दीर्घ अजन्त) र पछिल्लो हल्वर्ण (खुट्टा काटिएको अक्षर) तानेर उच्चारण हुने अक्षर जस्तै–बस्, भन्, पढ् इत्यादिमा ब. भ. प. यस्तालाई पनि गुरु भन्दछन् ।

'ऽ' यो गुरुबोधक चिह्न हो ।

कोही—यसलाई लघुबोधक र 'यसलाई गुरुबोधक मान्दछन् । जुन-सुकै हल्वर्णको पनि परतिर यकारसँग संयोग छ भने त्यो हल्वर्णको अघिल्लो ह्रस्व अक्षर (संयुक्ताद्य हुनाले) गुरु हुनुपर्दथ्यो तापनि प्रायः भाषाका निम्ति लघु हुन आउँछ जस्तै–भन्यो, गन्यो, बित्यो, चल्यो, हिंड्यो इत्यादिमा भ. ग. वि. च. हि. इत्यादि । धन्य कन्या (कुमारी) आदि संस्कृत-शब्दमा त गुरु नै उच्चारण हुन्छ । भाषामा कन्याउनु अर्थमा त कं लघु नै हुन्छ । यस्तै वकार र अकारसँग संयोग भएका अक्षरको अघिल्लो वर्णमा पनि संझनू ।

कृ मृ इत्यादि ऋकारसंयुक्त वर्णको अघिल्लो अक्षर गुरु हुँदैन, जस्तै–पितृ, दुहितृ आदिमा पि. दु. इत्यादि उदाहरण जस्तै—

—"नयन मृगको जस्तो प्रेमाश्रुले छ सुशोभित" इत्यादि ।

प्र. क्र. ह्ल. इत्यादि प्रादि वर्णका अगाडिको अक्षर गुरु लघु दुवै हुन सक्छ[1] । लघुका उदाहरण, जस्तै—

"जुन प्रेम–पुष्पपरागमा भमरो भयौं सब त्यो झर्‍यो" इत्यादि । गुरुको उदाहरण, जस्तै—

"धन्यै हो त्यो अऋणी अप्रवासी" इत्यादि ।

---

१. यदा तीव्रप्रयत्नेन संयोगादेरगौरवम्
न च्छन्दोभङ्गमप्याहुस्तदा दोषाय सूरयः । इति

छन्दको गणबाट नियत भए तापनि श्लोकमा पाउको अन्तिम (पछिल्लो) अक्षर प्रायः लघु गुरु जस्तो राखे पनि हुन्छ।

पद (पाउ) घटितलाई पद्य वा श्लोक भन्दछन्; यसमा जम्मा चार पाउ हुन्छन्❋ तिनमा पहिलो र तेस्रो पाउलाई विषम र दोस्रो र चौथो-लाई सम भन्दछन्।

त्यो (पद्य) पनि दुइ प्रकारको हुन्छ 'जाति' र 'वृत्त'।

जाति–जस्तै, मात्रिक, आर्या, गीति आदि।

वृत्त–जस्तै, वर्णिक, उक्ता, अत्युक्ता आदि÷।

वर्ण–वृत्तमा तीन अक्षरको एक गण हुन्छ जस्तै–SSS.SI ।।। इत्यादि।

मात्रा–वृत्तमा चार मात्राको एक गण हुन्छ; यसमा गुरुको दुइ मात्रा र लघुको एक मात्राको हिसाबले रहन्छ, जस्तै—SS. ।S।. ।।।. इत्यादि।

छन्दको लागि जम्मा आठ गण छन् "म, य, र, स, त, ज, भ, न," यिनको लक्षणमा यो क्रम छ कि—

भ (S।।) मा गुरु अगाडि छ, ज (।S।) मा बीच पछि स (।।S) मा

य (।SS) मा लघु अगाडि छ, र (S।S) मा बीच पछि त (SS।) मा

+ पादान्तस्थं विकल्पेन।

❋मात्रा वृत्तमा कुनै कुनै दुइ पाउका पद्य पनि हुन्छन्।

÷पद्यं चतुष्पदं तच्च वृत्तं जातिरिति द्विधा,

वृत्तमक्षरसङ्ख्यातं जातिर्मात्राकृता भवेत्।

अर्थात् चार पाउको पद्यमा वृत्त र जाति दुइ भेद छन्, तिनमा अक्षरको हिसाबले गण भएकोलाई वृत्त या वर्णवृत्त र मात्राको हिसाब-बाट भएकोलाई जाति या मात्रावृत्त भन्दछन्।

सब गुरु म (SSS) मा, त्यस्तै तीनै ओटा लघु न (|||) मा। गण र लक्षण जान्नलाई आर्को विधि जस्तै—

।S।।।SSS

'ज भा न स य मा ता रा ल गा यी दशवर्णमा

गण हुन् पहिला आठ, लघु गुरु पछाडिका।

।S।।।SSS।S

अर्थात् ज भा न स य मा ता रा ल गा यी दश अक्षरमा अघिल्लो वर्णदेखि लिएर तीन तीन अक्षरको लघु गुरु चिह्न लेख्तै क्रमैसँग एक एक अक्षर छोड्दै जाऊ, तीन तीन अक्षरमध्येमा पहिलो जुन अक्षर छ त्यो त्यही गण हुन्छ, जस्तै—। जSमा।न इत्यादि। यहाँ अघिल्लो अक्षर छ ज या जबाट न सम्म तीनै अक्षरमा भएको ह्रस्व दीर्घलाई लघु गुरु (प्रस्तार) चिह्न लेख। उदाहरण जस्तै—।जSभान (।S।) ल.गु. ल। यहाँ मध्य गुरु भएको गण तयार भयो। यो जगण भन्ने अगाडिको अक्षर 'ज' ले बुझायो। अब ज अक्षरलाई छोड र भादेखि ससम्म लेऊ, जस्तै—Sभानस (SS।।) गु. ल. ल., यो आदि गुरु भगण भयो। अब मालाई पनि छोड र नदेखि तीन अक्षर लेऊ, ।ना।सा।य (।।।) ल. ल. ल. सर्व लघु नगण भयो। अब फेरि नलाई पनि छोड ।सा।या।मा (।।S), अन्त्य गुरु सगण भयो। यही क्रमले रगणसम्म बनाऊ र आठ गण पुगेपछि बाँकी एउटा लघु (।ल) र गुरु (Sगा) एउटा रहन्छ।

म य र स त ज भ न यी गणहरूमा क्रमैसँग—

पृथ्वी, जल तथा अग्नि, वायु, आकाश, भास्कर,

चन्द्रमा, स्वर्ग यी आठ गणका हुन् अधीश्वर।

ऐश्वर्य, बृद्धि, मरण, विदेश, फल शून्यता
रोग, कीर्ति, तथा स्वर्ग, क्रमैले फल छन् यता ।

जस्तै—

गण—नाम	मगण	यगण	रगण	सगण	लगण	जगण	भगण	नगण
स्वरूप	SSS	ISS	SIS	IIS	SSI	ISI	SII	III
देवता	पृथ्वी	जल	अग्नि	वायु	आकाश	सूर्य	चन्द्र	स्वर्ग
फल	श्रीप्राप्ति	वृद्धि	विनाश	भ्रमण	धननाश	रोग	सुयश	आयु

वर्ण विचार

संस्कृत होस् या भाषा गद्य वा पद्य लेख र मुक्तक श्लोक[1] को आदिम जस्तो गणका शुभाशुभ फलको विचार राख्नुपर्छ त्यस्तै अक्षरको पनि विचार राख्नाले लेखक तथा पाठक-वर्गलाई पनि श्रेय छ, अर्थात् लेखको आदिमा खास गरेर ऋ—ङ—झ—ञ—ट—ठ—थ—ढ—ण—प—फ—ब—भ—म—र—ल—व—ष—ह—,—र संयुक्त

१. जुन पद्यको परस्परमा आर्को सङ्ग सम्बन्ध रहँदैन त्यस्तो पद्यलाई मुक्तक भन्दछन् ।

अक्षर पार्नु हुँदैन[1] देवताको नाम पर्ने[2] र माङ्गल्य शब्द छ भने ता गण र अक्षरको केही विचार नराखे पनि हुन्छ।

वर्णवृत्त—भेद

वर्णिक छन्द पनि तीन प्रकारको छ—सम अर्धसम।

'सम'—यसमा चारै पाउको लक्षण एकै हुन्छ।

'अर्धसम'—यसमा पहिलो र तेस्रो पाउ र दोस्रो र चौथो पाउको लक्षण एकै हुन्छ।

'विषम'—यसमा चारै पाउको लक्षण अलि अलि फरक भएको हुन्छ यिनमा समवृत्त एकदेखि छब्बीस अक्षरको पाउ भएको सम्म हुन्छ, यिनको नाम क्रमैसँग दिइन्छ। जस्तै–❀

१. वर्णविचारबाट प्रबल गोरखा दक्षिणबाहु कविवर श्री मे. क. बालकृष्णशमशेर जङ्गबहादुर राणाको अक्षर अकार राखिएको छ।

२. देवता वाचकाः शब्द ये च भद्रादिवाचकाः

ते सर्वे नैव निन्द्याः स्युर्लिपितो गणतोऽपि वा–(भामह) यही विचारले माघ कविको 'शिशुपालवध' र भारविको किरातार्जुनीयको आदिमा जगण परे तापनि श्रीशब्द भएकोले गणको विचार नराखेको बुझिन्छ। जस्तै—'श्रियः पतिः श्रीमति शासितुं जगत् (शि०)। श्रियः कुरूणामधिपस्यय० इत्यादि (कि०)

❀उक्ताऽत्युक्ता तथा मध्या प्रतिष्ठाऽन्या सुपूर्विका,
गायत्र्युष्णिगनुष्टुप्च वृहती पङ्तिरेव च
त्रिष्टुप् च जगती चैव तथाऽतिजगति मता,
शक्वरी साऽतिपूर्वा स्यादष्ट्यत्यष्टी ततः स्मृते,
धृतिश्चातिधृतिश्चैव कृतिः प्रकृतिराकृतिः,
विकृतिः सङ्कृतिश्चैव तथाऽतिकृतिरुत्कृतिः।

[वृत्तरत्नाकर]

१ उक्ता, २ अत्युक्ता, ३ मध्या, ४ प्रतिष्ठा, ५ सुप्रतिष्ठा, ६ गायत्री, ७ उष्णिक् ८ अनुष्टुप्, ९ वृहती, १० पङ्क्ति, ११ त्रिष्ठुप १२ जगती, १३ अतिजगती, १४ शक्वरी १५ अतिशक्वरी, १६ अष्टि, १७ अत्यष्टि १८ धृति, १९ अतिधृति, २० कृति, २१ प्रकृति, २२ आकृति, २३ विकृति, २४ सङ्कृति, २५ अतिकृति, २६ उत्कृति, जम्मा यिनै छब्बीस हुन् । यिनमा एक अक्षरको पाउ भएको 'उक्ता' दुइ अक्षरको पाउ भएको 'अत्युक्ता' तीन अक्षरको 'मध्या' यो क्रमले छ ।

छब्बीसभन्दा बढता अक्षरको पाउ भएकोलाई चण्डवृष्टि अर्णव इत्यादि दण्डकमा गिन्ती गरेका छन् ।

तीन पाउ, पाँच पाउ, छ पाउ इत्यादि लक्षण लक्षितलाई गाथा अर्थात् गीत भन्दछन् ।

यति

श्लोक पढ्दा ठाउँ ठाउँमा केही अलिकति अडेजस्तो गर्नुपर्छ । यही अडिने ठाउँलाई यति विश्राम वा विराम (अडान) भन्दछन् । जस्तै—

"अब जङ्गल जाऊँ हरिपद पाऊँ भोग विलास सबै सपना
सुख–कारण साथी धरम छ यौटा पुत्र कलत्र सबै सपना"
मुखले त म भन्छु प्रियतम ! भन्दै प्रेमभरी नयनाम्बु लिई
मुखचन्द्र प्रियाको जबत उदायो हेरिरहन्छु विमूढ भई ।

यहाँ सात, छ, दश अक्षरमा यति (अडान) छ । यदि यो छन्दमा सात छ दश अक्षरमा यति भएन, अड्याउने ठाउँको पद पूर्ण भएन अर्थात् आधी पद एकातिर आधी पद अर्कातिर भयो भने त्यसलाई यति-भङ्ग दोष भन्दछन्❀जस्तै—

'कहाँ परब्रह्म उही परात्पर'

यो छन्दमा विश्राम हुन्छ पाँचौं अक्षरमा, तर यहाँ पाँचौं अक्षर

❀ परन्तु अब यतिका नियम शिथिल हुँदै गएको छ ।

'ब्र' 'ब्रह्म' यो पदको आधी हुन आयो र यहाँ यति-भंग दोष पर्नगयो, त्यस्तै—

'कहाँ दया धर्म मनुष्य-भागको'

यहाँ पनि विश्राम हुने पाँचौं अक्षर 'ध' 'धर्म' यो पदको आधीमा पर्‍यो ।

'कहाँ गलामा तलवार छागको'

यहाँ यति-भङ्ग भएन, किनभने पाँचौं अक्षर 'मा' पूर्ण पदको पछिल्लो अक्षर हुन गयो, यसको आर्कोपट्टि सम्बन्ध नै रहेन । यस्तै अरू पनि बुझ्नू ।

लय

हरेक छन्दमा एक प्रकारको लय हुन्छ । यो लयको कुनै विशेष नियम छैन । लयको विभिन्नताले छन्दको पढाइको ढङ्गमा धेरै फरक पर्न जान्छ । यसको बचाउका निम्ति विशेष ह्रस्व दीर्घ उच्चारण र यतिमा ध्यान दिएर पढ्नुपर्छ । जस्तै—

''मन पर्‍यो जुन चीज पछी उही
जहर बन्छ कडा मुटुमा पुगी''

यहाँ यसको दीर्घ अक्षर 'ची' छी' यिनलाई ह्रस्व उच्चारण गर्‍यो र 'जु' 'मु' 'टु' यिनलाई दीर्घ उच्चारण गर्‍यो भने लय पनि छन्द पनि साथसाथै भंग हुन्छ, अतएव यति र उच्चारणमा खूब ध्यान दिएर लय मिलाउनुपर्छ । कति मानिसहरू केवल लयकै भरमा पनि कविता गर्दछन् । यो नियम मात्रिक वर्णित सबैका निम्ति हो ।

मात्रावृत्त-भेद


जस्तो वर्णवृत्त सम, अर्धसम, विषम, गरेर तीन भागमा विभक्त छ, त्यस्तै मात्रावृत्तमा पनि छ ।

सम—जुन छन्दमा चारै पाउ समान मात्राको छ, जस्तै—चौपाई आदि ।

अर्धसम—जसमा पहिलो र दोस्रो र चौथोका चरण समान छन्, जस्तै—दोहा आदि ।

विषम—जसमा चारै पाउ परस्परका असमान छन् । पहिले पहिले मात्राबृत्तमा विषम छन्द लेखिंदैनथ्यो, आजकाल हिन्दी भाषाहरूमा र त्यसको अनुकरणले हाम्रो नेपाली भाषामा पनि खडबड छन्द प्रशस्त लेख्न लागेका छन् ।

दण्डक—वर्णिक छन्दमा जस्तो छब्बीस अक्षरभन्दा बढ्ता अक्षरको पाउ भएकोलाई दण्डक भनिन्छ त्यस्तै मात्रिकमा ३२ मात्राभन्दा बढ्ता मात्राको पाउ भएकोलाई दण्डकमा गणना गरिन्छ । सजिलोका निम्ति तल शाखामा छन्दको भेद देखाएको छ, जस्तै—



——

जाति-प्रकरण

आर्या—छन्दको लक्षण–

यसमा पूर्वार्ध (पहिलो आधी) मा चार मात्राको गण सात र अन्त्यमा एक गुरु होस्; विषम अर्थात् पहिलो तेस्रो पाँचौं गण जगण नहोस्, छैटौंचाहिं कि जगण कि लघु लघुको चारमात्रिक गण भएको हुनुपर्छ। दोस्रो आधीमा पनि जम्बा सातै गण र एउटा गुरु हुन्छ; त्यसमा छैटौं गण केवल एक मात्राको हुन्छ।

आर्को छोटकरी लक्षण

यसमा पहिलो र तेस्रो पाउ बाह्र मात्राको र चौथो पन्ध्र मात्राको हुन्छ; यसलाई गाथा र पथ्या पनि भन्दछन्। उदाहरण, जस्तै—

अब हेर ती अघीका बूढी रूढी कुना भागे,
इच्छाऽनुसार सारा आफ्नो मस्तिष्कमा लागे।

आर्यामा गाथाभेदको छन्द

गुरु लघुको रखाइको हिसाबले यो पनि २७ प्रकारको छ, जस्तै—२७ गुरु ३ लघु ३० अक्षर भएको लक्ष्मीछन्द हुन्छ। २६ गुरु ५ लघु ३१ अक्षर भएको ऋद्धिछन्द हुन्छ। २५ गु ७ ल ३२ अ बुद्धि हुन्छ। २४ गु ९ ल ३३ अ लज्जा। २३ गु ११ ल ३४ अ विद्या। २२ गु १३ ल ३५ अ क्षमा। २१ गु १५ ल ३६ अ देही। २० गु १७ ल ३७ अ गौरी। १९ ल ३८ अ धात्री। १८ गु० २१ ल ३९ अ चूर्णा। १७ गु २३ ल ४० अ छाया। १६ गु २५ ल ४१ अ कान्ति। १५ गु० २७ ल ४२ अ महामाया। १४ गु २९ ल ४३ अकीर्ति। १३ गु ३१ ल ४४ अ सिद्धि। १२ गु ३३ ल

४५ अ मालिनी। ११ गु० ३५ ल ४६ अ रामा। १० गु० ३७ ल ४७ अ गाहिनी। ९ गु ३९ ल ४८ अ विश्वा। ८ गु ४१ ल ४९ अ वासिता। ७ गु ४३ ल ५० अ शोभा। ६ गु ४५ ल ५१ अ हरिणी। ५ गु ४७ ल ५२ अ चक्री। ४ गु० ४९ ल ५३ अ सारसी। ३ गु ५१ ल ५४ अ कुररी। २ गु ५३ ल ५५ अ सिंही। १ गु ५५ ल ५६ अक्षर हंसी इति।

आर्या व गाथा पढ्ने काइदा

पहिलो पाउ हाँसले पाइला सारे जस्तो गरेर बिस्तार बिस्तार।
दोस्रो सिंहका पराक्रमझैं चाँडो र फूर्तिसँग।
तेस्रो हात्तीको हिंडाइ जस्तो झट्कारेर।
चौथो सर्पको हिंडाइ जस्तो सल्ल पारेर।

लघुअक्षरको सङ्ख्याले यसको जातिभेद—

३ अक्षरदेखि १३ अक्षरसम्म लघु भएको विप्रा।
१३ ,, देखि २१ ,; सम्म ,, ,, "क्षत्रिया"।
२१ ,, ,, २७ ,, ,, ;; ,, वैश्या।
२७ भन्दा बढता लघु भएको अरू "शूद्रा"।

गीति छन्द

आर्याको पूर्वार्ध जस्तो उत्तरार्धं। (दोस्रो आधी) पनि भयो भने त्यो गीति छन्द हुन्छ; यसलाई उद्गाथा पनि भन्दछन्। उदाहरण जस्तै—

मुरलीधर ! नबजाऊ मुरली आई नजीकमा मेरो;
ब्रस्यों बररर आँसू हृदय भयो हा ! छिया छिया मेरो।

उपगीति छन्द

आर्याको उत्तरार्धं जस्तो पूर्वार्ध पनि भयो भने त्यो छन्द उपगीति-हुन्छ यसलाई गाथा पनि भन्दछन्। उदा० जस्तै—

फुल्ला अवश्य भोली फुल्ला पर्सी त भन्दैमा
आशा-लता किराले काटथो हो ! कुट्ट मुण्टैमा ।

उद्‌गीति

आर्याको पूर्वार्ध जस्तो पूर्वार्ध भयो भने त्यसलाई उद्‌गीति वा विगाथा पनि भन्दछन् ! उदा० जस्तै—

आशा नराख तनको धनको जनको कसै माथी,
यो लोकको सुयश हो सद्धर्मै हो परत्रको साथी ।

गाहिनी

आर्याको चौथो पाउमा पाँच मात्रा थपिदेऊ गाहिनी छन्द हुन्छ । उदाहरण, जस्तै—

छोड न गोडा सुन्दरि ! देऊ मलाई खुशी भई खुकुरी,
वैरी छिनी हजारौं पार्नेछु म गोर्खालि वीरकी प्यारी ।

सिंहिनी

गाहिनीको पूर्वार्ध भयो भने त्यो सिंहिनी छन्द हुन्छ । उदा० जस्तै—

कोमल पल्लव तिम्रो छाया घनतम पुष्प उच्चता (१) मान
के काम ! पाउँदैनन् भोका बटुवा अशोक फल खान ।

स्कन्धक

यो छन्दको दुवै आधीमा चार मात्रिक आठ गण हुन्छ । उदा० जस्तै—

कोकिल हो ? ठीक गर्‍यौ मौन व्रत पालना गरेर वर्षामा,
दर्दुर (२) जस्ता नीच त भाषण गर्छन् गमक्क गम्केर जहाँ ।

(१) बड़प्पन । (२) भ्यागुतो ।

६४ मात्राले पूर्ण हुने यो (स्कन्धक) छन्दमा तीस गुरु चार लघु भएको 'नन्द २९ गु ६ ल भएको "भद्र" यसरी १ को दरले गुरु घटाउँदै दुइको दरले लघु बढाउँदै जाँदा जम्बा २८ भेदसम्म हुन्छ। भेद नाम जस्तै—

नन्द १, भद्र २, शेष ३, सारङ्ग ४, शिव ५, ब्रह्म ६, वारण ७, वरण ८, पील ९, मदन १०, तालाङ्क ११, शेखर १२, शर १३, गगन १४, शरभ १५, विमति १६, क्षीर १७, नगर १८, नर १९, स्निग्ध २०, स्नेह २१, मदकल २२, भूपाल २३, शुद्ध २४, सरित् २५, कुम्भ २६, कलश २७, शशी २८, इति ।

आर्या भेदमा—

विपुला

आर्याको दुवै आधीमा अगाड़िका तीन गण नाघेर परतिर गएर विश्राम हुनेलाई विपुला छन्द भन्दछन् ।

ज्वाला छ शिरमाथि दीपको श्रीखण्डको वृक्षमा नाग,
छाया भवमा छ दोषको, शशिमा पनि हेर, छ दाग ।

चपला

आर्या छन्दको दुवै आधीमा दोस्रो र चौथो गण जगण (ISI) तेस्रो दुइ गुरुको मगण (SS), पहिलोचाहिं SS, वा IIS, पाँचौं SS वा SII, छैटौं ISI वा IIII, पूर्वार्धको सातौं गण–स्थानमा चाहिं चार गण अर्थात् SS, IIS, SII, IIII, मध्ये जुन होस् एउटा राखेर सम्म यो छन्द बनाउन सकिन्छ। उदाहरण, जस्तै—

बिचरो अनाथ भोको, लिएर आशा क्षुधा शमनमा,
फिरने गरीबभन्दा गरीब ता अझ धनाढ्य कृपणी ।

मुख–चपला

यसमा पहिलो आधी चपलाको र पछिल्लो सामान्य आर्याको हुन्छ । उदाहरण, जस्तै—

दिन्छौ पराइलाई भरिन्छ रस, जत्ति, भृङ्ग ! चाकामा,
यो त्याग होस् त सच्चा के चल्थ्यो नाम ? छुच्चोमा ।

जघन-चपला

यससा पहिलो आधी सामान्य आर्याको र दोस्रो चपलाको हुन्छ । उदाहरण, जस्तै—

भित्रै पसेर खेलिन् तलाउमा गै, चलेछ माछो ता,
आमै !! नि लौन भन्दै पछि लजाइन् जघन-चपला ।

आर्यागीति

आर्याको पूर्वार्धमा एक गुरु थप र उत्तरार्ध पनि त्यस्तै बनाऊ आर्यागीति छन्द हुन्छ, दुवै चरणको अन्तिम गण मगण (ऽऽ) होओस् । उदाहरण, जस्तै—

अपशोचको डढेलो लागी लागी जलिरहेकोलाई,
वर्षाउ फोहरा त्यो सप्तस्वरमा सुनाउ आर्या (!) गीती❀

उपर्युक्त आर्या, गीति उद्गीति, उपगीति, विपुला, चपला इत्यादि छन्दहरूको परस्परमा पाउको अदली-बदली सट्टापट्टाले धेरै भेद हुन सक्तछन् ।

द्विपथा वा दोहा छन्द

यसमा पहिलो र तेस्रो पाउ तेह्र मात्राको र दोस्रो र चौथो एघार मात्राको हुन्छ { १–१३ । २ १० / ३–२३ । ४ ११ } । पछाडि लघु अक्षर हुनुपर्छ जस्तै—

❀ यहाँ 'ती' ह्रस्व हुनुपर्दथ्यो तापनि छन्दोभङ्ग हुने हुनाले "तातं ततमिति ब्रूयाद्दूतीं दूतिमितीरयेत्, अपि माषं मषं कुर्याच्छन्दोभङ्गं त्यजेन्दिराम्" यो वाक्यलाई लिएर दीर्घ गरेको हो ।

राम ! राम ! रघुवीर ! ! प्रभु ! दाशरथी ! मतिमान !
मनमन्दिरमा भक्तको गर डेरा भगवान ! ×

दोहाको भेद

४८ मात्राको यो छन्दमा एक गुरु घटाउँदै दुई लघु बढाउँदै गरेर यो जम्बा तेईस प्रकारको हुन्छ। जस्तै—२२ गु. ४ ल. भ्रमर। २१ गु. ६ ल. भ्रमर। इत्यादि। यसै गरी शरभ! श्येन। मण्डूक। मर्कट। करभ। नर। मराल। मदकल। पयोधर। चल। वानर। त्रिकल। कच्छप। मत्स्य। शार्दूल। अहिवर। व्याघ्र। विडाल। शुनक। उन्दुरु। सर्प यी भेद पनि उपर्युक्त क्रियाले देखाउनू।

लघु अक्षरको संख्याले दोहाको जातिभेद—

४ लघुदेखि १२ लघुसम्म भएको ब्राह्मण हुन्छ।
१२ ,, देखि २२ ,, सम्म भएको क्षत्री ,,।
२३ ,,....,,....३२,....,,....,, वैश्य ,,।
३२ ,,....,,....४८,,....,,....,, शूद्र ,,।

ख्याल—यो दोहा छन्दमा पहिलो र तेस्रो पाउमा जगण पार्नु हुँदैन।

सोरठा छन्द

यसमा दोहाको उल्टो, अर्थात् विषम पाउ ११ मात्राको र समपाउ १३ मात्राको हुन्छ। उदा० जस्तै—

हेलाँ नगर बनेर बाबु भोला सज्जनमा;
ढाँचामा गुण छैन, बाबु ! विचार गर मनमा।

× यहाँ पनि यै उपर्युक्त मतलबले नको खुट्टो नकाटेको। जस्तो अन्त पनि परेको छ।

चुलिआला छन्द

दोहाको दुवै आधीको अन्त्यमा एक लघु एक गुरु र दुइ लघुले पाँच मात्रा बढाऊ; चुलिआला छन्द । उदा० जस्तै—

मत्ताका गरमागरम ताजा रगत विना त मरे पनि,
खाँदैन घाँस केसरी भोको पेट बले पनि दन्दनि ।

द्विपदी छन्द

यो दुइ पाउको छन्द हो, अगाडि छ मात्रिक एउटा र त्यसपछि चार मात्रिक पाँच गण अन्त्यका एक गुरुले २८ मात्रा भएको पाउ बनाऊ छन्द तयार हुन्छ । उदा०, जस्तै—

कन्या भने नौवर्षकी केटो छ सत्तरि वर्षको,
लोभले धनको दिए बाबुले, विधवा हुनु कर्म हो ?

शिखा

यसको पहिलो पाउमा लघु लघुको चार मात्रिक छ गण र अन्त्यमा एउटा जगण । दोस्रोमा त्यस्तै सात गण र अन्त्यमा जगण हुन्छ । जस्तै—

*शशिवदनि ! गजगर्मानि ! पख पख हतपत नगर अरु छ घाम,
+गरम छ र नभचर-दिनकर-किरण हृदयचर खर मदन शरसमान ।

घत्ता

यो पनि दुइ पाउको छन्द हो । पाउमा ३१ मात्रा, अर्थात् चार मात्रिक सात गण र त्यसपछि तीन अक्षर लघु राख्नुपर्छ । १०, ८, १३ मात्रामा विश्राम हुन्छ । उदा०, जस्तै—

*नायकको उक्ति । +नायिकाको प्रत्युक्ति ।

रणदक्ष दक्ष-अरि रक्षित–सुरवर अन्धक दानवा नाशकर ।
रक्षा गर शंकर ! असुर–भयङ्कर ! जय जय भक्तधार ! हर !!

घत्तानन्द

यै घत्ता छन्दमा ११, ७, १३, मा विश्राम भयो भने त्यो मनोहर तथा घत्तानन्द-नामक छन्द हुन्छ । जस्तै—

जसको गजब छ ढङ्ग दलितअनङ्ग सङ्ग छ भूत पिशाच गण ।
गर्छ सुजनमन-हरण पर्छौं शरण, जय जय जय शङ्कर-चरण ॥

झुल्लाना छन्द

यो पनि दुइ पाउको छन्द हो, यसको पाउमा जम्बा ३७ मात्रा हुन्छ १०, १०, १७ मात्रामा विश्राम । उदा०, जस्तै—

आकाशमा फुल बरु फुल्ला कोशिशले, तेल, आउला बरु बालुवामा ।
दिनकर उदाउलान् पश्चिम दिशाबाड छाडिने छैनौ तिमी स्वार्थले ॥

माला छन्द

यसको पहिलो पाउमा लघुको चारमात्रिक ९ गण अनि रगण र अन्त्यमा दुइ गुरु रहन्छ । अर्को पाउ गाथा (आर्या) को दोस्रो आधी रहन्छ । उदा० जस्तै—

सुन सखि ! मसँग त नभनन पतिसित निशि—कृत
सुखकर दिल-रस शत विनति छ अब छाड्यौ सारा
दिल-दारलाई साह्रै यो पोल्दछ कामको ज्वाला

खंजा

यसमा लघु लघुको चारमात्रिक ९ गण अर्थात् नगण ।।। । ९ ओटा र अन्त्यमा एउटा रगण हुन्छ । उदा० जस्तै—

विमल कमल दल मृदुल सुतनु सखि ! नभनन
प्रियसँग दिनकृत सुख रस खुरु खुरु भन्दछ्यौ ॥
मृदु अति विरहित मम मन किन किन अतिशय
भतभत जलिकन तरर नयन जल बर्सियो ।

मधुभार छन्द

यसको पाउमा अगाडि चारमात्रिक गण एउटा र त्यसपछि जगण रहन्छ । उदा० जस्तै—

घनश्याम राम ।
म कमाउँ नाम ;
आखीरमा म
पाउँ तव धाम ।

दीपक

यसमा चार मात्रिका गण एक र त्यसपछि लघु एउटा यस्तो २ ठाउँमा राख, १० मात्राको पाउ हुन्छ, चार पाउले छन्द तयार हुन्छ । उदा० जस्तै—

न्यायै छ करवाल,
सौजन्य नै ढाल,
वाः धन्य ! नेपाल;
सद्धर्मको खाल ।

आभीर

यसको पाउमा ११ मात्रा रहन्छ अन्तिम गण जगण होस् । उदा० जस्तै—

तर्क्यो आँसु तरक्क.
बन्द भयो गति टक्क ।

साइत यो न बिगार
कान्छु ! नबन अधीर ॥

रसिका

यसमा लघु लघु अक्षरले ११ मात्राको पाउ हुनुपर्छ। यस्तो ६ पाउ मिलेर पूर्ण छन्द हुन्छ। उदा० जस्तै—

भुनुनुनु भुनुनुनु भ्रमर
पिउँदछ मधुरस सररर
पलपल ढलमल कमल
चलमल चलमल गरछ
विरहित मम मन तरल
किन सखि ! झन झन हरछ

हाकलि

यो १३ मात्राको पाउ भएको छन्द हो। यसको पाउमा नगण वा भगण बाहेक अरू राख्नु हुँदैन। तीन गणपछि एक गुरु रहन्छ त्यसमा पहिलो दोस्रो पाउमा ११ अक्षर र तेस्रो र चौथोमा १० अक्षर हुनुपर्छ। उदा० जस्तै—

शैत्य छ तीव्र अती हिममा
नित दाहकता छ अनलमा
निर्दयता छ दुराशयमा,
प्रकृति प्रबल छ भूतलमा।

चउबोला

यसमा पहिलो र तेस्रो अर्थात् विषम पाउ १६ मात्राको र सम पाउ १४ मात्राको हुन्छ। उदा० जस्तै—

यौवन यो छ प्रचण्ड प्रकम्पन
फुक्तछ जसले मदनानल ;
शान्ति विवेक गराउ पयोधर,
निभोस जसले दीप्त अनल ।

पादाकुलक

यसमा १६ मात्राको पाउ हुन्छ । लघु गुरुको नियम छैन, छ्यासमिसे भएर रहन्छ तर लय मिलेको हुनुपर्छ । उदा० जस्तै—

भागे पहिल्यै सब चोर पसी
ढोका किन लाउनु* व्यर्थ पछी ।

चौपाई

अहो ! सँगीको हेर तमासा
हात झरेपछि औंठीकासा ॥३॥

यसको पाउमा १६ मात्रा हुन्छ । अन्त्यको दुइ अक्षर गुरु नै हुनुपर्छ उदा० जस्तै—

कहिले आफू शान्त सुगन्धी
फूल फुलेको सुन्दर खासा
हूँला, दिउँला सुख अरुलाई
भन्ने मेरो जीवन आशा ॥१॥
हो हुन ता तर उड्दछ चाँडै
सबको छोटो जीवन फोटो ;
आँसु खसाली रुन्छु म खाली
आशाऽनलको ताप पखाली ॥२॥

---

*यहाँ व्यको उच्चारण हल्का हुनाले "यदा तीव्रप्रयत्नेन संयोगादेरगौरवम् । नच्छन्दो भङ्गमप्याहुस्तदा दोषाय सूरयः" यो वाक्यको भनाइबाट 'नु' गुरु हुँदैन ।

पज्झटिका

यो १६ मात्राको पाउ भएको छन्द हो। यसलाई चारमात्रिक गण ४ ठाउँमा राखेर बनाऊ, पछिल्लो गण जगण हुनुपर्छ। उदाहरण, जस्तै—

सद्धर्मदेखि डराउँछ पाप,
धीरज (१) को वशमा छ अनुताप (२)
मत्तालाई छ अंकुश प्रहार,
दुश्मनलाई छ ढाल कटार ॥
जलले निभाउँछ कृशानु (२) लाइ
छाया सुशीतल छ भानु (४) लाइ
लठ्ठीले छ गधाको दवाइ,
छैन कुनै औषधि मूर्खलाइ।

अडिल्ला

यसमा १६ मात्राको पाउ हुन्छ, चार चारमात्रिक गणमा जगण नपरोस्। पाउमा पछिल्लो दुइ अक्षर लघु नै हुनुपर्छ, श्रुति सुन्दर होस्। उदा० जस्तै—

कोकिल घुम्दछ बाग र जङ्गल
(५) सुरभि–समयमा गाउँछ मङ्गल,
काग कुनै दिन गाउँछ के गुण ?,
खास गुणी नै चिन्दछ सद्‌गुण।

---

(१) धैर्य। (२) पछुताऊ। (३) आगो। (४) सूर्य। (५०) वसन्त—ऋतु।

सिंहावलोक

यो छन्दको १३ मात्रिक पाउमा लघुलघुको चारमात्रिक वा विशेष गरेर सगण रहनुपर्दछ अझ त्यसमा पनि अन्तिमचाहिं सगण नै हुनुपर्दछ। पाउको अन्त्यमा जुन दुइ अक्षर रहन्छ त्यस्तै (त्यै) दुइ अक्षर आर्को पाउको अगाडि पार्नू। जस्तो सिंह जतातिर जति विस्तार विस्तार पाइला सार्दछ साथसाथै त्यतातिर उत्ति हेर्दछ, त्यस्तै किसिमको यो छन्द पनि हुनाले यसलाई 'सिंहावलोक' छन्द भनेको हो। उदा० जस्तै—

मत भन्दिन सुन्दरि! आउ भनी,
भन शशीवदनी! कुन हो रजनी?;
जनि गर अथवा शरपञ्च-दशा*
दशमा अब अन्तिम शेष रह्यो।

प्लवङ्गम

यसमा २१ मात्राको पाउ हुन्छ; पाउमा पहिले अगाडि गुरु भएको ६ मात्रिक गण एउटा, त्यसपछि ५ मात्रिक, अनि ४ मात्रिक दुइटा र छेउमा एक गुरु रहन्छ, त्यो गुरुभन्दा अघिल्लो एक अक्षर लघु होओस्। जस्तै—

जो धन-मत्त छ मद्दत छैन गरीबमा
तत्पर छैन कुनै दिन जो पर-कार्यमा
विद्वान् छ परन्तु छैन आस्तिकता भने,
यो उजूर कसलाई गएर सुनाउने?।

---

*कामजन्य दश अवस्था, जस्तै—शरीरको बेचैनी, ताप, मुखमा पाण्डुता, दुब्लाउने, रुचि, अधैर्य, अनालम्ब, पागलपन, मूर्छा, मरण।

हीरछन्द

यो २३ मात्राको पाउ भएको छन्द हो, यसमा पहिले एक गुरु र लघुरूप चार मात्रा, यस्तो जम्बा तीन ठाउँमा राख र अनि पछाडि एउटा रगण थप; छन्द तयार हुन्छ। उदा०, जस्तै—

कुन्दन-रदन, मीन-नयन चन्द्र-वदन चम्किने
चाल चपल देह झलल, ताल तवल, घन्किने
छुं छुनुनुनु छुं छुनुनुनु बज्छ मधुर किङ्किणी
धन्य नटन धन्य रटन, धन्य ! भुवन-मोहिनी !।

शक्रछन्द

यसमा लघुलघुको २४ अक्षर (मात्रा) को पाउ हुन्। उदा०, जस्तै—

करगत–फणिपतिवलय शिरधृत–विमलतम शशधर,
धप धप गरदछ नयन अनलयुत छिन छिन भर भर
सुर–असुर–मनुज–शरण ! त्रिभुवनतरण–कमल–चरण।
निजगल–निगलितगरल ! जय शिव ! मम हर तरल !

यो शक्र छन्दमा जम्बा श्लोकमा ९६ मात्रा हुन्छ, यसमा गुरु अक्षर राख्यों भने एक गुरु राख्ता दुइ लघु घट्तछ। यसरी गुरु बढ्दै लघु घट्तै जाँदा एकदेखि लिएर जति जति गुरु बढ्दै जान्छ उति उति भिन्नभिन्न नामको छन्द हुन्छ र यसरी भेद ४४ सम्म पुग्दछ। जस्तै—शून्य गुरु ९६ लघु शक्र। १ गु. ९४ ल. शम्भु ।। २ गु, ९२ ल. सूर्य। ३ गु. ९० ल. गण्ड। ४ गु. ८८ ल. स्कन्ध। ५ गु. ८६ ल. विजय। १६ गु. ८४ ल. दर्प। ७ गु. ८२ ल. तालाङ्क। ८ गु. ८० ल. समर। ९ गु. ७८ ल. सिंह। १० गु. ७६ ल. दोष। ११ गु. ७४ ल. उतेजा। १२ गु. ७२ ल. प्रतिपक्ष। १३ गु. ७० ल. परिधर्म। ४ गु. ८६ ल.

मराल ! १५ गु. ६६ ल. मृगेन्द्र । १६ गु. ६४. दण्ड दण्ड । १७ गु. ६२ ल. मर्कट । १८ गु. ६० ल. मदन । १९ गु. ५८ ल. महाराष्ट्र । २० गु. ५६ ल. वसन्त । २१ गु. ५४ ल. कण्ठ । २२ गु, ५२ ल. मयूर । २३ गु. ५० ल. बन्ध । २४ गु. ४८ ल. भ्रमर । २५ गु. ४६ ल. आर्को महाराष्ट्र । २६ गु. ४४ ल. वसभद्र । २७ गु. ४२ ल. राजा । । २८ गु. ४० ल. वलित । २९ गु. ३८ ल. राम । ३० गु. ३६ ल. मन्थान । ३१ गु. ३४ ल. वली । ३२ गु. ३२ ल. मोह । ३३ गु. ३० ल. सहस्राक्ष । ३४ गु. २८ ल. वाल । ३५ गु. २६ ल. दृप्त । ३६ गु. २४ ल. शरभ । ३७ गु. २२ ल. दम्भ । ३८ गु. २० ल. दिवस । ३९ गु. १८ ल. उद्दम्ब । ४० गु. १६ ल. वलिताङ्क । ४१ गु. १४ ल. तुरङ्गा । ४२ गु. १२ ल. हरिण । ४३ गु. १० ल. अन्घ । ४४ गु. ८ ल. भृङ्ग । इति ।

रोला छन्द

यसमा पाउमा २४ मात्रा हुनुपर्छ । ११ मात्रामा विश्राम । उदा०, जस्तै—

रात छ यो तिमिरतम बादल घन छ जल झर्झर,
पर्रे सब निद्रामा, थकित काम गरी दिनभर,
१ बाला छु आफू कठै ?; (२) प्रकाम भयले कम्पित छु,
पान्थ ! होउन जागा, (३) तस्करको भय शङ्कित छु ।

गगनाङ्गन छन्द

यसको पाउमा मात्रा पच्चीस अक्षर बीस हुनुपर्छ, पाउको अगाडि चारमात्रिक गण र पाउमा पछिल्लो गण रगण परोस् । बाह्रौं मात्रामा विश्राम हुनुपर्छ । उदा० जस्तै—

---

(१) केटाकेटी, १६ वर्षकी जवानी । (२) अत्यन्त र प्रकृष्ट कामदेव । (३) चोरको व्याधा ।

तृण जल फलफुलसँगमै बित्दछ जसको जिन्दगी;
मृग जलचर मुनिजनमा, लुब्धक (४) धीवर (५) पातको (६)
विनु कसुर पनि एकदम गर्दछन् त यदि वैरता,
"विनु कारणको रिपुसँग हुनु कसरी भन एकता ?"

हरिगीता

यसमा २८ मात्राको पाउ हन्छ, अन्तिम अक्षर गुरु र त्योभन्दा अगाडिको १ अक्षरचाहिं लघु होओस् । उदा०, जस्तै—

करकापले बट्टुवा भयौं, दुइ रात सत्तलमा बस्यौं
सुख दुःखको सब याद भो जुन प्रेम पुष्प-परागमा
भमरो भयौं, सब त्यो झऱ्यो परतन्त्ररूप बतासले
अब सुन्दरी ! म बिदा भएँ नभिजाइदेउन आँसुले ।

मरठ्ठा छन्द

यसमा २९ मात्राको पाउ हुन्छ, १०, ८, ११ मात्रामा विश्राम । उदा० जस्तै—

शिरमा छन् गङ्गा देह छ नङ्गा माला नै सब नाग,
हालाहल कालो हेर गलामा, पिउने अतिशय भाँग,
विश्वम्भर ईश्वर ! शशधर-शेखर ! मङ्गलमय जगदीश
गिरिजातनुसङ्गी जय अर्धाङ्गी ! जय जय शङ्कर ईश !

चतुष्पदी या चौपाई

यसमा चारमात्रिक सात गण र अन्त्यमा एक गुरु भएर ३० मात्राको पाउ हुन्छ, यस्तो ४ पाउ अर्थात् १२० मात्राको एकै पाउ भएको पूर्ण छन्द हुन्छ, यसैसा १०, ८, १२ मात्रामा यति भएको श्रुतिसुन्दर हुन्छ । उदा०, जस्तै—

(४) माझी (५) । पापी दुष्ट (६)

(१) म यहाँ छु तयारी आउ पियारी लाउन नयन कटारी ।
(२) छिचरो किन होला छीः मत डोला किन सम्बोधन "प्यारी" ।
(३) झल्कन्छ सितारा दिलको तारा ! संझन सुनको झारी ।
यति कोमल गाला, म छु अति (४) बाला किन यो नजर कटारी ।

पद्मावती छन्द

यसमा चारमात्रिक आठ गणले ३२ मात्रा पाउमा हुनुपर्दछ । जगण पऱ्यो भने छन्द बिग्रन्छ । उदा०, जस्तै—

खल्वाट थियो रौं सब खुइलेको सूर्य किरणले रत्न भयो
अनि शीतल छाया खोजी गर्दै बेल रूखमनि उ बस्न गयो
रुखदेखि झरेको ट्वाक्क यौटा बेल अकस्मात् खप्परमै
लाग्यो किन छुट्थ्यो कालो रेखा पर्छ अभागी चक्करमै ।

त्रिभंगी

यसको पाउमा मात्रा सङ्ख्या ३२। १०,८,८,६ मात्रामा यति, जगण पर्नु हुँदैन, पछिल्लो अक्षर गुरु चाहिन्छ । उदा०, जस्तै—

काम छ भिखमङ्गा देह छ नङ्गा सिरमा गङ्गा शङ्करको
डिमि डिमि डमरूको नाद चलेको भव-भय हर विश्वम्भरको
अहिपति लामो हुन्छ गलामा लट्किरहेको ईश्वरको
सब अङ्ग चिताको भस्म विभूषित गजब छ चाल महेश्वरको ।

---

(१) नव विवाहित वरवधूको उक्ति प्रत्युक्तिमा पहिले वर—
(२) मेरो बिहे नै भएको छैन भन्ने वधूको भाव-गर्भित प्रत्युक्ति ।
(३) तिम्रो बिहेको सितारा जडेको पोशाक (घुम्टो) झल्किने छ फेरि सुनको झारी पनि संझन कन्यादान गर्दा तिम्रो कोमल पाउ धोएको हो कि होइन भन्ने वरको गहिरो उक्ति । (४) मेरा गाला कोमल छन् म बाला (बालिका र १६ वर्षकी जवानी) छु भन्ने भित्री आशयपूर्ण लज्जतदार वधूको प्रत्युक्ति ।

दण्डकला

यसमा चारमात्रिक गण ४ अनि ६ मात्रिक गण १, त्यसपछि फेरि चारमात्रिकगण २ र आलयमा एक गुरु मिलेर ३२ मात्राको पाउ हुनुपर्छ। जस्तै—

तृष्णा कुनदीको फननन गहिरो भुमरीको किन चक्करमा
हामी यसरी यो जीवन अर्पण गर्छौं पर्छौं ठक्करमा ?
हामीसङ सानो एक छ घल्चा लिन जाऔं किन सागरमै ?
ओंपीतिर जाऔं नजिकै मिल्दछ एक घडा जल छिनभरमै ।

लीलावती

यसमा पाउमा ३२ मात्रा हुन्छ, लघु गुरु गण अक्षरको नियम छैन। जस्तो खेल्दै खेल्दै हिड्दा हिंडाइको चाल हुँदैन त्यस्तै यो पनि हुनाले यसको नाम लीलावती रहेको हो। उदा०. जस्तै—

पञ्छीहरूले बिनुपात छहारी फल फुल विनुको तरुलाई,
सारसहरूले शुष्क तलाऊ मधुकरहरू नीरस फुललाई,
पशुहरू नाङ्गो जङ्गललाई छोड्छन् सबले निर्धनलाई,
मतलबमा दुनियाँ छ चलेको वास्तव प्यारो को ? कसलाई ।

दुर्मिला छन्द

यसमा ३२ मात्राको पाउ र २०, ८, १४ मात्रामा विश्राम हुन्छ। विश्राम गर्ने अक्षर र त्योभन्दा अगाडिको अक्षर गुरु हुनुपर्दछ। उदाहरण जस्तै—

गर्मी दिनको त्यो धूप डढेलो वर्षाको त्यो जलधारा,
हिम ऋतुको ठण्डी सहने हर्दम् शरणागत बिचरा मेरा

सब पात झरे ती अहिले आयो फलको वेला किन आयो
भन्दै मनमा यै सम्झी झरुवा फुललेॐमहुवा रुन लाग्यो ।

जनहरण

यसमा पाउ ३२ मात्राको, पछाडि सगण परोस् अरू ७ गण लघु लघुको हुनुपर्छ, एक दुइओटा गुरु परिहालेछ भने पनि त्यतिको दोष छैन । १० ८, ८६ मात्रामा विश्राम । उदा० जस्तै—

छिनछिन नभबिच घन घरररर क्षितितल पनि थररर थररर गरने
झर झर हरि हरि ! कति पर्दछ घरि घरि जल पनि हररर मन हरने
झिलिलिलि झिलिलि बिजुलि चिल्दछ चिलिलिलि मुटु पनि मम जति
जति यसरी,
उति विकचकमल मुख प्रियतम परपर भन सखि ! विरह म खपुँ कसरी ।

मदनघर

यसमा पाउको आदिमा २ मात्रा र अन्त्यमा एक गुरु राख, यो दुइका बीचमा अरू ९ गण राखेर जम्बा १० गणले ४० मात्रिक पाउ भएको छन्द बनाऊ । यसमा जगण नपरोस् । १०, ८, १४, ८ मात्रामा विश्राम । उदा२ जस्तै

भवको सुख यो हो सपना ? साथी ! यो हो भव नै अथवा सपनाको छाया
अथवा भव हो यो विपना साँचो ! यद्वा सपना त उही केवल हो माया
सँगि ! यो सपनामै सपना भन्ने थाहा मनभित्र हुँदो हो त सबै हामी
सपनामय मिथ्या पिंजरा छोडी खोज्थ्यौं सब सत्य स्वरूपे लिन आरामी

रड्डा छन्द

यो पाँच पाउको छन्द हो । यसमा विषम पाउमा अगाडि ३ मात्रा र त्यसपछि चारमात्रिक गण राखेर १५ मात्रा लघुको होस् । सम

ॐमहुवाको बोट

पाउ दोस्रोमा ४ मात्राको क्रमले १२ मात्रा र चौथोमा त्यस्तै ११ मात्रा पुगोस् अन्त्यमा लघु रहन्छ। यसलाई पिङ्गल 'वस्तुछन्द' भन्दछन्। यसमा एउटा दोहा पनि थपेर राजसेनले 'रड्डा' नाउँ राखेका छन्। उदा० जस्तै—

भुलाई मधुर तानमा, अनि,
बिचमा घुसिकन मन्द,
मन्द मन्द गतिले अली अलि,
अली पिउँदछ मकरन्द;
वा: दुनियाँ मतलबीको घर,
स्वार्थमा छ सब लोक यो छैन कहीं उपकार,
कान समाती बीनको लिन्छ मधुर झन्कार।

यो छन्द जम्बा ७ प्रकारको छ—करभी १, नन्दा २, मोहिनी, ३, चारुसेना ४, भद्रा ५, राजसेना ६, तालङ्किनी। यिनमा:—

करभी—यसको पहिला तेस्रो पाँचौं पाउमा १४ मात्रा दोस्रो र चौथोमा ११ मात्रा, अनि त्यसपछि दोहा रहन्छ।

मोहिनी—यसमा विषम पाउमा १९ मात्रा, अरूमा ११ मात्रा, पछाडि दोहा रहन्छ।

नन्दा—यसको विषम पाउमा १४ मात्रा अरू मोहिनीको जस्तो।

चारुसेना—यसको विषम पाउमा १५ मात्रा अरू ए ऐ।

भद्रा—यसको विषम पाउमा १५ मात्रा सममा १२ मात्रा रहन्छ। अरू ऐ ऐ।

राजसेना—यो उदाहरणसहित माथि लेखियो।

तालङ्किनी—यसको विषम पाउमा १६ मात्रा, दोस्रोमा १२ र चौथोमा ११ मात्रा हुन्छ, पछाडि दोहा गाँसिन्छ।

कुण्डलिका

यो छन्द अगाडि एउटा दोहा र अनि रालाको चार पाउ मिलेर बन्दछ, यसमा दोहाको अन्तिम पाउ र रोलाको पहिलो पाउको आधा-मा यमक पार्नुपर्छ, यो यसको प्रकृति हो। जस्तै—

नारीजनको हृदय हो ऐनाको प्रतिबिम्ब,
सक्तैन, कुनै पुरुषले लिन, जस्तो प्रतिबिम्ब,
लिन जस्तो प्रतिबिम्ब के, चल्छ कसको मजाल,
गहन वनको बाटो हो नारीजनको चाल
चित्त चञ्चल कस्तो ? जस्तो कमलदलको जल,
दोषले भरिएको हो यो एक विषको फल।

गट्पद छन्द

यो ६ पाउको छन्द हो। यसको चार पाउसम्म पाउको पहिलो अक्षर गुरु ११, १३ मा विश्राम र पाउमा मात्रा संख्या ८४। पाउको अन्त्यमा दुई अक्षर लघु नै रहन्छ। बाँकी २ पाउ २८, २८ मात्राको, तथा १५, र १३ मा विश्राम हुन्छ, यो पछिल्लो २ पाउलाई 'उल्लास' भन्दछन्। योसमेत मिलेर ६ पाउ भएपछि पूर्ण छन्द हुन्छ, जस्तै—

(१) गर्दछ शुभसन्देश नाथ ! कोकिल–पञ्चमसुर (२)
संगम हुन्छ अवश्य आज मन्मथसँग मुरहर !,

(१) अभिमानले कृष्णजीसित नबोलीकन गजक्क परेर बसेकी राधालाई कोइलीको बोलीद्वारा कामदेव [आफ्नै पुत्र] ले [पिता माताको मेल गराउनालाई] वाण प्रहार गरे। राधाको मान नष्ट भयो र कृष्णजीसँग भन्दछिन्। (२) स्वर (सुर) जम्बा ७ छन्–निषाद १, ऋषभ २, गान्धार ३, षड्ज ४, मध्यम ५, धैवत ६, पञ्चम ७, क्रमसँग षड्ज (स), ऋषभ (ऋ) गान्धार (ग) मध्यम (म), पञ्चम (प) धैवत (ध), निषाद (नि)।

(३) मानवती ! किन आज तिम्रो मन यो तिर्मिर छ ?,
पञ्चमसुरको नाउँमा के तन मन अस्थिर छ ?

(४) रिसानी नहोस् रतन प्रियतम ! आँसु बहाउँछ नयन मम,
नलिनीदल (५) का तरल जलसम यो जिन्दगी छ चपलतम ।

षट्पदछन्दको भेद

यसमा जम्बा श्लोकमा १५२ मात्रा हुन्छ, त्यसमा ७० गु. १२ ल. ८२ अक्षर अजय। ६९ गु. १४ ल. ८३ अ. विजय। यसरी एक गुरु घटाउँदै २ लघु बढाउँदै गरेर यसको जम्बा ७१ भेद हुन्छ। भेदनाम जस्तै—

अजय १। विजय २। वलि ३ । कर्ण ४। वीर ५। वेताल ६। वृहन्नल ७। मर्कट ८। हरि १०। ब्रह्मा ११। इन्द्र १२। चन्दन १३। शुभङ्कर १४। कुक्कुर १५। सिंह १६। शार्दूल १७। कूर्म १८। कोकिल १९। खर २०। कुञ्जर २१। मदत २२। मत्स्य २३। तालाङ्क २४। शेष २५। सारंग २६। पयोधर २७। कुन्द २८। कमल २९। वारण ३०। शरभ ३१। जंगम ३२। द्युतीष्ट ३३। दाता ३४। शर ३५। सुशर ३६। समर ३७। सारस ३८। शारद ३९। मेरु ४०। मदकर ४१। मद ४२। सिद्धि ४३। बुद्धि ४४। करतल ४५। कमलाकर ४६। धवल ४७। मन ४८। ध्रुव ४९। कनक ५०। कृष्ण ५१। रंजन ५२। मेघकर ५३। ग्रीष्म ५४। गरुड ५५। शशी ५६। सूर्य ५७। शल्य ५८। नवरंग ५९। मनोहर ६०। गगन ६१। रत्न ६२। नर ६३। हीर ६४। भ्रमर ६५। शेखर ६६। कुसुमाकर ६७। दीप ६८। शङ्ख ६९। वसु ७०। शब्द ७१। इति।

---

(३) अँ. कत्तिको भो, भन्ने आशयको कृष्णको प्रत्युक्ति।
(४) कामोद्दीपित आशयको जानिनँ भन्ने राधाको उक्ति।
(५) कमलको पात।

दस्तुनामक षट्पदछन्द

यसमा ६ मात्रिक गण १, ४ मात्रिक गण ४ र अन्त्यमा दुइ लघुले जम्बा २४ मात्राको पाउ हुन्छ, पछाडि उल्लाल पनि रहन्छः तर उपर्युक्त षट्पदको यसमा अगिल्लो अक्षर गुरु नै हुनुपर्छ भन्ने नियम छैन। जस्तै—

उहीं शरद-शशी-बिम्ब, उहीं सुविमल मुक्तावलि,
उहीं फुल्ल सितकमल, उहीं सिपि-शङ्ख-सुधाऽवलि,
उहीं गांगलहरी, उहीं सुधा-शोभित सदन
उहीं दूधको स्वच्छ फेन, उहीं विहसित-वदन;
नेपाल-नरेशको विमल कीर्तिपुञ्ज-गिरिराज जहाँ,
जो स्वच्छ निर्झररूपले फैलीरहेछ जहाँ तहाँ।

सवाई (सवैया) छन्द

यसमा पाउमा ३१ मात्रा र पछिल्ला अक्षर लघु, तथा १६ र १५ मात्रामा विश्राम भएको हुन्छ। यसैलाई 'वीरछन्द' पनि भन्दछन् उदाहरण, जस्तै—

सुन सुन पाँच ! म भन्दछु केही, गतिको एक सवाई कहन्छु;
विश्व अहो ! परिवर्तनशील छ, जसको लस्कर एक गजब छ,
ममता छाड़ी सेवक बन्दै समता त्यसरी सबमा राख
चन्द्र र पृथ्वी तारा सारा घुम्छन् कसरी जगमा ? हेर।

अथवा

मधुर मनोहर मुरली-गुञ्जन माथ छ झललल मुकुट सनाथ,
टलपल टलपल यमुना-जलमा चन्दन-शीतल रजनीनाथ,
शीतल-मन्द-सुगन्धि-पवनले कम्पित कुन्तल श्याम सुहार
यो सब सुविमल मानस पटमा खींच मुकुन्द वसन्तविहार।

गन्धा वा गन्धानक छन्द

हुन त यो छन्द जातिप्रकरणमा लेखिएको छ तर यसलाई लयात्मक अक्षर छन्दमा गणना गर्न सकिन्छ।

लक्षण—यसको पहिलो र तेस्रो चरणमा १७ अक्षर र दोस्रो र चौथोमा १८ हुन्छ। उदा० जस्तै—

उड्दछ कहिले क्यै छिन, खस्छ, अनि लड्दछ त्यो,
चुम्दछ फूलहरू छिनमा फस्छ भ्रमरीसँग त्यो,
पुष्प-रजले फुस्रो बन्दै घुम्छ कहिले वनमा,
मधुपानमत्त-भमरो के गर्दैन ? सोच मनमा।

———

वर्णिक छन्द

वर्णवृत्त प्रकरण

जस्तो मात्रावृत्तमा ४ मात्राको १ गण हुने र गुरुको २ मात्रा तथा लघुको १ मात्रा हुने हुनाले मगण २ गुरु SS र नगण ४ लघु |||| ले लेखिन्छ, त्यस्तो वर्णवृत्तमा हुँदैन, मगण भनेपछि तीनै ओटा गुरु SSS र नगण भने पनि तीनै ओटा लघु हुन्छ। यो कुरा पहिले पनि देखाइ-सकियो, सजिलोका निम्ति यहाँ पनि गणको दिग्दर्शनसम्म गराइन्छ, जस्तै—

S||,	|S|,	||S,	|SS,	SS|,	SS|,	SSS,	|||	S	|,
भ.	ज.	स.	य.	र.	त.	म.	न.	गु.	ल.

समममा

१ अक्षरको पाउ उक्ताभेद

श्री छन्द

एक गुरुको पाउ

धी, नै,

श्री, हुन्,

———

२ अक्षर अत्युक्ताभेद

काम वा स्त्री छन्द

२ गुरु

SS

पाऱ्यौ लाला

हाला, बाला।

मधु छन्द

।. ।. २ लघु

हरि !, हर !

सुख भर।

मही छन्द

।S लघु गुरु

जहाँ तहीं,

नता, कहीं।

सारु छन्द
ऽ। गुरु लघु
लोक सोख
ताज राज ।

---

३ अक्षर मध्यमाभेद

नारी छन्द
ऽऽऽ एक मगणको पाउ
गोर्खाली ह्वौं हामी,
शूरामा, छौं नामी ।

मृगी वा प्रिया छन्द
ऽ।ऽ रगण
शान्ति नै सुख हो,
भ्रान्ति नै दुक्ख हो ।

शशी छन्द
।ऽऽ यगण
शशीमा छ कालो,
कसीमा उज्यालो ।

रमण छन्द
।।ऽ सगण
कलिमा कसमा,
मन भो वशमा

पाञ्चाल छन्द

SS। तगण

हे वीर ! के पीर,
जानै छ, आखीर।

नरेन्द्र छन्द

।S। जगण

म कृष्ण म बुद्ध
म शुद्ध, प्रबुद्ध

मन्दर छन्द

S।। भगण

हे हिम-पर्वत
प्याउन सबंत

कमल

।।। नगण

प्रश्न—भनन भनन
उत्तर—गरन मनन।

———

अक्षर प्रतिष्ठाभेद

तीर्णा वा कन्याछन्द

मगण र गुरु, SSS S

विद्या पोल्यौं पैसालाई
धिक्कारै होस् हामीलाई

घारी

रगण र लघु ऽ।ऽ।

भन्न छाड़ भोलि भोलि
काल भर्छ भोलि झोलि

नगानिका

जगण र गुरु ।ऽ।, ऽ

जसो गरे पनि हरे !
म एकलो कठै ? भरे ।

---

५ अक्षर सुप्रतिष्ठाभेद

सम्मोहा

मगण, २ गुरु ऽऽऽ. ऽऽ

फ़ाटेको थाङ्ना थोत्रो पाटीमा
वैरागी चिन्ता, धोत्रों छातीमा ।

हारी

तगण, २ गुरु ऽऽ।. ऽऽ.

काली छ आशा, गोरी निराशा,
प्यारी छ आशै, रुन्छे निराशा ।

पङ्क्ति वा हस

भगण र २ गुरु ऽ।।. ऽऽ.

सिस्नु ! तँ पोल्छस् मानिसलाई
पर्खिरहेछस् के गजलाई ?

यमक

नगण र २ लघु ।।।. ।. ।

चपल मन भ्रमर-सम,
विषय-रस मधुरतम ।

———

६ अक्षर गायत्रिभेद

शेषा वा विद्युल्लेखा

२ मगण SSS. SSS.

के पस्ला त्यो चीसो, छातीमा, हट्तैनौं,
त्यो चीसो हावाकै नेपाली हिन्दू ह्वौं ।

तिलका

२ सगण ।।S. ।।S.

मनमा गहिरो छ विचार कुनै;
तर आँट विना बल गर्छ रुनै ।

विमोहा

२ रगण SIS. SIS.

आफुलाई भयो, जोर जाडो, अनी,
मात्र संझें कठैं ?, दीनलाई पनी ।

शशिवदना, वा चतुरंसा

नगण र यगण ।।।. ।SS.

धन किन साँचूँ, मन किन भाँचूँ,
दुःख किन साँचूँ सुख किन भाचूँ ।

वसुमती

त०, स०, ऽऽ।. ।।ऽ.

छौ सिंह घरको कुत्ता विपिनको,
दानी वचनको, कन्जूस मनको ।

मन्थान

त०, त०, ऽऽ।. ऽऽ।.

दुर्नाम खाडी छ, यो जीवनी-नाउ
डुब्ला लहै ? पञ्च सत्कर्मको ख्याउ ।

शंखनारी

य० य०, ।ऽऽ. ।ऽऽ

अहो ! ग्रीष्म तेरो गरूँ के बयान,
च्च, संझें झलक्कै मदेशी किसान ।

मालती

ज० ज०, ।ऽ।, ।ऽ।.

बन्यौ वनमालि ! तिमी नयपाल
जहाँ सुषमा छ पवित्र विशाल ।

दमनक

न० न०, ।।।. ।।।.

सरर सरर किरण छर, र,
प्रभु दिनकर ! भव-दुख हर ।

———

७ अक्षर उष्णिक् भेद

समानिका

र० ज० गु०, ऽ।ऽ. ।ऽ। ऽ

संज्ञना भयो कुनै बाल्यकालको कुरा;
खेल्दथ्यौं बिहे गरी रोहिणी, म, इन्दिरा।

सुवास

न० ज० लघु ।।। ।ऽ।. ।:

प्रिय चिज पार्दछ हृदय प्रफुल्लित,
कमल हँसाउँछ तपन नवोदित।

करहञ्चि

न० स० ल०, ।।। ।।ऽ. ।

रचल छ कबोल. वचन छ अमोल
गर सुजन सङ्ग छ त मन भरङ्ग।

शीर्षरूपक

म० म० गु. ऽऽऽ ऽऽऽ ऽ

काली काली आशाको भूल्छौ नानी! पाशोमा,
होला मोजी आर्को नै गौराङ्गीको हाँसोमा

मदलेख

म० स० गु०, ऽऽऽ ।।ऽ. ऽ

प्रेमीको तनको त्यो आगो हेर, छ कस्तो,
टाढामा मन पोल्ने, छोए शीतल गर्ने।

———

८ अक्षर अनुष्टुप्भेद

विद्युन्माला

म० म० गु० गु० ऽऽऽ. ऽऽऽ. ऽऽ

मेरो दुःखी आत्मालाई आयौ छ्या छ्या पानीलाई
भन्दै रुन्छिन् एक्ली बाला, पर्खी पर्खी विद्युन्माला।

प्रमाणिका

ज० र० ल० गु०, ।ऽ।. ऽ।ऽ ।ऽ

४ श्लोकमा युद्धवर्णनात्मक उदाहरण; जस्तै—

चलीरहेछ बम् बड़ा छ धूमको घटा कडा,
डटेर वीर छन् खड़ा, प्रचण्ड युद्ध ! गड्गडा।१।
बढीरहेछ झोक्किदै विमान टचाङ्क् जतातत्तै,
गडड् गडङ्ङ गर्जदै विपक्षमाथि वज्रँदै।२।
दिएर धम्कि दौडँदै विपक्ष–मक्षिकाकन,
सजीव काल–माकुरो जहाज गर्छ तर्जन।३।
जतातत्तै छ तोपको कुहास, रास कोपको
अवश्य हो कि कालको करालखेल–खाल यो।४।

समानिका वा मल्लिका

र० ज० गु० ल०, ऽ।ऽ ।ऽ। ऽ.।

के छ सोख ?—चित्तशान्ति, दुःख भन्नु के छ ? श्रान्ति
श्री भनिन्छ सत्य–कान्ति कालकूट हो अशान्ति।

चित्रपदा

भ० भ० गु० गु० ऽ।। ऽ।। ऽ.ऽ

आपदमा मन आत्ती हुन्छ मुसो पनि हात्ती,
धैर्य ! कदापि न पात्ती; हान्दछ आपद लात्ती।

हंसरुत

म० न० गु० गु० SSS ||| S.S

कस्तो हंसरुत–वोली ए नानी! भनन खोली (१)
के गर्छौं हृदय मोली खस्ला प्रेममय–झोली (२)

तुङ्गा

न० न० गु० गु० ||| ||| S.S

झिक नयन–कटारी (३) किन? हृदय–विहारी! (४)
नचिरन मन प्यारी! (५) नसर पर मुरारी! (६)

कमल

न० स० ल० गु० ||| ||S |.S

सुतनु! किन लाशको अहह भय मान्दछ्यौ?
गति छ सबको यही तब किन डराउँछ्यौ।

माणवक

भ० त० ल० गु० S|| SS| |.S

यौवनले औ धनले को छ सुखी? जीवनमा,
एक थियो सोख गयो बालकको आँगनमा।

अथवा

उच्च कहाँ ज्ञान–धनी मध्य तथा नाम–धनी
नीच कहाँ स्वार्थ–धनी दाम–धनी काय–धनी

---

(१) युवाको उक्ति। (२) युवतिको प्रत्युक्ति।
(३) कृष्णको उक्ति। (४) राधाको। (५) कृष्णको।
(६) राधाको।

अथवा

जो पहिले मत्त सयौं हिंस्रकको रक्त चुसी—
मस्त थियो, जीर्ण भयो शेर बरो आज उही;
बस्छ गुफाभित्र पसी मद्दत ली वञ्चककोॐ
क्षुद्र अतिक्षुद्र पनि खान्छ कठै! जीव पनि।

वितान

ज० त० गु०गु० ।ऽ। ऽऽ। ऽऽ

बगोस् न जस्तै पसीना न खाउ कैल्ह्यै असीना
भविष्यको याद राखी विचार गर्नू मसीना।

अनुष्टुप् प्रकरण

हुनता ८ अक्षरको पाउ भएका जति सबैलाई अनुष्टुप् नै भनिन्छ तापनि तो छन्दको नामै अनुष्टुप् भन्ने नभै अनुष्टुपको भेदमा भिन्न भिन्न नामकरण भएको र यहाँ लेखिने यो छन्दको चाहिं नामै अनुष्टुप् भन्ने व्यवहार चलिआएको हुनाले पहिले सामान्य अनुष्टुप्को लक्षण उदाहरण र त्यसपछि नामसहित त्यसैको भेद वक्त्र पथ्यावक्त्र आदि देखाइन्छ।

सामान्य अनुष्टुप्को लक्षणः—८ अक्षरको पाउ हुने यो छन्दको विषम पाउमा सातौं अक्षर गुरु र सम पाउमा सातौं लघु हुन्छ, चारै पाउमा पाउको पाँचौं अक्षर लघु र छैटौं गुरु नै हुनुपर्छ, पाउको पहिलो अक्षरदेखि परतिरका ३ अक्षर नगण या सगणको हुनु हुँदैन [यसबाट छन्द भङ्ग नै हुने ता होइन पद्य नराम्रो हुन्छ।] सामान्य उदाहरण, जस्तै—

ॐस्याल र ठग।

प्रभुको पाउमा यौटा पिंजरा प्रेमको बनी,
मेरो मन–चरो कृष्ण ! बनोस त्यसको धनी।

यसैको भेदमा

वक्त्रछन्द

यसको पनि पाउमा पहिलो एक अक्षरदेखि पर नगण या सगण नरहोस्, चारौं अक्षरदेखि पर यगण रहनै पर्छ। सम पाउमा पहिलो अक्षरदेखि पर रगण पनि नहोस् अरू गण राख्न हुन्छ। उदाहरण, जस्तै—

फुक्का साबुनको झोल
नलको मुखमा चोपी
बनेको चारु गोला झैं,
दुष्टका साथको दोस्ती।

पथ्यावक्त्र

यसको विषम पाउमा चारौं अक्षरदेखि पर यगण र सममा जगण हुनुपर्छ। उदा॰ जस्तै—

पुतली ! दीपमा यस्तो
भइस् मुग्ध अहो ! किन।
निस्सार वस्तुमा व्यर्थ
ज्यान सम्म गुमाउन।

उदाहरणान्तर—

जोरीको छ खिसी राम्रो
दुक्ख राम्रो छ आफनो
सहनू दुक्खमा यो नै
हो सुवास सुवर्णको।

विपरीतपथ्या

यही पथ्यावक्त्रको विषम पाउलाई सम, समपाउलाई विषम गराइदियो भने अर्थात् विषम पाउमा चौथो अक्षरदेखि पर जगण सम पाउमा त्यस्तै यगण परेमा "विपरीतपथ्या" छन्द हुन्छ। उदा० जस्तै—

हल्लाई हात पातको
अश्वत्थरूप त्यो आत्मा
सत् वस्तु भवजालमा
'छैन छैन', यही भन्छ।

चपलावक्त्र

यसको विषम पाउमा चारौं अक्षरदेखि पर नगण र सम पाउमा त्यस्तै यगण रहन्छ। उदाहरण, जस्तै—

झाङ्को स्वाङ वनमा
चन्द्रिका चन्द्रका साथ,
हेरी कल्पी कती म रूँ
मरूँ ऐल्यै कि हे नाथ।

युग्म विपुला

यसको सम पाउमा सातौं अक्षर लघु रहन्छ, हुनता पथ्यावक्त्रमा पनि सातौं अक्षर लघु नै हो; तर उसमा जगणैबाट सातौं लघु पर्दछ, यसमा न. भ. ज. त. ४ मध्यें एउटाबाट लघु पर्नुपर्दछ। उदाहरण, जस्तै—

कामिनीसितको प्रीती
कसले नरुचाउला

नहोस् ता जलको फोका—
सरी यो जिन्दगी अज्ञ।

यो छन्दमा चारै पाउको सातौं अक्षर लघु हुनुपर्दछ भन्ने सैतवको मत छ।

भ–विपुला

यसमा विषम पाउको चारौं अक्षरदेखि पर भगण हुनुपर्दछ। सम पाउको लक्षण युग्मविपुलाको जस्तो हुन्छ। उदा० जस्तै—

यी हुन् सखे ! चन्द्रमुखी.
स्मित ज्योत्स्ना, सुधाऽधरा,
कमलाक्षी, किन्तु यिनै
पोल्दछन् मुटुको जरा।

र–विपुला

भविपुला जस्तै यसमा चौथो अक्षरदेखि पर रगण रहन्छ। उदाहरण; जस्तै—

हे राम ! हे राम ! भन्दै
कविता-वृक्षमा झुली,
मन हर्ने काकलीले❋
धन्य वाल्मीकि कोइली।

न–विपुला

त्यस्तै नगण परेको 'नविपुला' हुन्छ। उदा०, जस्तै—

धैर्यको बाँध नभए
आँसुको भेल पस्तछ;

❋ सूक्ष्म मनोहर अव्यक्त-मधुर स्वरलाई 'काकली' भन्दछन्।

भेलको भीष्म भुँवरी
मुट्ठलाई दबाउँछ ।

त–विपुला

यसमा यस्तै तगण रहनुपर्छ । उदाहरण, जस्तै—

बढ्दा तापको रापमा
छातीको उर्म्लिदो जल,
छट्काएर के फाइदा ;
बगाऊ बेसरी भल ।

म–विपुला

यसमा त्यस्तै चौथो अक्षरदेखि पर मगण रहन्छ । उदा०, जस्तै—

आफ्नो सजीलो भाषाले
आबाल–वनितादिमा,
रामको नाउँ फैलायौ
भानुभक्त ! नमोनम !

य—विपुला

यसमा त्यस्तै यगण । उदाहरण, जस्तै—

शारदाको कृपा पाई
बन्यो यो एक जीवन,
गर्छु श्रीशारदामैं यो
छन्दोहार समर्पण ।

————

९ अक्षर बृहतीभेद

महालक्ष्मी

३ रगण, ऽ।ऽ. ऽ।ऽ. ऽ।ऽ.

धन्य हो विश्वविद्यालयी–
छात्रको तेजिलो जीवनी
छैन पर्वाह विद्या विना,
एक चिन्ता अरू क्यै पनि ।

सारंगिका

न० य० स०
।।।. ।ऽ. ।।ऽ.

शिव ! शिव ! मेरो भवमा
कुन चिज होला सुखको,
जुन मन–आँखा धमिलो–
अपुग–धुवाँले रंगियो ।

पाइत्ता

म० भ० स०

ऽऽऽ. ऽ।।. ।।ऽ.

प्रेम ! छुट्टै म छु भवमा,
तिम्रो यो । यौवन–नभको
आशा–तारा घन घनले
ढाक्यो, आँसू पुछ मनले ।

कसल

न० न० स०

।।।. ।।।. ।।ऽ.

(१) सुनन सुनन बहिनी !
नगर कुपुरुष-कुरा,
(२) भनन भन किन दिदी !
(३) धरम--कथन-चतुरा ।

हलमुखी

र० न० स०

ऽ।ऽ. ।।।. ।।ऽ.

आउ आउ कमल–मुखी
जाउ परतिर हल–मुखी;
स्वार्थमा छ सुख–मुनियाँ
पक्ष--पात गर दुनियाँ

भुजगशिशुभृता

न० न० म०

।।।. ।।।. ऽऽऽ.

जुन दिन घरमा मेला,
उस दिन सबको भेला,
जब पर यमको फेला,
कुन गुरु कुन हो चेला ।

---

(१) दिदीचाहिंको अर्ती जस्तो उक्ति । (२) त्यसप छि बहिनीको प्रश्न । (३) अनि दिदीले बताएको कारण ।

निम्ब

न० स० य०

||| ||ऽ |ऽऽ

भन कनक तौलने को ?—
अहह ! सँगि ! लालगेडी ।
सुजन-मन मोलने को ?'—
दुरगम-कटाक्ष-टेढ़ी ।

तोमर

स० ज० ज०

||ऽ |ऽ| |ऽ|

धन के छ उत्तम ?-ज्ञान,
कुन हो त मध्यम ?,-मान,
कुन शुद्ध हो ?, अनजान,
सबमा छ को ?-भगवान ।

रूपामाली

३ मगण

ऽऽऽ ऽऽऽ ऽऽऽ

तृष्णा-घोडी आशा-डोरीले
पक्री, पैयाँ छाड़ी लौरीले,
लाग्यो बूढो चिप्ला बाटोमा,
खायो वल्ड्याङ् रातो माटोमा ।

———

१०अक्षर पङ्क्तिभेद—

चम्पकमाला

भ० म० स० गु०
SI. SSS. IIS. S.
(पाँच अक्षरमा विश्राम)

(१) गोप छु आफू जङ्गल-वासी
के दिउँ राधा ! लेउ न हाँसी,
रुक्मवती (२) ता सक्तिनँ बाला
लाउ छ यौटा चम्पक-माला ।
(३) नाथ म आफै एक छु बाला,
गर्दिनँ बिन्ती काञ्चन-माला;
घोक्छ गला यो चम्पक-माला,
बाहुलताकै पाउँ म माला ।

मनोरमा

न० र० ज० गु०
III. IIS. ISI. S.
६ मा विश्राम

नलुक मोहिनी ! छली छली !,
वदन-पद्मको म हूँ अलि
जलुँ म प्यासको दवाग्निमा ?'
भनन लौन लौ मनोरमा !

---

(१) कृष्णको उक्ति (२) सुनको । (३) राधाको प्रत्युक्ति ।
(४) भमरो ।

शुद्धविराट्

म० स० ज० गु०

ऽऽऽ. ।।ऽ. ।ऽ।. ऽ।.

(६ मा पिश्राम)

त्यो गर्मी दिनमा जली जली
    तड्पेका तरुमा अली अली
पानी दान गरी बचाउने
    माली !धन्य तिमी तिमी भयौ ?
वर्षामा घनघोर नीरको
    त्यो धारा जति दर्किए पनि
के तिम्रो भन पुग्छ तौलमा ?'
    मौकामा जसले गर्‍यौ गर्‍यौ ।

संयुता

स० ज० ज० गु०

।।ऽ. ।ऽ।. ।ऽ।. ऽ.

सुख शान्ति दुर्दिनले निल्यो,
    उपचार मारुतमा मिल्यो,
गहिरो विचार वृथा भयो;
    मनको व्यथा मनमै रह्यो ।

सारवती

भ० भ० भ० गु०

ऽ।।. ऽ।। ऽ।।. ऽ

लालच जत्ति बढ्यो धनमा
    हुन्न दया उति निर्धनमा;

राय मिले पछि दुर्जनमा
मिल्दछ त्यो किन सज्जनमा !

सुषमा

त० य० भ० गु०
ऽऽ।. ।ऽऽ. ऽ।।. ऽ.
६ मा यति

गर्छौं किन हेला नीच भनी ?
हे भाइ ! सबैमा ईश्वर छन्,
प्रेमै छ ठुलो, श्रीराघवले
संस्कार जटायूको त गरे ।

अमृतगीत

न० ज० न० गु०
।।।. ।ऽ।. ।।।. ऽ.
५ मा यति

मृगनयनो ! मधुवचनी !
हृदय-धनी ! सुखशयनी !
प्रियतम यो मदत भयो,
उ दिन गयो उठ सजनी ! ।

पणव

म० न० ज० गु०
ऽऽऽ. ।।।. ।ऽ।. ऽ.
३ मा यति

सच्चा एक छ सुख लोकमा,
त्यो केमा ?,—सहृदय-भेटमा,

मिल्दा दर्शन विधुको अहो !
उर्लेको हृदय समुद्रको ।

मयूरसारिणी

र० ज० र० गु०

SIS. ISI. SIS. S.

लग्नसारिणी छ ज्योतिषोको,
हुन्छ ओष्ठ–सारिणी खिसीको;
वास छन्दहारमा छ केको ?,—
सुन्दरी मयूरसारिणीको ।

मत्ता

म० भ० स० गु०

SSS. SII. IIS S.

४ मा यति

आयौ हाँसी मकन विलासी
संझ्यौ नानी ! प्रकृति नजानी,
मेरो लागी विषम छ नारी,
जाऊ आँसू मतिर नझारी ।

उपस्थिता

त० ज० ज० गु०

SSI. ISI. ISI S

५ मा यति

सुत्छन् गिरिजा-पति सिन्धुमा,
बस्छन् गिरिजा-पति शैलमा,
द्यौताहरूको पनि चालमा
कस्तो ममता ससुरालमा ।

११ अक्षर त्रिष्टुप् भेद---

इन्द्रवज्रा

त० त० ज० गु० गु०

SSI SSI ISI S S

५ मा विश्राम

देखिन्छ यो कोमल कुञ्जभित्र
पूर्णेन्दुको शीत कला पवित्र
उल्टो अहो ताप बढेर आयो
तृष्णा लिई यो रसना रसायो।

उपेन्द्रवज्रा

ज० त० ज० गु० गु०

ISI SSI ISI S S

५ मा विश्राम

जहाँ दुखेको उहिं लाग्छ चोट
विपत्तिमा हुन्छ सुहृद् बिछोट
जहाँ छ दुर्भिक्ष वहाँ छ भोक
अभागले गर्छ अनेक थोक।

उपजाति

यो इन्द्रवज्रा र उपेन्द्रवज्रा
दुवै थरी पाउ मिलेर यौटा
बनेर नाउँ उपजाति होला
रमाउँदै भित्र अगाडि सर्ला

यसमा यो पाउ यसको यो यसको भन्ने नियम छैन। उपेन्द्रवज्रा र इन्द्रवज्रामा जुन २ जति २ पाउ मिले पनि हुन्छ, यस रीयो १४ भेदमा विभक्त हुन आउँछ। तिनको नाम जस्तै—१ कीर्ति २ वाणी ३ भाला ४ शाला ५ हंसी ६ माया ७ जाया ८ बाला। ९ आर्दा १० भद्रा ११ प्रेमा १२ रामा १३ ऋद्धी १४ बुद्धी तिन्को नाम ॥

रथोद्धता

र० न० र० ल० गु०

SIS. III. SIS. I. S.

७ मा विश्राम

कृष्णचन्द्र प्रभुको मुहारमा
देख्छु त्यो अमृत पूर्ण रूपमा
आशाको ज्वलनमा जलाउने
त्यो सुधा रस भने लुकाउने।

स्वागता

र० न० भ० गु० गु०

SIS III SII S S

७ मा यति

मालती कुसुमलाई सुकाई
हेर त्यो कमलिनीतिर आई
शान्ति दिन्छ भमरो सबलाई
लोक नै मतलबी समझाई।

शालिनी

म० त० त० गु० गु०
SSS SSI SSI S S
४ मा विश्राम

विद्या नै हो रत्नमा मुख्य रत्न
हामीलाई छैन दोस्रो प्रयत्न
विद्यार्थी छौं यै छ बिन्ती-चढ़ाई
देऊ ! विद्या शारदे ! हामीलाई ।

भ्रमरविलसति

म० भ० न० ल० गु०
SSS SII III I S
४ मा यति

तेरो मेरो निशि दिन सबमा
भन्छौं भाई कति दिन भवमा
'मेरो' भन्नु हरिहर-पदमा
'तेरो' भन्नु विषय जहरमा ।

दोधक

भ० भ० भ० गु० गु०
SII SII SII S S

आसकको फुल फुल्दछ जस्मा
कण्टक नै परिपूर्ण छ त्यस्मा
चन्दन वृक्षभरी सब सर्प
हुन्छ टनाटन नित्य सदर्प ।

उदाहरणान्तर जस्तै—

यो मनको फुल फुल्न नपाई
हाय अचम्म सबै वइलायो
निर्धनको मन मात्र छ सस्तो
भाग्य विहीन हरे ! किन यस्तो ।

अपरान्तिका

न० र० र० ल० गु०

SSS SIS SIS I S

६ मा यति

यसलाई ललित तथा कनकमञ्जरी पनि भन्दछन् । उदाहरण, जस्तै—

न त भयो यशः ख्याति लोकमा
न सकियो दया गर्न दीनमा
मनुजता गयो हा अकार्थमा,
किन दियौ हरे ! जन्म व्यर्थमा ।

वातोर्मि

म० भ० त० गु० गु०

SSS SII SSI S S

४ मा यति

खाने श्रद्धा सहितै सिस्नुशाक
मिष्टान्नै होस् अथवा एक छाक
विद्याऽभ्यासी जनमस्थानवासी
धन्यै हो त्यो अणी अऋप्रवासी ।

भद्रिका

न० न० र० ल० गु०
III III SIS I S
७ मा यति

नचलन चरि पक्षपातमा
उडनु छ तिमिले अकाशमा,
गुण लिनु सबको अभेदले
तब शिखर पुगिन्छ तेजले।

मौक्तिकमाला

भ० त० न० गु० गु०
SII SSI III S S
५ मा विश्राम

यसलाई अनुकूला पनि भन्दछन्। उदाहरण जस्तै—

कष्ट हजारौं सहिकन, तिम्रो
गर्दछ आशा जलधर जस्ले
आज उही चातक बिचरोमा
वाण बनायो विकट असीना।

सुमुखी

न० ज० ज० ल० गु०
III. ISI. ISI. I. S.
५ मा यति

हृदयविषे जसबाट कडा
जलन छ त्यो त छँदैछ खडा
भनुं नहुने तन संझिदिने
अज्ञ त्यसलाई बढाइदिने।

दमनक

न० न० न० ल० गु०
||| ||| ||| | S

दिन दिन सुख दिवस गयो
दुख दिन कलि उदित भयो
जति जति मधुतिर भुलियो
उति उति घर घर डुलियो ।

श्येनिका

र० ज० र० ल० ०
SIS. ISI. SIS. I. S.
४, ४, ३ मा विश्राम

अर्थ धर्म काम मोक्ष चारमा
बोल मुख्य के सुझ्यो विचारमा
बीचमा उठी जवान भाइ ता
भन्छ अर्थ नै ठुलो मलाइ ता ।

माला

म० म० म० गु० गु०
SSS SSS SSS S S
४, ४, ३ मा विश्राम

विद्या खानी दानी माता ! हे देवी !
होऔं हामी तिम्रै पाऊका सेवी
आशा ठूलो यौटै गर्छौं हे ब्राह्मी !
ब्रह्म-ज्ञानी केले होऔंला हामी ।

मोटनक

जo जo जo लo गुo

ISI ISI ISI I S

५ मा यति

तृष्णा वलियो हरदं धनमा
आशा धमिलो छ सधैं तनमा
ढोका रिसको छ सबै जनमा ।
पस्छौ कसरी भगवन् ! मनमा ।

वत्ता

नo नo सo गुo गुo

III III IIS II S

४, ४, ३ मा विश्राम

सननन सननन सन्केको
वन वन घननन घन्केको
मघुर मुरली-धुनि बाँसको
सखि ! निहुँ छ विरह आँसूको ।

उपस्थित

सo सo पo गुo गुo

ISI IIS SSI S S

६ मा विश्राम

धनी छु मनको केको मलाई
विषाद, भन ए बुज्रूग भाई ।
ननै छ भवमा कर्ता सबैको
यही छ वलियो नेता सबैको ।

१२. अक्षर जगतीभेद

वंशस्थ

ज० त० ज० र०

ISI SSI ISI SIS

५ मा विश्राम

गरी शिला आसन खूब पट्टल
कसी, गराई मनलाई निश्चल
बजाइ घण्टा मुटुको निराजन
गरोस ता पाउँछ उच्च आसन ।

उदाहरणान्तर जस्तै—

कहाँ अहिंसा व्रत शुद्ध ईश्वर ?
कहाँ परब्रह्म उही परात्पर ?
कहाँ दया धर्म मनुष्यभागको ?
कहाँ गलामा तरवार छागको ।

इन्द्रवंशा

त० त० ज० र०

SSI SSI ISI SIS

५ मा यति

यो चाँदनीमा छ मृदुत्व मुग्धता
यी चन्द्र केले यसरी प्रसन्न छन्
ताजा कलीलो नव पुष्प गुच्छमा
जे हेतुले भृङ्गहरू रमाउँछन् ।

द्रुतविलम्बित

न० भ० भ० र०

।।। ऽ।। ऽ।। ऽ।ऽ

७ मा यति

मन पऱ्यो जुन चीज पछी उही
जहर बन्छ कडा मुट्टुमा पुगी;
गर विचार यही पुतलीसरी—
नबन लालच पावकमा परी।

उदाहरणान्तर जस्तै—

दगुर हे मन ! सोख समुद्रमा
सयल साथ जहाज चलाउन,
जब तुफान चलेर ढलाउला
तब झसङ्ग भएर कराउला !

तोटक

४ सगण

।।। ।।ऽ ।।ऽ ।।ऽ

३,३ मा यति

मन यो दिन दिन् नभएर बुढो,
झन झन् भगवन् ! हुनगो तरुनो
रउँमा बरु सात्विक भाव बन्यो,
यसभित्र तमोगुणले भरियो।

उदाहरणान्तर—

छुम छुम् छुम छुम् छुम छुम् गरने
पदपद्म—विराजित नूपुरको

मधुर स्वर, आउ, सुनाउ रमा !
गर नाच सदा करमा घरमा ।

स्त्रग्विणी

४ रगण

SIS SIS SIS SIS

यसलाई लक्ष्मीधर पनि भनिन्छ । ३, ३ मा यति । उदा० जस्तै—

शेरको चर्मले ढाकिँदैमा गधा
कामले लिन्छ के शेरको तुल्यता ?
शक्ति हो देखिने आफना कामले,
जानिने ह्वँ न त्यो नक्कली नामले

भुजंगप्रयात

४ यगण

ISS ISS ISS ISS

पिई भृङ्ग त्यो फूल सब् खेलि खेली
पस्यो पद्ममा, रात आयो जुनेली
उही बन्द भो पद्म नै कोपिलायो
असन्तोषले हा कठै ! दुःख पायो ।

उदाहरणान्तर—

म राम्रो छु, राम्रो छ मेरो विचार
मनीषा छ मेरो मसीनू अपार
भनी आफुलाई सबै लोक ठान्ने,
नजान्ने नसुन्ने त कस्लाई मान्ने ।

कुसुमविचित्रा

न० य० न० य०

||| ISS ||| ISS

६ मा विश्राम

कुसुमित गोपीवन—लहराको
मधुरस—लोभी मधुकर ! प्यारे !
विकसित मेरो मन—नलिनी यो
बसन यसैमा मुरहर ! प्यारे !

तामरस

न० ज० ज० य०

||| ISI ISI ISS

यसलाई अभिनवतामरस पनि भन्दछन् । जस्तै—

मधुकर लोचन ! कृष्ण मुरारे !
मधुहर ! काम–मनोहर ! प्यारे,
हृदय–सरोवरमा प्रभु ! मेरो,
वदन–सरोज फुलोस हजुरको

प्रमिताक्षरा

स० ज० स० स०

IIS ISI IIS IIS

भगवन् ! कदापि भवमा नडुली,
विषयादिको रसविषे नभुली:
मन यो प्रफुल्ल—पदपङ्कजको
भमरो बनोस हरदं रसको ।

चन्द्रवर्त्म

र० न० भ० स०

SIS III SII IIS

रङ्गिएर रविका छवि–रङ्मा,
नाचने पवनका सँग सङ्मा
पत्र पुष्प फलमा नति सुषमा❀
हुन्छ हुन्न रविमै उति सुषमा ।

पुट

न० न० म० य०

III III SSS SS

७ मा यति

प्रकृति छ बलियो आत्मा जगत्मा,
सब कुछ उसकै होला तखत्मा,
ऋतुवरहरु छन् रानी चनाखा,
निशि दिवस दुई देखिन्छ आँखा ।

प्रमुदितवदना

न० न० र० र०

III III SIS SIS

७ मा यति

कल कल कल कण्ठको बोलले,
विरहित मन आत्तियो चञ्चले,
जल पनि बल, तेल नै हुन्छ त्यो
अतिशय जलदो महान् अग्निमा ।

❀ परम शोभा

जलोद्धतगति

ज० स० ज० स०

।S। ।।S ।S। ।।S

बितुन् कि सपना-समान सुख यी,
रहुन् अटल भै कि दुःख-दिन यी,
म निस्पृह बनूँ त लौ भय छ के ?
कहाँ छ दुख त्यो र ? गर्छ अनि के ?

मौक्तिकदाम

४ जगण

।S। ।S। ।S। ।S।

धनी कति छन् भवमा, तर को छ
प्रसिद्ध र हार्दिक आदरणीय ?
छ निर्धनमाथि दया जसको त्यै
प्रसिद्ध सदा छ, उही रुचिमा छ।

प्रियम्वदा

न० भ० ज० र०

।।। S।। ।S। S।S

नयन लठ्ठ छ विमुक्त-कुन्तला
अधर शुष्क छ अहो ! शकुन्तला !
किन ? बताउन, भनेर गर्दछिन्
मसकरी प्रियसखी प्रियम्वदा।

मणिमाला

त० य० त० य०

SS। ।SS SS। ।SS

६ मा यति

जो चन्द्र सबैका हुन् शीतलकारी,
ती आज म देख्छु उल्टो विषधारी,
पर्दा अति सारो बाधा मनलाई,
प्रेमी पनि हुन्छन् वैरी, जनलाई ।

ललिता

न० भ० ज० र०

||| S||. |S. S|S.

विद्याऽवतंस बुध वंश औ सुधी,
जो व्यक्तिमा छ सुविवेक–कौमुदी
त्यौ होस् उदार, बरु होसन निर्धन,
गर्छे विवाह ललिता खुशीसँग ।

महितोज्ज्वला

न० न० भ० र०

||| ||| S|| S|S

हृदय सहज भन्छ उदारको
कृपण हुनु त मर्नु बरू निको,
अनल बरु निभेर हराउँछ,
हिउँसरि कहिल्यै उ ठिन्याउँछ ।

वैश्वदेवी

म० म० य० य०

SSS SSS |SS |SS

५ मा यति

जो होला भोली त्यो सबै देख आजै
जो होला पर्सी त्यो सबै जान आजै

ज्ञानी विज्ञानी नामले मात्र हुन्न
सच्चा ज्ञानीको सक्छ को ? ज्ञान थुन्न ।

जलधरमाला

म० भ० स० म०
SSS SII IIS SSS
४ मा यति

हाँसो सेतो बिजुलि–विभाको हाँसी,
गाई मीठो स्वर धन–गाना घाँसी,
वर्षा आई जलधर–माला ल्याई,
औ पैह्राई प्रकृति–दुलहालाई ।

नवमालिका

न० ज० भ० य०
III ISI SII ISS

कति कति जन्तु बाँच्तछ जलैमा,
कति त रहन्छ भित्र जमिनैमा,
कति न खसी अकाशबिच उड्छन्;
कुन चिज ईश्वरीय भर छैनन् ।

प्रभा वा मन्दाकिनी

न० न० र० र०
III. III. SIS. SIS.
७ मा यति

मधुकर ! अति मूर्ख लाटो तँ होस्,
मुकुलित नलिनी फुलेको नहोस् ;
बलसँग पनि चूस् न भित्रै पसी,
पछि अरू अलिले नपारून् खसी ।

मालती

न० ज० ज० र०

ǀǀǀ. ǀSǀ. ǀSǀ. SǀS.

फुल, फुल, फर्र फुकेर मालती !
सबतिर हर्र चलाउ वासना,
तर भमरो नगरोस् कतै खसी,
रस नपिलाउ, दिनेछ सासना

पञ्चचामर

ज० भ० ज० र०

ǀSǀ. ǀǀS. ǀSǀ. ǀSǀ.

म कोइली यदि भए न बाँसुरी.
बजेर कृष्णसित शब्द-माधुरी,
मिलाउँदै विरहिणी झुलाउँदै
भुलाउँथे घुरुघुरु रुवाउँदै।

विद्याधर

४ मगण.

SSS. SSS. SSS. SSS

ढल्की ढल्की छम् छम् गर्दै आइन् बाला,
पारिन् निर्धो छातीलाई हालावाला,
फाली फाली जाली, ताली मारी मारी
लान्छिन् हाम्रो आशालाई पारी तारी

सारङ्ग

४ तगण

SSǀ. SSǀ. SSǀ. SSǀ

बाला भएँ! नेत्रले हाछं सारङ्ग,
गाला दुवैमा गुलाफी फिका रङ्ग,

वेणी बने नागका दम्पती तुल्य;
लेजाउँ भन्छौं कसोरी विना मूल्य।

मोदक

४ भगण

ऽ॥. ऽ॥. ऽ॥. ऽ॥.

झनुं थियो भुइँमा तँ झरीस् फुल।
छैन म कत्ति सशोक र आकुल,
भेट्नु अनाथ कठै ? विधवा-सम
देख्छु निराशा, चिरिन्छ, अनी मन

तलरनयन

४ नगण

।।।. ।।।. ।।।. ।।।.

कमल-सदृश छ तिन नयन,
डमरुधर ! गिरिधर-शयन।
गरल-गल ! तिलक-शशधर !
मकन भरत अभिमत वर।

---

१३ अक्षर अतिजगतीभेद

प्रहर्षिणी

म० न० ज० र० गु०

ऽऽऽ. ।।।. ।ऽ।. ऽ।ऽ ऽ.

३ मा विश्राम

तृष्णाको मधुर शराबमा भुलेर
पैसाले नयन प्रमत्त व्यर्थ, हेर,

जे गर्दा अमर बनेर चल्छ नाम
गर्नेछौ सतत त्यही पवित्र काम ।

मत्तमयूर

म० त० य० स० गु०
ऽऽऽ. ऽऽ।. ।ऽऽ. ।।ऽ. ऽ

४ मा यति

वर्षा भाई ! औधि तिमी छौ उपकारी,
आशा गर्छे गर्भ लिनालाई मयूरी,
ठोके है त्यो बादल–भेरी भरपूर;
नाचोस् ताजा जोवनले मत्तमयूर ।

उदाहरणान्तर—

योटै हाँगाको फल खाँदा पनि कस्तो
तीतो कोही कोहि गुलीयो मह जस्तो,
लोके यस्तो यो किन हो ? भाइ ! तमाम,
काहीं छाया पर्छ कतै पर्दछ घाम ।

नन्दिनी

स० ज० स० ज० गु०
।।ऽ. ।ऽ।. ।।ऽ. ।ऽ।. ऽ.

मृगनाभिचूर्णकणिका—सुगन्धिनी !
जगदंबिके ! सकललोकनन्दिनी !
शिव शक्तिदायिनी ! जगत्प्रबोधिनी !
जय लोकपावनि ! सुमञ्जुभाषिणी !

यसलाई 'प्रबोधिनी' वा ' मञ्जुभाषिणी' पनि भन्दछन् ।

क्षमा

न० न० त० त० गु०

।।।. ।।।. ऽऽ।. ऽऽ।. ऽ.

त्रिभुवन विभुवीर प्रभु ! नाथको
विमल चहकिलो चन्द्रझैं माथमा
चमचम चम तारासरी चम्कने
मुकुट, जयपताका तथा साथमा।

यसलाई 'चन्द्रिका' पनि भन्दछन् । यसमा धेरैजसो ७ मा विश्राम हुन्छ ।

सिंहनाद-कलहंस

स० ज० स० स० गु०

।।ऽ. ।ऽ।. ।।ऽ. ।।ऽ. ऽ.

❀अति वृद्ध अन्ध पति बिस्तर-लीन
घर दारु-पिञ्जर छ ओत-विहीन,
महिमा छ साउन भदौ, घनघोर,
झमकी रहेछ जलवृष्टि अघोर।
मुख बोलने त घरमा छ बुहारी,
तर उ छ गर्भ-भर-ग्रस्त तयारी,
परदेशमा छ सुत, बन्द छ पत्र,
बिचमा परें म भगवन् ! अलपत्र । २

उदाहरणान्तर—

कमनीयता अति तँमा छ गुलाफ,
खिंचियो अहो ! चपल यो मन साफ,

❀ २ श्लोकले कुनै दीन हीन घरकी बूढीमाऊ आफ्नो हालत देखेर भुटिएको वर्णन ।

तर के गरूँ, सुँधुँ सुँघेर सकिन्न,
लिउँ हातमा सरस रूप रहन्न ।

अतिरुचिरा

ज० भ० स० ज० गु०
ISI. SII. IIS. ISI. S
४ मा यति

कती कुरा पछि म गएपछी भनून्—
अहा ! भनी, सब दुनियाँ प्रसन्न हुन्—
भनी गर्दछु, तर थाह के गरी
म पाउँला पछि त हरे ! कठै वरी ।

तारक छन्द

४ सगण गु० १
IIS. IIS. IIS. IIS. S.
३, ३, ३, ४ मा यति

जसले भव-चक्र चलाइरहेछौ,
गुणकीर्तनमा श्रुतिलाई भुलायौ,
म ऋणी वहुतै छु दिवाकर ! यस्को
बदला म चढाउँछु भक्ति रसीलो ।

कन्द

४ यगण, ल० १
ISS ISS. ISS. ISS. I.
३, ३, ३, ४ मा यति

सदा शान्त छौ, भक्तको एक छौ जाम,
सुधातुल्य स्वादिष्ट तिम्रो अहो ! नाम,

तिमी छौ महा ऽऽ काशझैं मञ्जुल श्याम,
लियौ चित्त मेरो उडाएर हे राम !।

पङ्कावली

भ० न० ज० ज० ल०
ऽ।।. ।।।. ।ऽ।. ।ऽ।. ।.

हे रघुकुलमणि ! नाथसरी मन
निर्मल नगरि भएन भनीकन,
थुन्दछु बलसँग अक्षि-कपाट म,
के गरुँ तर थुनिदैन अहो किन ?

मृगेन्द्रमुख

न० ज० ज० र० गु०
।।।. ।ऽ।. ।ऽ।. ऽ।ऽ. ऽ.
५ मा विश्राम

कुन गति सज्जनले सखे ! लिइन्छ ?
फुल जसरी दुई मार्गलाइ लिन्छ,
कि त सबले शिरमाथि राखिइन्छ,
कि त वनमै छरिइन्छ औ कुहिन्छ ।

चण्डी

न० न० स० स० गु०
।।।. ।।।. ।।ऽ. ।।ऽ. ऽ.
८ मा यति

प्रवल छ चपल छ नाम रमाको,
गर चपल मनुज ध्यान उहाँको,
चपल छ जगत, सबै चपलै छन्,
जलसँग जलसम ती लय हुन्छन् ।

१४ अक्षर शक्वरीभेद

वसन्ततिलका

त० भ० ज० ज० गु० गु०

ऽऽ।. ऽ।।. ।ऽ।. ।ऽ।. ऽ. ऽ.

८ मा विश्राम

यसलाई 'उद्धर्षिणी' र 'सिंहोन्नता' पनि भन्दछन् । उदा०, जस्तै—

पाकेर टन्न छ, मनोहर रूप रङ्ग
देखेर कुन् सकसको मन हुन्न दङ्ग
त्यो स्वादपूर्ण रसिलो सहकारलाई ।
कुन् निर्दयो चरि त-यार छ चिर्नलाई

उदाहरणान्तर—

छोडेर तामसिक वस्तु जती समस्त;
जो खान्छ खालि वनका जल झार पात,
सोझो र सन्त बिचरो मृगलाइ मारी
खाने शिकारिहरुलाई छ के भकारी ।

अलोला

म० म० म० भ० गु० गु०

ऽऽऽ. ।।ऽ. ऽऽऽ. ।।ऽ. ऽ. ऽ.

७ मा विश्राम

यो संसार विपत्को घेरा हो सुन बाबू !
पैले साहसलाई ठुलो तोप बनाऊ,
आफ्नो मद्दत गर्ने साथी धैर्य गराऊ,
लाऊ बुद्धि अगाडी आपद् बैरि हटाऊ ।

चक्रपद

भ० न० न० न० ल० गु०

SII. III. III. II. I. S.

७ मा यति

गुन्दछु मन मन विषय विषम हो,
सुन्दछु हरिपद शुभ सुख घन हो,
चुन्दछु असल र कमसल कुन हो ?
थुन्दछु तर पनि सुख किन कुन हो ?

वासन्ती

म० त० न० म० गु० गु०

SSS. SSI. III. SSS. S. S.

४ र ६ मा यति

धप् धप् धप् धप् गर्छ मदनको दीप-ज्वाला
बन्छे मट्टीतेल त यसमा आफै बाला
हामी बन्ने मोहित पुतला, कस्तो चाला,
भागौं, पार्ला नत्र मदनले हालावाला ।

असम्बाधा

म० त० न० स० गु० गु०

SSS. SSI. III. IIS. S. S.

४ मा यति

माया माया भन्दछ भव सब ती के हुन् ?
गर्छन् के ती इन्द्रियहरु ? भन कस्ता छन् ?,
पैसा भन्छन् त्यो किन ? कुन चिज हो ? कस्तो
थाहै चाहै छैन मकन परवाहै त्यो ।

अपराजिता

न० न० र० स० ल० गु०

।।।. ।।।. ऽ।ऽ. ।।ऽ. ऽ।. ऽ.

जति जति सुख भोगको सरजामले
मन विषधरको गरिन्छ सुपूजन,
उति उति तकलीफ पर्दछ आखिरी
मरण समय सास बाहिर निक्लन ।

प्रहरणकलिका

न० न० भ० न० ल० गु०

।।। ।।। ऽ।। ।।। । ऽ

७ मा यति

सुख दिवस गयो, दुख उदित भयो,
हरिसँग छुटियो मन मन भुटियो !
सखि ! विरह बढ्यो, सव हृदय डढ्यो,
"जव मद भरियो तब सुख हरियो"!

नान्दीमुखी

न० न० त० त० गु० गु०

।।।. ।।।. ऽऽ।. ऽऽ।. ऽ. ऽ.

७ मा विश्राम

नयन छ तनको कैमरा, खिच्च्छ फोटो
हृदय छ जसमा फिल्म सच्चा अनौठो,
जससँग मसला ज्ञानको छेन, धोला
शिव ! शिव ! त्यसले के गरी चित्र-चोला ।

इन्दुवदना

भ० ज० स० न० गु० गु०

SII. ISI. IIS. III. S. S.

५ मा यति

*इन्दुवदना ! भन सुसुक्क किन हाँस्यौ ?,
प्रेम गहिरो अटल राख, किन मास्यौ ?,
×नाथ ! म त रोदन र हास्य दुइटामा
प्रेम कुन हो ? म छु अझै अबुझ नामा ।

---

१५ अक्षर शक्वरीभेद

शशिकला

न० न० न० न० स०

III. III. III. III. IIS.

मधुकर ! बलसँग मधुरस नपिऊ,
धवल र अतिशय कृशतर छ जिऊ,
नचुसन बलसँग प्रिय ! विनति भनी
चलमल चलमल गरदछ नलिनी ।

यै छन्दमा ६ मा विश्राम हुने छ भने त्यसलाई 'स्रक्' र ८ मा विश्राम हुनेलाई 'मणिगणनिकर' वा 'शशिकला' भन्दछन् ।

---

*नायकको उक्ति । ×नायिकाको प्रत्युक्ति ।

मालिनी

न० न० म० य० य०

।।।. ।।।. ऽऽऽ. ।ऽऽ. ।ऽऽ

झनन झनन गर्ने बीनको त्यो रिवाज,
सरस, शशिमुखीको त्यो मधूरो अवाज,
लह लह लहरामा मन्द हावा चलेको,
टह टह वनमाथी चाँदनी क्या खुलेको।

प्रभद्रक

न ज० भ० ज० र०

।।।. ।ऽ।. ऽ।।. ।ऽ।. ऽ।ऽ

५ मा यति

क्रमसँग लिन्छ ईश पनि रूप, संझ त,
प्रथम त बन्छ मत्स्य, अनि हुन्छ कच्छप,
तदनु वराह वन्छ, अनि ऊ नृसिहको
स्वरुप लिएर, पूर्ण नर हुन्छ वामन ॥१॥
अनि जब जङ्गली परशुराम हुन्छ ऊ,
तब पछि पो भनिन्छ अवतार राम ऊ,
अनि अवतार लिन्छ र वितृष्ण' कृष्णको,
सब भवभित्र भर्दछ विचित्र चित्र जो ॥२॥
त्यसपछि मात्र हुन्छ अनि बुद्ध शुद्ध ता,
प्रकृति छ यै क्रमैसँग हुने जताततता
प्रिय सँगि आत्तिएर बनदैन माम ता
दिन प्रति हुन्छ यो जगतको विकाशता ॥३॥

चन्द्रलेखा

म० र० म० य० य०

SSS. SIS. SSS. ISS. ISS.

७ मा यति

थुम्रो लागेर कैल्हे देखिन्छ डाँडो हिऊँको,
कैल्हे सारा बिलाई त्यै हुन्छ मैदान रूखो,
त्यस्तै देखीरहेछौं वृद्धिक्षयी चन्द्रलेखा;
हाँसौं के ?' के छ आँसू ?, यस्तै छ यो कर्मरेखा।

भ्रमरावलि

५ सगण

IIS. IIS. IIS, IIS. IIS.

सबै सुन्दरता, सुख भोग विलास उहीं;
जब हुन्छ विवाह कुनै जनका घरमा,
सबको दुख शोक र आँसु अभाग रुँदै
सब लुक्छ उनै कलिली विधवाहरूमा।

सारङ्गी

५ मगण

SSS. SSS. SSS. SSS. SSS.

८ मा यति

माला साला छल्याङ् छुलुङ् हात्ती-छाला ढं ढं ढम्,
गङ्गा–धारा छर्छर्छर्छर्, डिब्डीबे डं डं डं डम्,
नेत्रज्वाला भर्भर्भर्भर् हाःहा हाःहा हाँसेको,
पर्छन् छक्कै देख्ने तैंले हे बम्भोले ! नाचेको।

चामर

र० ज० र० ज० र०

SIS. ISI. SIS. ISI. SIS.

भ्यागुता तलाउमा छ, नीचता छ कूपमा,
मूत भो अगस्तिको पुगूँ भने समुद्रमा,
हुन् समुद्रकै कलत्र छुन्न ती नदी, भनी
खान्छ नीर मेघकै डटेर चातक व्रती।

निशिपाल

भ० ज० स० न० र०

SII. ISI. IIS. III. SIS.

स्नेह गरूँ पुत्र बहिनी र अनुजादिमा,
भक्ति गरूँ मातृ-पितृ-देव-गुरु आदिमा
प्रेम गरूँ मित्रजन सत्य-सुकृतादिमा,
पुत्रसरी याद गरूँ ती अशक दीनमा।

विपिनतिलक

न० स० न० र० र०

III. IIS. III. SIS. SIS.

पशु–वलि दिंदा हृदय हर्षले भन्छ के ?
अघि मुनिहरू पनि त मेध नै गर्दथे,
रति–रस लिंदा समझना हुने कृष्णको,
अहह ! सब बुझ्क भयौं थियो तत्व के ?

चित्रा

३ मगण. २ यगण.

SSS. SSS. SSS. ISS. ISS.

८ मा यति

हेर्छौं यात्री ! केको जात्रा पर्दछौ छक्क पक्क
जाऊ आफ्नै सोझो बाटो छेउ लागो थपक्क,
थिच्ला मिच्ला किच्ला चाँडै बोक पाथेय-कन्था
यो लैलैमा लाग्छौ भाइ ! भत्किएला नि पन्था ।

अथवा

एला

स० ज० न० न० य०

IIS. ISI. III. III. ISS.

दिन तुल्य हुन्छ तब झलल मुनिलाई
जब रात पर्छ नर पशु विहगलाई,
जब रुन्छ लोक विपदमय भव ठानी
तब दङ्ग पर्दछ अति मन मन ज्ञानी ।

---

१६ अक्षर अष्टिभेद

पञ्चचामर वा नाराच

ज० र० ज० र० ज० गु०

ISI. SIS. ISI. SIS. ISI. S.

८ मा यति

लिएर नाम 'शारदा' बजाई वीण झञ्झम,
मिलाइ ताल पाउजेबको छमक्क छंछम,

रमाउँदै उदाउनोस् अगाडि, लौन लौ मुमा !
डुबें गभीर अज्ञता–समुद्रबीच वीचिमा ।

यसको आधा चरणको एक चरण हुनेलाई 'प्रमाणिका' वा 'नगस्वरूपिणी' भन्दछन् ।

वाणिनी

न० ज० भ० ज० र० गु०

।।।. ।ऽ।. ऽ।।. ।ऽ।. ऽ।ऽ. ऽ.

जबतक एक थ्यौ अटल थ्यो रिकार्ड ! तिम्रो
कदर थियो कहाँतक अवर्णनीय कस्तो,
जब छुटियौ पऱ्यौ तब रछानको कुनामा;
न छुटिनु भाइ भाइ, बल हुन्छ एकतामा ।

नील

५ भगण १ गु०

ऽ।।. ऽ।।. ऽ।।. ऽ।। ऽ।।. ऽ.

एक फुल्यो फुल, किन्तु मिलेन कुनै भँवरो,
हात पऱ्यो न कुनै रमणी जनको कमलो;
श्रीहरिको न चढ्यो शिरमा, न बस्यो संगमा,
हाय ! त्यसै बिचरोको कुहिएर खस्यो भुइँमा ।

चञ्चला

र० ज० र० ज० र० ल०

ऽ।ऽ. ।ऽ।. ऽ।ऽ. !ऽ।. ऽ।ऽ ।.

तात मात इष्टमित्र औ कलत्र चर्म वर्म
छन् निरर्थ पुत्र पौत्र शस्त्र अस्त्र वीर कर्म,
छैन साथमा त सत्यको सहाय एक धर्म
छौ तिमी अनाथ खास "धर्म छैन छैन शर्म ।"

ऋषभ-गज-विलसित

भ० र० न० न० न० गु०

SII. SIS. III. III. III S.

बज्दछ बाँसुरी सननन सननन गरी
गर्दछ फर्र सग्बग अलख भ्रमर सरी,
चल्छ बतास मन्द सिरिरिरि सिरिरिरि
जाऊँ कहाँ म पाउँ हरि, विकल छु सखि री !

चकिता

भ० स० म० त० न० गु०

SII IIS SSS SSI III S.

६, ४ मा यति

नाच्छ त कउडी चक् चक् चक् चक् ढुक् ढुकि मनमा
रक्त सुकिसक्यो हड्डी छाला मात्र छ तनमा
पर्छु चकित यो देख्ता वैरो लाग्दछ धनमा,
बाबु ! किन तिमी खेल्छौ जूवा ? जानु छ वनमा

मदनललिता

म० भ० न० म० न० गु०

SSS SII III SSS III S

१० मा यति

साथी सोद्धिनँ "अलख किन हो भुल्लो ! अधरको
लाली फाली मुख छ मलिनो छातो छ डरको
क्याहो चाला ?" मदनललिता भन्छिन् "अगि उहाँ
लोटें लागेछ र ? अधरमा घाउ पनि सखी"

प्रवरललित

य० म० न० स० र० गु०

ISS SSS III IIS SIS S

६ मा विश्राम

सबै हामी साक्षात् जनक हरिकै काखका ह्वौं
उनैले जे गर्छन् सब असल नै संझिदेऔं,
कहीं मिल्थे विष्णु ध्रुवकन ? कडा वाण जस्तो
कठै ! सानीमाको वचन नबिझेको भए त्यो ।

गरुडरुत

न० ज० भ० ज० त० गु०

III ISI SII ISI SSI S

५ मा विश्राम

गजब छ के ? गरेछ धनवानले दान लौ
गजब छ के ? भलो हुन गयौ त विद्वान् थियौ
गजब त यो छ भाइ सुन सोच कङ्गालको
पनि गतिमा भएन यदि चाल चण्डालको ।

अचलधृति

५ नगण १ लघु

III III III III III I

८ मा विश्राम

तरल-कमल-दल-गत-भ्रमर-नयन ।
शरद समय-शशिसम विमल-वदन ।
त्रिभुवन जन-हृदयकमल-मधुकर ।
शमलकमन-शर ! जय जय मुरहर !

———

१७ अक्षर अत्यष्टिभेद–

मालाधर

न० स० ज० स० य० ल गु०

||| ||S |S| ||S |SS | S

८ मा यति

चपल मन–वानर प्रथित मूर्खराजेश्वर !
घर किन बिगार्दछस् चकचकी गरी पामर !
कदर गुणको न ता छ, नित उफ्रिने केवल
नखिल कता कता हरबखत् मकैमै बल ।

शिखरिणी

य० म० न० स० भ० ल० गु०

|SS SSS ||| ||S S|| | S

६ मा यति

छुटायो प्याराको मुख–कमलदेखी बिलकुल,
अकेली के खाऊँ शिव शिव यि ताजा फल फुल,
हरे ! को पापीको करबिच पर्यौं हा प्रिय ! भनी
कठै ! झार्छे आँसू बरर असहाया सहचरी ।

उदाहरणान्तर—

वन–क्रीडा गर्दा शशक–शिशु❀ देखेर जसले
कुनै वेला स्वामीभुजयुग समाइन् तरसले,
उनै सीता कोही समय बिचरी, राक्षस–वशा
कहाँ पाउन् प्यारा, विषम विधि को चिन्छ सहसा ।

❀चौघडाको बच्चा ।

पृथ्वी

ज० स० ज० स० य० ल० गु०

ISI. IIS. ISI. IIS. ISS. I S

८ मा यति

भजूँ यदि सरस्वती सतत बुद्धिको चाहले,
रिसाइ कमला, म फेरि धन धान्य पाउन्न रे
रिझाउँ कमलालया पनि भने, लिएँ मूर्खता,
दुवैतिर चढेर जान्छ किन व्यर्थं आशा-लता ?

उदाहरणान्तर—

अगाडि छ पहाड दुर्गम, दवाग्नि बायाँतिर
प्रचण्ड छ यदा अगाध दह यो छ दायाँतिर,
पछाडि छ किरातको खलबली, उता पन्नग;
कसो गरुँ, कता म जाउँ भनि रुन्छ दुःखी मृग।

मन्दाक्रान्ता

म० भ० न० त० त० गु० गु०

SSS. SII. III. SSI SSI S. S.

४, ६ ७, मा विश्राम

दुखी पापी मन नपरने दास देखी रिसाई
लातै हाने पनि; खुशि भई सम्झला यो भलाई।
खाली तीखो पुलक-सुइरो नाथको पाउलाई
झस्का देला भनि डर यही लाग्छ शम्भो ! मलाई।

हरिणी

न० स० म० र० स० ल० गु०

ISI. IIS. SSS. SIS. IIS. I. S.

८ मा यति

शिव शिव ! उ छन् बाला, हामी यता शरमाउँछौं,
हृदय छ गुरू उन्को, हामी वृथा गरमाउँछौं,
दुइ कलश त्यो सुन्को उन्को छ हामि गरमाउँछौं;
परगतगुण–ग्राही भै बीचमा फरमाउँछौं।

बंशपत्रपतित

भ० र० न० भ० न० ल गु०

SII. SIS. III. SII. III. I. S.

१० मा यति

वृक्ष उमार्दछौं बिउ छरी, समय समयमा—
फूल फुलाउँछौं फलसमेत पनि कलमिमा,
चेतनको हुँदैन त्यसरी भन किन ? कलमी;
ईश्वरकै सबै खटन हो अबुझ किन ? तिमी।

नर्कुटक

न ज० भ ज० ज० ल० गु०

III. ISI. SII. ISI. ISI. I. S.

विपद पऱ्यो कुनै दिन कुनै जनको घरमा;
भरखरकी थिइन् विरहिणी दुहिता उनकी,
घर नजिकै थिए युवक नेत्र मिल्यो दुइको
समय छ दुःखको तर गभीर थिए दिलको
दिल पनि एक बालक भनूँ, कि अबूझ भनूँ,
न त मदमत्त पागल भनूँ, न विमूढ भनूँ।

सखि ! त्यस दुःखको समयमा पनि ती दुइका
गजप अहो ! कहाँतक, फस्यो दिलमा दिल त्यो । २ ।

कोकिलक

न० ज० भ० न० ज० ल० गु०
III. ISI. SII. III. ISI. I. S.

जति सुखमा विलसिहृदय छ प्रभो ! प्रभुको,
उति सबमा त निस्पृह किन ? कसरी ? प्रभुको,
जय मुखचन्द्र–मोहन ! जय जय हे भगवन् !
जय मुरली–सुशोभन ! जय विजयी मतिमन् !

हारिणी

म० भ० न० म० य० ल० गु०
SSS. SII. III. SSS. ISS. I. S.
१० मा विश्राम

शून्यै मेरो घर छ, जगतै शून्यै छ, आशा, अनि—
शून्यै मेरो थर छ, मनमा शून्यै छ चिन्ता पनि,
नाता गोता सुख शयल नै देख म ता शून्यमा,
शून्यै मेरो मन छ, लय छू त्यो शून्यको शून्यमा ।

भाराक्रान्ता

म० भ० न० र० स० ल० गु०
SSS. SII. III. SIS. IIS. I. S.

दिन्छन् तैसै जल नद नदी तृषार्त भए भने,
पाछूँ ठण्डा जलन उदराग्निको फल मूलले;
कन्था पन्थाबिच प्रचुर छन् टिपेर म लाउँछु,
आँसू आए परमप्रभुलाइ नै म रुवाउँछु ।

———

१८ अक्षर धृतिभेद

चर्चरी वा चञ्चरी

र० स० ज० ज० भ० र०

ऽ।ऽ. ।।ऽ. ।ऽ।. ।ऽ।. ऽ।।. ऽ।ऽ.

५, ५ मा विश्राम

१स्निग्ध २कुन्तल, चारु चञ्चल ३पीत ४अञ्चल फर्फर,
चन्द्र शीतल, स्वच्छ निर्मल ५जाह्नवीजल तर्बर,
शोक–भञ्जन लोकरञ्जन बाँसुरी–ध्वनि–६माधुरी
संझदा सखि ! चर्चरी मुटु चिर्छ मोहन–७ चातुरी

मञ्जीरा

म० म० भ० म० स० म०

ऽऽऽ. ऽऽऽ. ऽ।।. ऽऽऽ. ।।ऽ. ऽऽऽ.

९ मा विश्राम

खायौ ठक्कर हे घल्वा ! कति पायौ चौट सयौं छीनूको
पाक्यौ जल्दो आगोमा कति, चाख्तै छौ फल ऐले त्यस्को,
तह्र्यौ बाहूकै जो कोमल माला पद्मसरी बालाको,
पायौ डेरा काखीमा हृदयै तिम्रो तकिया गालाको ।

कुसुमितलता वेल्लिता

म० त० न० य० य० य०

ऽऽऽ. ऽऽ।. ।।।. ।ऽऽ. ।ऽऽ. ।ऽऽ.

५. ६. मा विश्राभ

हे तारन्पाती ! जुन दिन सबै वृक्ष नाङ्गो भएर
दास्ती देखाई दल फल दबाएर दुःखी बनेर

---

१ चिल्लो । २ अलख । ३ पहेंलो । ४ पछेउराको छेउ (फुर्को) । ५ गङ्गाजीको जल । ६ मधुरो ,मीठापन) । ७ चातुर्य अर्थात् चलाखी ।

बस्छन्, त्यस्ता ती दुख-दिवसमा छत्र (पत्र) छाया फिंजाई
राख्ने छायामा सबकन, अहो ! धन्य कस्तो तपा⁚ !

मन्दनछन्द

न० ज० भ० ज० र० र०
।।।. ।ऽ।. ऽ।।. ।ऽ।. ऽ।ऽ. ऽ।ऽ.

घर घर मर्दछन् कति पतङ्ग कीट प्राणीहरू,
तब त महामसान छ घरै, सधैं डराउ बरू,
किन भय मान्दछौ अधिक मानिसै मरेमा अहो !
जगत मशान हो, विहग कोटको पनी लाश हो ।

चित्रलेखा

म० भ० न० य० य० य०
ऽऽऽ. ऽ।।. ।।।. ।ऽऽ. ।ऽऽ. ।ऽऽ.
४, ७ मा विश्राम

आयो कोही शुभ दिन जसमा बागको भो बहाड,
पा-यो कोही दिन शिशिर पसी वृक्ष सारा उजाड,
आँसू झारी बरबर, पसिना काढदै, छाती फोडी,
केको फिक्री हृदय ! मफतमा गर्दछस् शान्ति छोडी ।

शार्दूललित

म० स० ज० स० त० स०
ऽऽऽ. ।।ऽ. ।ऽ।. ।।ऽ. ऽऽ।. ।।ऽ.

१२ मा यति

एक्लै जङ्गलमा बसेर हरदं जो गर्छ तपस,
काटेको रुखको ठुटों सरह हो त्यो स्वार्थ-अलस;
फैलाई, उपदेशको फल फली सेवा सकलको
जो गर्छन् गुरु-रत्न-कल्प-तरु हुन् ती भूमितलको !

१९ अक्षर, धृतिभेद

फुल्लदाम

म० त० न० स० र० र० गु०

SSS. SSI. III, IIS. SIS. SIS. S.

५, ७ मा विश्राम

पैले एकै भै म जनक–तनमा नाम लिन्थे विभूति,
छुट्टी, माताको अनि म उदरमा गर्दथें सानुभूति,
जन्में यो देहै अलग हुनगयो फैलियो प्रेम–जाल,
छोड़े त्यै माया पनि सब भवको पान्थ ! यस्तै छ हाल ।

सुरसा

म० र० भ० न० य० न० गु०

SSS. SIS. SII, III. ISS, III, S.

१४ मा विश्राम

(१) दिन्छौ आनन्द हामीहरुकन कहिल्यै भूल नगरी
हप्तामा एक फेरा तब त शनि (२) रह्यो नाम यसरी,
वज्री (३) को वज्र जस्तै विषम यदि भए खास भवमा
चल्नेथ्यो नाम तिम्रो अशनि (४) असुर (५) हामी मनुजमा ।

छाया

य० म० न० स० त० त० गु०

ISS SSS. III. IIS. SS. SSI. S.

६, ६ मा विश्राम

लिई यौटा आशा, क्रमसँग गरौं यो काम भन्ने मन
गऱ्यो, आयो आर्कै विपद सहसा थाहै नपाईकन,

---

(१) जागीरदारलाई हाम्रो यहाँ शनिवार छुट्टी हुने हुनाले सोही कुरा लिएर शनिवारको वर्णन। (२) शनिवार। (३) इन्द्र। (४) वज्र (५) देवता-भिन्न।

थिए राम श्रीमान् जुन दिन तयारी राजगद्दी लिन
गए प्यारी सीता र अनुज*लिई घोराटवी×त्यै दिन ।

मेघविस्फूर्जिता

य० म० न० स० र० र० गु०

ISS. SSS. III. IIS. SIS. SIS. S.

६, ६ मा यति

घुमी मागी मागी मुठिभर बरू अन्न पारेर जम्मा,
बनी सम्बन्धीको नयनपथमा कर्मनाशा विकम्बा
सही लाखौं पनि सकलको, प्राण ! पर्खी, अवश्य
तयारी पारौंला शिव शिव जपी त्यो उज्यालो भविष्य ।

शम्भु

स० त० य० भ० म० म० गु०

IIS. SSI. ISS. SII. SSS. SSS. S.

५. ५ मा विश्राम

करमा बाला, जयमाला ली मनको बत्ती बाली बाली,
मुखमा लाली, मधुपाली–(१) लोचनको गोटी चाली चाली
पद–शाखी (२) को सुनको वल्ली (३) पहिरी कल्ली, घुम्टो हाली,
सुकुमारी राज–सभामा हेरन ए आली ! घुम्छिन् खाली ।

चन्द्रमाला

न० न० न० ज० न० न० ल०

III. III. III. ISI. III. III. I.

रवि-किरण पनि अब त च्याउँदछ मम अनुज (४)
मुकुलित–नयन–कमल खोल नबनन अबुझ,

---

*भाइ । × घोर जङ्गल ! (२) भ्रमरजस्तो आँखा । (२) पाउरूपी वृक्ष । (३) लहरा । (४) भाई ।

चिरिबिरि खग–रव (५) सँग भन्छ अपगत रजनी–
मलयज-पवन (६) चलिरहेछ उठ उठ शज (य) नी ! ॥

शार्दूलविक्रीडित

म० स० ज० स० त० त० गु०
SSS. IIS. ISI. IIS. SSI. SSI S.
१२, ७ मा विश्राम

को ह्वौ भाई ! तिमी ?'—म मूर्खहरूको सर्दार हूँ, यो घना–
झाडीमा किन बस्तछौ ? पशुहरूलाई (७) गलाप्याउन,
केले कष्ट अहो ! उठाउनुभयो ?, खाई मलाई अनी—
पल्केका पशुले मनुष्यहरूको पारून् उछित्तो भनी ।

उदाहरणान्तर—

दानी व्यक्ति थिए बली तर बनै पातालमा भासिए,
सीताकै हुनगो अधोगति, पति श्रीराम जस्का थिए,
मुट्ठी तीन चलाउँदा र कनिका दुःखी सुदामा कति–
ऐश्वर्यादि-समृद्धि-शोभित बने, "धर्मस्य सूक्ष्मा गतिः" ।

२० अक्षर कृतिभेद

प्रमदानन, वा गीतिका छन्द

स० ज० ज० भ० र० स० ल० गु०
IIS. ISI. ISI. SII SIS IIS. I S
५, ५ मा विश्राम

करकापले बटुवा भयौं दुइ रात सत्तलमा बस्यौं,
सुख दुःखको सब याद भो, जुन प्रेम–पुष्प परागमा—

---

(५) चराहरूको बोली । (६) मलयपर्वतको हावा । (७) 'गलाप्याउन' यो लवज सुन्दा कुनै महापुरुष हुन् कि भन्ने संझेर आदरमा प्रश्न ।

भमरो भयौं सब त्यो झऱ्यो परतन्त्ररूप बतासले,
अब सुन्दरी ! म बिदा भएँ नभिजाइदेउन आँसुले।

चित्र, वा गण्डका छन्द

र० ज० र० ज० र० ज० गु० ल०
SIS. ISI. SIS. ISI. SIS. ISI. I. S.

भूमिमा छ गन्धवत्व धर्म, पानिमा छ शीत–पर्शवत्व,
तेजमा छ उष्ण-पर्शवत्व, अन्तरिक्षमा छ शब्दवत्त्व,
रूप छैन वायुको परन्तु हुन्छ पर्शवत्व एक धर्म,
चित्र नाम वृत्तमा सबै खुला गरिन्छ पञ्चतत्व–मर्म।

सुवदना

म० र० भ० न० म० भ० ल० गु०
SSS. SIS. SII. III. SSS. SII. I. S.

७, ७ मा विश्राम

खाँदा खाँदा अनेकौं विकट विपदको ठक्कर् भुवनमा
पर्दा पर्दा हजारौं जटिल विषयको सञ्चार मनमा
फैल्यो केही उज्यालो, तिरिमिरि तरियो, वैराग्य भरियो,
आखीरी एक आलम्बन शिव चरणद्वन्दै ठहरियो।

मेघ विस्फूर्जिता

य० म० न० न० त० त० गु० गु०
ISS. SSS. III. III. SSI. SSI S. S.

६, ७ मा यति

बने झैं दुर्गन्धी, कलुषित जलको झ्याउले टाकिएको
सुगन्धी श्रीखण्डै पनि, तदुपम (३) यो वाह्य दुर्वासनाको

(१) नाश। (२) वासस्थान। (३) त्यस्तै।

हिलोले ढाकेको छ विमल परमात्मा हिलो त्यो हटाऊ
पवित्र प्रज्ञाले, सुँघ अनि त्यसको वासना, लीन होऊ।

२१ अक्षर प्रकृति भेद

स्रग्धरा

म० र० भ० न० य० य० य०
SSS. SIS. SII. III. ISS. ISS. ISS.
७, ७ मा विश्राम

जन्मी यो लोकमा लौ 'अमर छु म' भनी भन्न को सक्छ ? भाई
यो जानी व्यर्थ एक्कै छिन पनि नबसे काललाई बिताई,
गर्नाले कर्कलाको दल बिच गुडने, जिन्दगीको भरोसा—
गर्नालि ताप होला पछि पछि, बुझ यो, सत्यमै झोस जोश।
अर्काको रीस छोडी अघि सर हितमा नित्य कर्तव्यलाई
लग्गू भै लाग गर्न प्रतिदिन, अनि पो हुन्छ तिम्रो भलाई,
आत्माले देह छोडेपछि पनि यश नै जिन्दगी हुन्छ तिम्रो
सुन्दैछौ नाम हर्दम् शुभ विमलयशः—ख्यातिमान् जीवनीको २

नरेन्द्र

भ० र० न० न० ज० ज० य०
SII. SIS. III. III. ISI. ISI. ISS.

लोक छ दङ्ग—दास चउर चउरमा छ बथान खसीको,
गर्दछ तौल, निल्छ घुट्ट घुट्ट थुक, वृद्ध छ वर्ष असीको,
लोभ र दङ्गले सकल-जन-मन पागल, दास, बनायो,❀
रुन्छ गरीब खालि शिव ! शिव ! अरुलाई दशैं जब आयो।

❀लोभले पागल बनायो दङ्गले दास बनायो।

सिद्धक वा सरसी छन्द

न० ज० भ० ज० ज० ज० र०

ǀǀǀ ǀSǀ Sǀǀ ǀSǀ ǀSǀ ǀSǀ SǀS

सुविमल चन्द्र नै मुकुट टल्ल छ सुन्दर, तारकागण
चम चम गर्दछन् विमल हार भएर पवित्र कञ्चन,
चमर छ काशको पवन चल्छ सुगन्धित हर्र शीतल;
सखि ऋतुराज हुन् कि हुँ शरद्, म चढाउँछु आँसुको जल।

२२ अक्षर आकृति भेद

मदिरा

७ भगण र एक गुरु

छैन कतै सुख छैन कतै भवको भुमरी बिच हेर्छु जति,
त्यै छ सुखी जुन हो अबलाजन-बन्धन-शून्य विशुद्धगति,
हो वर दोष यही त्यसमा हुन आउँछ उच्चविचारणमा
छैन समर्थ भने यदि, हुन्छ उदाहरणार्थ तुरङ्गममा।

हँसी

म० म० त० न० न० न० स० गु०

SSS SSS SSǀ ǀǀǀ ǀǀǀ ǀǀǀ ǀǀS S

४, ४ मा विश्राम

(१) गर्जे काला चक्कर वाला जलधर भुइँ पनि थरररर गर्ने
झर्झर्गर्छन् पानी पर्छन् अतिशय, विरहित मुटु मन हर्ने
झिलझिल गर्छन् विद्युत चिर्छन् चरर चरर मम मुटु पनि (२) बैनी !
आँला मात्रै गन्छ्यौ झन् झन् भन किन ? प्रियवर हरिहर खैनी ?

---

(१) पति परदेश गएको छ, मेघ र बिजुलीको चरित्र सहि नसक्नु छ, यो दुःख आफ्नो संगिनीसँग कुनै स्त्री पोख्तछिन्।
(२) सँगिनीचाहिं बुझ पचाएर झन् कुरा कोट्ट्याउँछिन्।

२३ अक्षर, विकृति भेद

सुन्दरी

स० स० भ० स० त० ज० ज० ल० गु०
IIS. IIS. SII. IIS. SSI. ISI. ISI. I. S.

अब जङ्गल जाऊँ, हरिपद पाऊँ, भोग विलास सबै सपना,
सुख-कारण साथी धरम छ यौटा पुत्र कलत्र सबै सपना"
मुखले त म भन्छु प्रियतम ! भन्दै प्रेम भरी नयनाम्बु लिई।
मुख-चन्द्र प्रियाको जब त उदायो हेरिरहन्छु विमूढ भई।

अश्वललित वा अद्रितनया

न० ज० भ० ज० भ० ज० भ० ल० गु०
III. ISI. SII. ISI. SII. ISI. SII. I. S.

यदि मनकै प्रभाव अति तेजले सुपथतर्फ बढ्दछ भने,
कुन चिज विश्वमा छ अति धैर्यसाथ तिमीले गरेर नहुने !
दृढ मनले सकिन्छ हुन मुक्त, पूर्णपथमा पुगिन्छ मनले,
क्षय-भय कुष्ट आदि सब भाग्दछन् प्रबल—रोगसंघ यसले।

मत्ताक्रीड

म० म० त० न० न० न० न० ल० गु०
SSS. SSS. SSI. III. III. III. III. I. S

अर्थात् 'हँसी' छन्दको पाउको अन्तिम वर्णभन्दा अघिल्लो एक गुरुको ठाउँमा दुइ लघु राखिदिनाले 'मत्ताक्रीड' छन्द हुन्छ। उदाहरण, जस्तै—

गर्जे काला ठक्करवाला जलधर भुइँ पनि थरररर गरी,
झर्झर्गर्छन् पानी पर्छन्, अतिशय, विरहित मृदु हृदय लिई,
झिल झिल गर्छन् विद्युत् चिर्छन् चररर मुटु पनि मम जति यसरी,
झन् झन् टाढा हुन्छन् प्यारा, भन सखि ! अब विरह सहनु कसरी ?

आर्को मदिरा छन्द

७ भगण २ गुरु

अर्थात् २२ अक्षर आकृतिभेदको 'मदिरा' छन्दमा आर्को १ गुरु थपे सोही नामको छन्द विकृतिमा पनि हुन्छ। उदा० जस्तै—

छोड घमण्ड तिमी मद–मत्त बनी, म छु उत्तम सभ्य भनी यो,
हे मृगनाभि ! *कुनै गुण गौरव छैन अवश्य, सोच तिमी यो,
भाव गभीर छ गौरव नै जुन खास निजै शुभ-जन्म दिनेको
कारण बन्दछ प्राण उडाउन, 'जीवन यो छ सधैं नचिन्हेको।'

२४ अक्षर, सङ्कृति भेद

दुर्मिला

८ सगण

अर्थात् 'तोटक' छन्दको दुइ पाउको एकै पाउ हुने दुर्मिला छन्द हुन्छ। जस्तै—

||S. ||S. ||S. ||S. ||S. ||S. ||S. ||S.

नृपको संगमा छ निवास सदा सुनको पिंजराबिच चैन गरी;
मसला फलफूल अनेक थरी दुधको बहँदो छ प्रशस्त झरी,
मुखमा छ सधैं हरिनाम, सुनी रमणीकल गायन मङ्गलमा,
तर भन्छ सुगा 'भगवन् ! कहिले पुगुँला जनमस्थल जंगलमा।

*कस्तूरी।

तन्वी

भ० त० न० स० भ० भ० न० य०

SII. SSI. III. IIS. SII. SII. III. ISS.

५, ७ मा विश्राम

काँथरलाई जगत छ डरको, देख्तछ जीवन मरण डरेको,
मृत्यु त हाम्रो नियत छ; किन हो काल भनेपछि थरर जगत् यो,
काँथरलाई पिउँदछ भयले, वीर छ जो पिउँदछ भयलाई,
पर्दछ फुल्नू, यदि दुइ दिन होस् सज्जनको मन-भँवर भुलाई।

किरीट

८ भगण

SII. SII. SII. SII SII. SII. SII. SII.

६, ६ मा विश्राम

आँप झर्‍यो, जब पाकिसक्यो अनि लिन्छ सडेर उही अमिलोपन,
सूर्य–नवोदितमा अनि अस्तमनक्षणमा पनि राग छ शोभन,
वृद्ध भएपछि मानिस नै पनि बन्दछ बालक यो छ सनातन,
जीर्ण भएपछि धेरजसो सब लिन्छ परिस्थिति धर्म पुरातन।

२५ अक्षर, अतिकृति भेद

क्रौञ्चपदा

SII. SSS. IIS. SII. III. III. III. III. S.

५, ५ मा विश्राम

भिक्षुक भन्ने नाम लिएका; तर बिनु अरक त पद पनि नचलोस्,
खानु छ गाँजा, कृत्रिम लट्टा घन बन उपमित शिव! बरु नजलोस्,
वास छ भट्टी, ध्येय परस्त्री, विधि र नियम किन रिपुसरह नहोस्,
चाल छ यस्तो, मान कसोरी अनि पछि जगबिच विबुधजन गरोस्।

२६ अक्षर, उत्कृति भेद

भुजङ्गविजृम्भित

म० म० त० न० न० न० र स० ल० गु०

SSS. SSS. SSI. III. III. III. SIS. IIS. I. S.

८, ११ मा यति

१ डुल्दै डुल्दै साथी साथी घर घर सब ब्रज-वनिताहरूतिर धाउने,
घुम्दा घुम्दा पाऊ गल्छन् बरु, दिनभर पनि माखनैतिर च्याउने,
राधालाई पर्दा बाधा हृदयज, अलिकति पनि ख्याल २ नै नगरी, ३ प्रिये !
राधा ! के भो ?, ४ केटाकेटीको सरह हजूरसंग अब के भनेर बताउने ।

दण्डक

२६ भन्दा बढ्ता अक्षरको पाउ भएकोलाई चण्डवृष्टि आदि दण्डकमा गणना गरिन्छ । भनेको छ—

आरम्भैकाक्षरात्पादादेकैकाक्षरवर्धितैः ।
पृथक्छन्दो भवेत्यादैर्यावत्षड्विंशतिं गतम् ।
तदूर्ध्वं चण्डवृष्टादिदण्डकाः परिकीर्तिताः ॥
वृत्तरत्नाकर ।

---

१ आफूसंग कुनै किसिमको विलास पनि नगरी बालकको चालले उपद्रो गर्दै हिंडेका कृष्णसङ्ग कामातुर राधाको उक्ति । २ ख्याल ठट्टा र याद विचार । ३ राधाको उक्तिगत व्यङ्ग्यार्थ नबुझे जस्तो गरी बीचैमा कृष्णको प्रश्न । ४ झर्केर राधाको मर्ममय उत्तर ।

२७ अक्षर

चण्डवृष्टि प्रपात दण्डक

२ नगण, ७ रगण

||| ||| SIS SIS SIS SIS SIS SIS SIS

जय जय जगदीश कृष्ण ! प्रभू !
चण्ड वृष्टि प्रपाताकुलीभूत भो, गोकुल
चरण पतित छौं प्रभो ! नाथका
भक्त हामी सबै, मर्न आँट्यौं भयौं आकुल
कमल-नयन लौन भन्ने सबै भक्तको
आर्त आवाज त्यो सुन्नुभो, तत्क्षणै
अनि हरि अघि सर्नुभो, अंगुलीले
उठाई वनाउनुभो छत्र गोवर्द्धनैं ।

इत्यादि दण्डक अरू पनि हुन्छन् ।

२९ अक्षर

शालूर छन्द

१ तगण ८ नगण ल० गु०

SSI ||| ||| ||| ||| ||| ||| ||| ||| I S

देखिन्छ कमलवन सिरिरि लघुपवन,
फुल फुल सुमधुर मधुकरको—
भन्कार छ भुनुनुनु, कुहु कुहु पिकगण
मलिन छ वदन विरहिजनको,

आनन्दित–युवजन, किसलय छ शयन,
प्रमुदित–मदन सुरभिऋतु हो!
या यो विरहितजनमन प्रहरण
विषमय कुसुमित-शर धनु हो।

३४ अक्षर

त्रिभंगी छन्द

न० न० न० न० न० न० स० स० भ० म० स० गु०
III. III. III. III. III. III. IIS. IIS. SII. SSS. IIS. S.
१६, ९, ५ मा विश्राम

वलयित विषधर जय जय जय हर!
विकट मसान–विहारी विषआहारी गिरिधारी,
स्मरहर नटवर तिलकित शशधर
त्रिपुर–बिनाशनकारी विमलाचारी मनकारी
पलक छ झिमि झिमि डमरु छ डिमि डिमि,
प्रभु शिवको पर पाउ मनमा ल्याऊ र रमाऊ,
मुनिजन विमल हृदयकमल–भ्रमर, सुरन्नर–
तारक नाऊ प्रभुको पाऊ नगुमाऊ। (१)

---

(१) लेखिएका यी दुई शाल्लूर र त्रिभङ्गी छन्दलाई प्राकृत पिङ्गलमा अरू वर्णवृत्त समको सरह प्रस्तारोत्तीर्ण मुक्तकवृत्त भनी गणना गरेको छ तापनि सामान्य नियमित लक्षणबाटै २६ अक्षरभन्दा बढता अक्षरको वरण भएकोले यसलाई दण्डकमा गणना गर्नु नै बेस छ।

अर्धसमवृत्त

जसमा समपाउको र विषम पाउको लक्षण भिन्न भिन्न छ त्यसलाई अर्धसम भनिन्छ। जस्तै—

मालभारिणी छन्द

स० स० ज० ग० ग० १, ३, स० भ० र० य० २, ४
IIS IIS ISI S S. १, ३, IIS SII SIS ISS २, ४

न अलीकति राहुको छ डङ्का,
क कतै भामिनी! दागको छ शङ्का,
बढदैछ कुनै अचिन्त्य शोभा,
मुख तिम्रो शशिलाई पार्छ तोभा।

उदाहरणान्तर—

धन दिन्छ न कोइली मलाई,
न त मेरो धन हर्छ काग आई;
किन कोकिलमा म गर्छु राग,
वचनै मा छ सबै अभाग भाग।

हरिणीप्लुता

स० स० स० ल० गु० १, ३ न० भ० भ० र० २, ४,
IIS IIS IIS I S १, ३ III SII SII SIS. २, ४,

विषयीजन को छ निरापद?
मदनको, धनको, छ कहाँ हद?
कसको मनलाई छ फुर्सद?
कुन धनीजन भिन्न छ दुर्मद?

आख्यानकी

त० त० ज० गु० गु० १, ३,   ज० त० ज० गु० गु० २, ४,
SSI SSI ISI S S १, ३,   ISI SSI ISI S S २, ४,

द्यौता वरैको, कबि भेटिएको,
नजीकको तीर्थ, सखा धनीको,
वैदे घरैको, मत मत्लबीको,
हुँदैन श्रद्धा यिनमा कसैको।

वेगवती

स० स० स० गु० १, ३,   भ० भ० भ० गु० गु० २, ४,
IIS IIS IIS S १, ३,   SII SII SII S S २, ४,

जलमा प्रतिबिम्ब परेको
सूर्य समान छ जीवन–आत्मा,
जसलाई घुमाउँछ माया,
श्रीरविलाई तरङ्ग समान।

वियोगिनी

स० स० ज० गु० १, ३,   स० भ० र० ल० गु० २, ४,
IIS IIS ISI S १, ३,   IIS SII SIS I S २, ४,

मन शून्य छ, केश ऊषर,
मलिनो भेष, कपोल धूसर,
सखि ! हैन भयौ कि योगिनी,
कि भयौ हाय कठै ! वियोगिनी।

पुष्पिताग्रा

न० न० र० य० १, ३,   न० ज० ज० र० गु० २, ४,
III III SIS ISS १, ३,   III ISI ISI SIS S २, ४,

वरिपरि रिपु मात्र देख्छु सारा,
विषयविषे कसको छ को सहारा ?

शिव ! शरण लिनोस लौन, आई,
किन अब घेर अबेर यो मलाई ।

अपरवक्त्र

न० न० र० ल० गु० १, ३, न० ज० ज० र० २, ४,
III III SIS I S १, ३, III ISI ISI SIS २, ४,

छन त छ अनगिन्ति कृत्य ता,
तर सकिंदैन सबै त गनं त्यो
मन मन बिन मुख्य धर्म के ?
सुन सँगि ! सत्य-विचार मात्र हो ।

उपचित्र

स० स० स० ल० गु० १, ३, भ० भ० भ० गु० गु० २, ४,
IIS IIS IIS I S १, ३, SII SII SII S S २, ४,

पतिदेखि बिछोट भयो जब
भो तब शून्य सबै जगतै यो,
यस शून्य विपत्मय विश्वमा
धैर्य दिने कुन चीज हुँदो हो ।

द्रुतमध्या

भ० भ० भ० गु० गु० १, ३, न० ज० ज० य०
SII. SII. SII S. S. १, ३, III. ISI. ISI. ISS.

बादल ! यो मन रुन्छ नमानी
विरहव्यथा–मय आँसु बहाई;
छोड, नहोउ सहानुभवी यो,
अझ किन व्यर्थ हलाउनु डाँको ।

भद्रविराट्

त० ज० र० गु० १, ३, म० स० ज० गु० गु० २, ४,
SSI. ISI. SIS. S. १, ३, SSS. IIS. ISI. S. S. २, ४,

सच्चा कविको सुनेर वाणी
को भुल्ला कविलाई भन्न ज्ञानी,
कस्तो छ अहो ! दुरुस्त ऐना,
सारा यो भव देखिने त्यसैमा ।

———

विषम छन्द

जसमा चारै चरणको लक्षण अलि अलि फरक भएको हुन्छ त्यस छन्दलाई विषम भनिन्छ । यसैमा—

उद्‌गता छन्द

स० ज० स० ल० (१) न० स० ज० गु० (२)
IIS. ISI. IIS. I. (१) III. IIS. ISI. S. (२)
भ० न० म० गु० (३) स० ज० स० ज० गु० (४)
SII. III. SII. S. (३) IIS. ISI. IIS. ISI. S. (४)

(१) सम नै थियो र रङ रूप
समझ (२) कदलीतिरै गयो,
त्यो त (३) दशन रहेछ अहो !
मदले प्रमत्त वनको गजेन्द्रको ।

(१) एकै । (२) केरा । (३) दाँत ।

आर्को थरि 'उद्गता'

स० ज० स० ल० (१) न० स० ज० गु० (२)
IIS. ISI. IIS. I. (१) III. IIS. ISI. S. (२)
भ० न० ज० ल० गु० (२) स० ज० स० ज० गु० (४)
SII. III. ISI. I. S. (२) IIS. ISI. IIS. ISI. S. (४)

पति–भक्ति धन्य, उसमै छ
मनसँग म भन्छु पद्मिनी !
दर्शनविनु रविको जसको––
नयनै प्रफुल्लित हुँदैन, त्यो तिमी ।

सौरभक छन्द

यसको पहिलो दोस्रो चौथो पाउमा उद्गताकै लक्षण र तेस्रोमा र० न० भ० गु० हुन्छ ।

रूप—IIS. ISI. IIS. S. (१) III. IIS. ISI. S. (२)
SIS. III. SII. S. (३) IIS. ISI. IIS. ISI. S. (४)

म उही गुलाफ, सब भृङ्ग
मसँग कसरी रमाउँथे,
त्यै म हूँ, तर, परें भुइँमा,
अब झस्किदै परपरै भए सब ।

ललित

यसमा पनि अरू उद्गताको जस्तो तेस्रो चरणमा न० न० स० स० रहन्छ ।

रूप––IIS. ISI. IIS. I (१) III. IIS. ISI. S. (२)
SIS. III. SII. S (३) IIS. ISI, IIS. ISI. S. (४)

पथमा भए निविड पङ्क
सभय नभएर कुल्चनू,

यदि अलि अलि छ भने त्यसमा
अझ सुग्घरै तरफ पाउ लाउनू ।

वैतालीय प्रकरण

सामान्य वैतालीय छन्द

यो छन्द मात्रा र वर्ण दुवैबाट बनाइन्छ, यसको पहिलो र तेस्रोमा अगाडि ६ मात्रा र त्यसपछि रगण, लघु, गुरु, सम पाउमा अगाडि ८ मात्रा र रगण, तथा लघु गुरु रहन्छ; परन्तु विषम पाउको ६ मात्रा लघु लघुको नहोस् । उदाहरण, जस्तै--

फुल्दैन अकाश–बीचमा
कहिल्यै केहि गरे पनी फुल,
सखि ! छोड, अधैर्य–वृक्षमा
किन भछर्यौ नयनाम्बु व्यर्थमा ।

औपच्छन्दसिक (वैतालीय)

६ मात्रा, र० ऽ।ऽ य० ।ऽऽ १, ३, । ८ मात्रा र० ऽ।ऽ य० ।ऽऽ २, ४ ।

यो आज मनुष्य–जन्म पाई,
गर्नै पर्दछ सद्विचार भाई !
कर्तव्य छ के ? बताउ हाम्रो,
साँचो के ? कुन हो विचार राम्रो ? ।

आपातलिका

६ मात्रा, भ० ऽ।। गु० २ ऽ-ऽ १, ३ । ८ मात्रा भ० ऽ।। गु० २ ऽऽ २. ४ ।

गाउँछ फुलको यदि कोही
गुणको मङ्गल निश्चय भोलि,

देउन आजै उसलाई,
सुन्न, नझर्दै त्यै प्रिय बोली।

दक्षिणान्तिका

यसमा प्रत्येक चरणमा दोस्रो अक्षर गुरु र पहिलो लघु हुनुपर्छ, अरू लक्षण वैतालीयको हुन्छ। जस्तै—

जती परोस् तापनि प्रभू!
सहन्छु आपत् पर्छु पाउमा'
म देह छोडेर पाउँ त्यै
हजूरको श्रीराम रूप नै।

यो छन्दमा नियमित अक्षर बाहेक बाँकी लक्षण आपातलिका र औपच्छन्दसिकको पनि रहन सक्छ।

उदीच्यवृत्ति

६ मात्रा, र० ल० गु० १,३। ८ मात्रा, र० ल० गु० २, ४।

यसमा विषम पाउमा दोस्रो र तेस्रो मात्रा मिलेर अक्षर गुरुरूपले रहन्छ। उदाहरण, जस्तै—

विचार छ भने धनी हुने
विद्यारत्न कमाउ बेसरी।
शिकार यदि गर्दछौं भने
पक्री बाँध-न-मार-केसरी॥

प्राच्यवृत्ति

यसको सम पाउमा चारौं र पाँचौं मात्रा मिलेर गुरुरूपले रहन्छ, अरू लक्षण उदीच्यवृत्तिको। जस्तै—

गाना रेकार्डमा भरी
दीर्घ जीवन गराउने सखे!
वर्षायौ आँसुको झरी,
प्रेम-लोकतिर छौ भने पखे।

प्रवृत्तक

यसमा विषम चरण उदीच्यवृत्तिको र सम चरण प्राच्यवृत्तिको हुन्छ। उदा० जस्तै—

प्रिये ! नरोऊ. बिदा भएँ
स्वर्गको शुभ विमानमा चढ़ें,
बसीरहूँला म फिल्ममा,
गर्नु दर्शन; कुरा सुनाउँला ।

अपरान्तिका

यसको चारै चरणमा प्रवृत्तिको समपाउको लक्षण रहन्छ। जस्तै—

आत्मा-गौरव मनोबल-प्रभा,
मानवृद्धि र समाज-सत्क्रिया
पाउने पनि उही छ सज्जन;
बस्छ वास जुन व्यक्तिमा धन ।

उदाहरणान्तर—

विचार पनि उसकै छ उत्तम;
चाहे होस् जस्तै अनुत्तम,
राम्रो उसकै जेसुकै पनि,
जुन व्यक्ति छ संसारमा धनी ।

चारुहासिनी

यसको चारै पाउमा प्रवृत्तकको विषम पाउको लक्षण रहन्छ। जस्तै—

झुकेर अति लाजले गरी
नवीन रस भावमा परी,
पसिन् मन्द मन्द खोपिमा
किन होला ? चारुहासिनी ।


यहाँ औपच्छन्दसिक बाहेक उपर्युक्त आपातलिका आदि ७ छन्दको प्रत्येक पाउमा एक गुरु बढाइदियो भने तत्तन्नामको औपच्छन्दसिक हुन्छ; जस्तै—

चित्रमा कविताको नमूना

आलस्य ! जा तँ वैरीको देशमा घरमा रमा
मातृभूतल यो हाम्रो वीर नेपालमा नआ,
माफी छैन यहाँ दुष्टहरूको अपराधमा
मारभा खडगको तीखो धार लालच गर्दछ ।

यो एउटा नमूनासम्म हो। यस्ता अनेक चक्रमा कविता बन्न सक्तछ ।

पं० जगन्नाथ बैजनाथ सेढाइँको चन्द्रमयुख र भूचन्द्र चन्द्रिकामा यो धेरै पाइन्छ ।



खड्गबन्ध

इति शुभम्

प्रत्यय

छन्दको रूप भेद आदि जान्नालाई--

प्रस्तार, नष्ट, उद्दिष्ट, एकद्व्यादि लगक्रिया,
अध्वयोग, र संख्यान, ६ थरी हुन्छ 'प्रत्यय'।

यो पनि सम अर्धसम विषम वर्णवृत्त र मात्रावृत्तको पनि हुन्छ।

वर्णिक प्रस्तारको सामान्य रीति

पहिले जति अक्षर भएका छन्दको प्रस्तार गर्नु छ त्यत्ति अक्षर-संख्याको गुरु चिह्न 'ऽ' पहिलो पङ्क्तिमा लेख, त्यसपछि अर्को पङ्क्तिमा पहिलो पङ्क्तिको पहिलो गुरुमन्तिर एउटा लघु '।' राख अरू माथि जस्तो छ त्यस्तै लेख; यसरी लेख्ता पङ्क्तिमा जुन गुरु चिह्न अगाडि छ त्यसमन्तिर लघु, र त्यसपछिका बाँकी माथिको जस्तै रहन दिनू। अघिल्लो गुरुभन्दा पनि अगाडि लघु रहेको छ भने त्यसदेखि मन्तिरको लहरमा माथि जतिओटा लघु छ उत्ति गुरु राखिदिनू, यसरी लेख्तै जाँदा आखिरमा सबै लघु हुन आउँछ, अनि प्रस्तार पूरा हुन्छ। संज्ञनाका निम्ति पद्यबद्ध विधि, जस्तै--

गुरु राख सबै पैले, अघिल्लो गुरु मन्तिर
लघु लेख, अरू, माथि जस्तै राख सरासर,
गुरुदेखि अगी जस्मा लघु देखिन्छ, त्यो मनि
गुरु नै राख, यसरी लेख्तै जाऊ चुनी चुनी,
आखीर लघुको रूप मात्र बाँकी रहेपछि
प्रस्तार हुन्छ पूरा, औ नलेख त्यसको पछि।

दुइ अक्षरको प्रस्तार, जस्तै––

(१) SS (२) IS (३) SI (४) II	जति जति अक्षर बढ्दै गयो उसको भन्दा उसको, उसको भन्दा उसको भेद दुगुना हुँदै जान्छ। जस्तो यो २ अक्षरको भेद ४ भयो, यस्तै ३ अक्षरको ८, र ४ अक्षरको १६ भेद हुन्छ यस्तै अरू पनि जान्नू।

३ अक्षरको प्रस्तार—

(१) SSS.
(२) ISS.
(३) SIS.
(४) IIS.
(५) SSI.
(६) ISI.
(७) SII.
(८) III.

४ अक्षरको प्रस्तार––

(१) SSSS.
(२) ISSS.
(३) SISS.
(४) IISS.
(५) SSIS
(६) ISIS.
(७) SIIS.
(८) III.
(९) SSSI.
(१०) ISSI.
(११) SISI.
(१२) IIS.
(१३) SSII.
(१४) ISII.
(१५) SIII.
(१६) IIII.

इत्यादि

अर्धसम छन्दको प्रस्तार

अर्धसम छन्दको प्रस्तार गर्दा पहिलो र दोस्रो, वा तेस्रो र चौथो चरण अर्थात् एक आधीलाई नै पाउ–कल्पना गरेर गनूं, जस्तो कि, सम पाउ २ अक्षरको थियो विषम पनि त्यस्तै भिन्नरूप २ अक्षरको, यसको प्रस्तार गर्नुपर्‍यो भने त्यो २ र ३ मिलाएर पहिले जम्मा ४ गुरु SSSS राख र माथि बताएको तरीकासँग प्रस्तार गर्दै जाऊ,

जम्मा १६ भेद हुन आउँछ; त्यसमा पहिलो SSSS. छैटौं ।S।S. एघारौं S।S।, सोह्रौं ।।।। भेदलाई नलेउ किनभने यसमा जो ४ ओटा वर्ण छन् तिनमा २ अक्षर सम पाउको र २ अक्षर विषम पाउको न हो ?, समवृत्तलाई मात्र मिल्ने उपर्युक्त ४ भेद लिनलाई हामी सक्दैनौं, किन कि २ अक्षर सम पाउको, २ अक्षर विषम पाउको मानेपछि ता उपर्युक्त भेदमा पाउ छुट्ट्याउँदा सम विषम रूपले रहेको नहुनाले दुवै चरण समै अर्थात् लघु गुरु, लघु गुरु, गुरु लघु, गुरु लघु, वा गुरु गुरु वा लघु लघु हुन आउँछ, यसकारण "प्रस्तुत भेदकारी विकल्पः प्रस्तारक्रमायातोऽपि वर्जनीयः" भनेको हुनाले यी ४ ओटालाई झिकेर शुद्ध अर्धसमको २ अक्षरको चरणभेद १२ ओटा मात्रै लिनू ।

२ अक्षरको १ पाउ ३ अक्षरको आर्को पाउ छ भने त्यस्ताको प्रस्तार गर्दा पनि दुवै पाउको अक्षर मिलाएर गर्नुपर्छ; तर त्यस्तोमा अक्षरैको घटी बढी हुने हुनाले भेदमध्येमा छानेर झिकिरहनुपर्दैन । यस्तै अरू पनि बुझ्नू ।

विषम वृत्तको प्रस्तार

विषम छन्दको प्रस्तार गर्दा चारै पाउको अक्षरसंख्या मिलाएर गर्नु । जस्तै २ अक्षरको पाउ भएको विषमवृत्ताको प्रस्तार गर्नुपर्‍यो भने चारै पाउको गरी ८ अक्षर बनाएर पहिले ८ गुरु SSSS.SSSS लेख र पूर्वोक्त रीतिले प्रस्तार गर्दै जाऊ, यसरी गर्दा आएको भेदरूपमा अगि अर्धसमछन्दमा आएका भेदमध्ये समवृत्तासँग मिल्ने भेदलाई झिके झैं यो विषम छन्दको प्रस्तारमा आएका भेदमध्ये सम अर्धसम दुवै थरी छन्दसँग मिल्ने भेदलाई छोड्नुपर्छ । जस्तै पहिलो भेद SSSS SSSS यो भयो भनूँ, अब यसलाई ४ टुक्रा पार, चारै पाउमा एकैनासको (सम) हुन आउँछ, त्यसो हुँदा यसलाई छोड्नै पर्‍यो, अठारौं भेद,

ISSS ISSS यसलाई ४ भाग लगाउँदा अर्धसम छन्दको भेदमा मिल्न आउँछ यो पनि छाड्ने पर्‍यो, यस्तै पैंतीसौं SISS. SISS बाउन्नौं IISS IISS इत्यादि अरू पनि जान्नू। यसै गरी अरू अक्षरमा पनि सम्झनू।

मात्रा–प्रस्तार–

यसमा सामान्य नियम वर्णिककै हो। विशेष, जति मात्राको प्रस्तार गर्नुछ तिनलाई २ मात्राको एक गुरुका हिसाबले गुरु चिह्नमा लेख। मात्रा विजोर छ भने एक मात्राको लघु चिह्न बढता हुन आउँछ, त्यसलाई सबै भन्दा अघिल्तिर राखिदिनू। जस्तै ५ मात्राको चरणको प्रस्तार गर्नुपर्‍यो भने पहिले यसरी ISS राख्नू।

सामान्य नियम छ अघिल्लो गुरुमन्तिर लघु राख्नू भन्ने, त्यो नियम यसमा पनि लाग्दछ; परन्तु लघु राख्ता यो कुराको विचार राख्नुपर्छ कि जुन गुरुभन्दा अगाडि आर्को लघु छ त्यो गुरुमन्तिर लघु लेख्ता एउटा मात्रै लेख्नू। अब दुइ मात्रिक गुरुको मन्तिर एक लघु मात्रै राख्ता एक मात्रा त पुगेन, त्यो एक मात्रा र त्योभन्दा माथिल्लो पङ्क्तिको गुरुभन्दा अगाडिको लघु १ मात्रा मिलाएर दुइ मात्रा गरी त्यो गुरुभन्दा अघिल्लो माथिल्लो पङ्क्तिको लघुदेखि मन्तिर

एउटा गुरु चिह्न लेख्नू। जस्तो 'ISS' यहाँ यसको मन्तिर प्रस्तार ल्याउँदा 'SIS' यस्तो हुन्छ, अगाडि १ लघु मात्रै रहेछ भने त यसरी ISS भयो तर अगाडि लघुगुरु मात्रा धेरै रहेछ भने ? जस्तो IIIS यो ISS अब यसमा प्रस्तार गर्दा गुरुमनि १ लघु लेख अनि १ मात्रा बाँकी रहन्छ, त्यो १ मात्रा र अगाडिको १ मात्रा मिलाएर "गुरुदेखि अगी जस्मा लघु देखिन्छ त्योमनि गुरु नै राख" भनेकोले एउटा गुरु नै राख्नुपर्छ, फेरि मास्तिर २ मात्रा अर्थात् २ लघु बाँकी रहन्छन् ती लघुरूप २ मात्राको मन्तिर द्विमात्रिक हुनाले गुरु चिह्न एउटा राखिदिनू तब IIIS यस्ताको SSI यस्तो हुन्छ। एउटा लघु मात्रा बढता भएकोमा जस्तो IISI योमन्तिर प्रस्तार ल्याउनुपर्‍यो भने फुटकर रहेको लघु मात्रालाई सबै अगाडि ISII यसरी राखिदिनू। जुन गुरुभन्दा अगाडि कुनै लघु छैन त्यो गुरुदेखि मन्तिर लघु राख्नुपर्‍यो भने दुइटा राखिदिनू जस्तो कि SSI यसको मन्तिरको पङ्क्ति यस्तो IISI रहन्छ, यसरी लैजाँदा अरू वर्णिक प्रस्तार झैं आखिरमा सबै लघु मात्रै हुन आएपछि प्रस्तार पूरा भयो भन्ने बुझ्नू। तल दिइएका उदाहरणहरूबाट काइदा सजिलैसँग बुझ्न सकिन्छ। जस्तै—

एक मात्राको प्रस्तार 'I' दुई मात्राको 'S' र 'II' दुइटा हुन्छ

तीन मात्राको प्रस्तार

(१) IS (२) SI (३) III

चार मात्राको प्रस्तार

(१) SS (२) IIS (३) ISI (४) SSI (५) IIII

पाँच मात्राको प्रस्तार

(?) ISS (२) SIS (३) IIIS (४) SSI (२) IISI (६) SII

(७) SIII (८) IIIII

६ मात्राको प्रस्तार

(१) SSS (२) IISS (३) ISIS (४) SIS (५) IIIIS (६) ISSI (७) SIS (८) IIISI (९) SSIIII (१०) IISII (११) ISIII (१२) SII (१३) IIIII

७ मात्राको ऐ

(१) ISSS (२) SISS (३) IISS (४) SSIS (५) IISIS (६) ISIIS (७) SIIIS (८) IIIIS (९) SSSI (१०) IISSI (११) ISISI (१२) SIISI (१३) IIIISI (१४) ISSII (१५) SISII (१६) IIISII (१७) SSI (१८) IISIII (१९) ISIIII (२०) SIIII (२१) IIIIIII

कति मात्राको प्रस्तारको जम्बा भेद संख्या कति हुन्छ—

यो जान्ने तरीका यो छ कि जस्तो एक मात्राको भेद एक, दुइ मात्राको भेद दुइ, तीन मात्राको भेद संख्या तीन हुन्छ; त्यस्तै ४ मात्राको भेद संख्या ल्याउनुपरे के गर्ने ? सुन, यसमा अगाडिका दुइ भेद संख्या मिलाउनू, यसको संख्या आउँछ। त्यस्तै ४ भन्दा अगाडिको ३ मात्राको भेद ३ र त्यो ३ मात्राभन्दा पनि अगाडिको २ मात्राको भेद २ यी ३ र २ मिलाउँदा ३ + २=५ पाँच आउँछ यै ५, चार मात्राको भेद संख्या हो। यस्तै ५ मात्राको भेद ल्याउनलाई ४ मात्रा र ३ मात्राको भेद संख्या ५ र ३ जोड ५ + ३=८ आठ हुन्छ, यै यसको भेद संख्या हो। त्यस्तै ६ मात्राको भेद जान्नलाई ४ मात्रा र ५ मात्राको भेद संख्या ५ र ८ जोड़ ५+८=१३ तेह्र हुन्छ, यै ६ मात्राको भेद संख्या हो। त्यस्तै अरू पनि बुझ्नू।

तलको सारिणीमा १ देखि २० मात्रासम्मका सब छन्दको संख्या दिएको छ—

मात्रा	१	२	३	४	५	६	७	८	९	१०	११
भेद संख्या	१	२	३	५	८	१३	२१	३४	५५	८९	१४४
मात्रा	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	×	×
भेद– संख्या	२२३	३७७	६१०	९८७	१५३७	२५८४	४१८१	६७६५	१०९४६	×	×

छन्दका भेदको जम्बा संख्यालाई पूर्णाङ्क भन्दछन्, जस्तै सारिणीमा लेखिएबमोजिम ६ मात्राको भेदसंख्या वा पूर्णाङ्क १३।८ मात्राको पूर्णाङ्क ३४।९ मात्राको ५५।१० को ८९ इत्यादि ।

———

नष्ट

कुनै नियत वर्णको प्रस्तारमा विशेष रूप (भेदमध्येको कुनै एउटा रूप) देखाउनलाई नष्ट भन्दछन् । जस्तो कि ३ अक्षरको प्रस्तारमा पाँचौं भेदको रूप कस्तो हुन्छ ? अथवा ४ वर्णको प्रस्तारमा दशौं रूप कस्तो हुन्छ ? भन्ने इत्यादि नष्टका प्रश्न हुन् ।

नष्टमा भेदको संख्या विजोर छ कि जोर छ,
विजोर छ भने लेख गुरु, जोर भए लघु,
विजोरमा थपी एक फेरि, त्यो पार्नु जोर नै,
पर्दैन जोरमा एक थप्न जोरै छ त्यो त्यसै,
आधा गर्नू त्यही अङ्क, हुन आयो भने सम
लघुको रूप देखाऊ, गुरु लेख बिजोरमा,
जति अक्षरको भेद जान्नु छ त्यतिपल्ट नै-
यस्तै प्रकारले गर्दै जाऊ विज्ञान नष्टको
नष्ट गर्दा पुग्यो एक अङ्क सम्म पनी; तर
जति अक्षरको भेद 'खोल्नु छ त्यति वर्णको
संख्यासम्म भने छैन पुगेको; यसमा कसो-
गर्नू ? भने-त्यही एक साथ जोडेर एक नै
गराउनू दुई, आधा त्यसलाई गरीदिनु
एक हुन्छ, अनी लेख्नू गुरु चिह्न यसै गरी
जति अक्षरको भेद खोल्नु छ त्यतिसम्म नै
जोड्दै गराउँदै आधा लेख्तै जानू बराबर,
नष्टको यै तरीकाले भेद छुट्ट्याउने गर।

अर्थात् यदि अक्षरको फलानोचाहिं भेदको रूप कस्तो हुन्छ भन्ने कुरा जान्नुपऱ्यो भने त्यो पहिलो दोस्रो तेस्रो आदिमा कुनचाहिं हो

त्यो भेदको संख्या कति छ [जस्तो पहिलोको भेदसंख्या १ दोस्राको २ तेस्राको ३ इत्यादि] त्यो पनि जोर छ कि विजोर छ जोर भए लघु लेख्नू विजोर छ भने गुरु, त्यो संख्यालाई फेरि आधा गराउनू आधा गर्नलाई विजोर संख्याको चाहिं आधा हुन सक्तैन, यसकारण त्यसमा पनि १ थपी जोरैं तुल्याई आधा गर्नू र त्यो आधा गरेको अङ्क पनि जोर भए लघु र विजोर भए गुरु लेख्नू। यस तरीकासँग जति अक्षरको भेंद रूप खोल्नुपरेको छ उतिपल्ट नष्ट गर्नुपर्छ; यसरी आधा गर्दै रूप लेख्तै जाँदा १ सम्म बाँकी रहिसक्यो, परन्तु जति अक्षरको संख्या पुऱ्याउनुपर्छ; त्यति पुगेन भने जबसम्म पुग्दैन त्यहाँसम्म एकमा आर्को एक कल्पना गर्दै जोड्दै आधा गराउँदै गुरु लेख्तै जानू।

जस्तो ५ अक्षरको प्रस्तारमा तीनौं भेदको रूप कस्तो हुन्छ भन्ने कुरा जान्नुपऱ्यो भने यसमा नष्ट गर्दा भेद भयो तेस्रो, ३ बिजोर संख्या हुनाले पहिले गुरु ऽ लेख र अनि त्यो ३ मा १ कल्पना गरी जोडेर ४ बनाऊ र त्यसको आधा २ हुन्छ, त्यो २ सम (जोर) हुनाले त्यो लघु चिह्नले देखाऊ; अनि त्यो २ लाई पनि आधा गराऊ १ हुन्छ, विषम (बिजोर) भएकोले फेरि त्यसलाई गुरु चिह्नमा लेख। अब एक अङ्क मात्रै बाँकी रहिसक्यो ५ अक्षरको संख्या भने पुगेको छैन भर्खर 'ऽ।ऽ' यस्तो ३ ओटा मात्रै भयो, के गर्ने? यसमा फेरि त्यो एकसँग आर्को कल्पित एक जोडी २ तुल्याई त्यसको पनि आधा १ गराएर गुरु चिह्नमा लेख 'ऽ।ऽऽ' यति हुन्छ। फेरि पनि त्यो बाँकी रहेको १ लाई यसै गर, अनि ५ अक्षरको प्रस्तारमा तीनौं भेदको रूप यस्तो 'ऽ।ऽऽऽ' हुन्छ भन्ने कुरा विदित हुनेछ। रीत यही हो, यस्तै अरू पनि बुझ्नू!

अर्ध समको नष्ट

यसमा पनि रीत समकै हो, प्रस्तारमा आध्रीबाट क्रिया हुने हुनाले यो नष्टमा पनि आध्री नै लिनुपर्छ। अब जस्तो २ अक्षरको पाउ

भएको अर्धसमको प्रस्तारमा पाँचौं (१) भेदको रूप कस्तो हुन्छ ? यो कुरा जान्नलाई आर्को पाउ पनि २ अक्षरकै रहेछ भने दुइ पाउका २, २ अक्षर मिलाएर ४ अक्षर लिनू र माथि बताएबमोजिमको नियमले नष्ट गर्नू यस्तो 'ऽऽ।ऽ' रूपको भेद खुल्न आउँछ ।

यसको कुनै भेद रूप समसँग मिल्ने पनि हुन्छ जस्तो यसैमा पहिलो भेद रूप 'ऽऽऽऽ' यो समवृत्तको प्रस्तारभेदमा पनि मिल्दछ मिले तापनि त्यो पहिलो भेद-रूपलाई समेत छ्यासमिसे पारेर गन्दै ल्याए माथि लेखिएको 'ऽऽऽ' यो भेद पाँचौंमा पर्दछ, यसैको समसँग पनि मिल्ने प्रस्तारको पहिलो भेदलाई गणना नगरी शुद्ध अर्धसम अर्थात् दोस्रो प्रस्तार भेददेखि मात्रै लिए चौथो भेदमा गनिन्छ । यस्तै अरू पनि बुझ्नू ।

विषमको नष्ट

विषमको नष्ट गर्दा पनि तरीका त त्यही हो, तर प्रस्तारमा बताए बमोजिम यहाँ पनि चारै पाउको अक्षर मिलाएर गर्नुपर्छ । जस्तै २ अक्षरको चौथो भेद कस्तो हुन्छ ? यो कुरा जान्नलाई माथि बताएको काइदासँग गर्दा चौथो भेद यस्तो '।।ऽऽऽऽऽऽ' हुन आउँछ ।

यसमा पनि भेदहरूमध्येमा सम अर्धसममा पनि मिल्ने भेदहरू समेत लिएमा गिन्ती गर्दा यो '।।ऽऽऽऽऽऽ', चौथोचाहिं भेद हुन आउँछ; शुद्ध विषम [अर्थात् अरू सम अर्धसममा मिल्ने भेदहरूलाई त्यसै छाडेर अरूसँग नमिल्ने भेद मात्रै] गिन्ती गर्दै ल्याउँदा यो लेखिएको भेद तेस्रो हुन आउँछ । विषममा अरू पनि यस्तै बुझ्नू ।

---

(१) सम छन्दमा भए २ अक्षरको पाउको पाँचौं भेद हुनै सक्तैन ।

मात्रिक नष्ट

मात्रिक प्रस्तारमा बताएबमोजिमको पूर्णाङ्कमा कुनै मात्रिकको एउटा जुनचाहिं भेद निकाल्नुपरेको छ त्यही भेदको संख्यालाई घटाइदेऊ जति बाँकी रहन्छ, त्यो अङ्कमा पूर्णाङ्कभन्दा अगाडिको अङ्क घटाउन खोज, घट्यो भने त्यैं अङ्कमन्तिर पछाडिको पूर्णाङ्कको र त्यो घटेको अङ्कमन्तिरको २ मात्रा मिलाएर गुरु (द्विमात्रिक चिह्न) लेख, त्यो ता घटेन र त्योभन्दा पनि अघिल्लो अङ्क त्यो शेषाङ्कमा घट्यो भने त्यै घट्ने अङ्कमन्तिर, अगि नघट्ने २ टा अङ्कमनिको र त्यो घट्ने चाहिंको समेत गरी जम्बा मात्रा ३ हुन्छ, त्यसमा पूर्णाङ्क अर्थात् तीन मात्रामध्ये सबै भन्दा पछाडिको अङ्कमनिको मात्रालाई त्यैं मन्तिर एउटा लघु नै लेख्नू, बाँकी अगाडिका २ अङ्कमनिका २ मात्रालाई मिलाई त्यै घट्नेचाहिं अङ्कको मन्तिर गुरु चिह्नमा लेखिदिनू। अब त्यो शेषांकमा कति घटायौ, कति बाँकी रह्यो, अर्थात् जुन अंक शेषांकमा घट्तछ त्योमन्तिर ता गुरु लेखिहालियो; परन्तु त्यसमा कति घटेर कति बाँकी रहेको छ, त्यो बाँकी रहेको अंकमा अगि घटेको अङ्कभन्दा अघिल्लो अंक घट्छ घट्तैन माथि लेखिएको रीतसँग गर्दै जानू ! घटाउँदै घटाउँदै जाँदा शेषांक भने सिद्धियो अगाडि पूर्णाङ्कहरू र ती मनिका मात्राहरू भने बाँकी नै छन् भने यसमा अगाडि मात्रा जति छन्; ती जस्ताको तस्तै तल उतारिदिनू। यसरी गर्दा मात्रिक नष्ट पूरा भै भेदरूप उत्रिन्छ।

उदाहरणका निम्ति प्रश्नोत्तर जस्तै—

६ मात्राको प्रस्तरमा छैटौं रूप कस्तो हुन्छ ?—प्रश्न।

अब यहाँ ६ मात्रा लस्करै लघु चिह्नमा लेख, र त्यो त्यो लघुरूप-मात्रामाथि पूर्णाङ्क १,२ गरेर लेख्तै जाऊ।

१	२	३	५	८	१३
।	।	।	।	।	।
।	ऽ		ऽ		ऽ

नियमानुसार पूर्णाङ्क १३ मा भेद संख्या ६ घटाऊ ७ बाँकी रहन्छ, अनि त्यो बाँकी रहेको ७ मा पूर्णाङ्क १३ भन्दा अगाडिको पाँचौं मात्राको पूर्णाङ्क ८ ता घट्न सक्तैन ८ नघटे पनि त्योभन्दा अघिल्लो चारौं मात्राको पूर्णाङ्क ५ ता घट्छ कि, अतः पछाडिको पूर्णाङ्क १३, त्यस-अघिको ८, त्योभन्दा पनि अघिको ५ समेत गरी जम्बा तीनओटा अंकमनिको तीन मात्रा अगाडिका ८ र ५ यी दुइ अंकमनिका २ ओटा मात्रा मिलाएर ५ अंकमनि गुरु (द्विमात्रिक चिन्ह) लेख्नू, पछिल्लो पूर्णाङ्क १३ मनिको मात्रा एउटा लघुरूपमै तल उतारिदिनू।

अब अगि शेष रहेको ७ मा त्यो ५ घटाउँदा कति बाँकी रह्यो? २, त्यो २ मा ५ अंकभन्दा अगाडिको ३ ता घट्तैन, ३ नघटे पनि २ ता घट्छ कि, यसकारण २ को मन्तिर तेस्रो र दोस्रो मात्रा मिलाएर एउटा गुरु लेख। घटाउने अंक सिद्धियो, अगाडि लघु मात्रा एउटा बाँकी छ, त्यो जस्ताको तस्तै त्यसै तल उतार र जम्बा हुँदा यस्तो '।ऽ।ऽ।' हुन्छ। ६ मात्राको प्रस्तारको छैटौं रूप यही हो।

उदाहरण २–७ मात्राको प्रस्तारमा तीनौं भेद कस्तो हुन्छ ?

१	२	३	५	८	१३	२१
।	।	।	।	।	।	।
।	।	।	ऽ		ऽ	

यसमा पूर्णाङ्क २१ मा भेद संख्या ३ घटाऊ १८ आउँछ, त्यो १८ मा १३ घट्तछ, घटाऊ ५ बाँकी रहन्छ, अब त्यो २१ र १३ दुवैमा

घटेको र ती दुईभन्दा अगाडिको ८ मा नघट्ने हुनाले तीनै २ टाको मात्रा मिलाएर १३ अङ्कमनि एउटा गुरु लेख, अनि अगि घटाएर बाँकी रहेको ५ मा ८ घट्न त सक्तैन ५ ता घट्तछ अतः त्यो ५ मनि एक गुरु लेख। अब ५ मा ५ घटेपछि अंकको काम ता सिद्धिहाल्यो, बाँकी ३ लघु जस्ताको तस्तै लघु नै रहन्छन्, जस्तै ।।ऽऽ

उदाहरण ३ :—६ मात्राको प्रस्तारमा दशौं रूप यस्तो हुन्छ ।।ऽ।ऽ

रीति :—	१	२	३	५	८	१३
	।	।	।	।	।	।
	।	।	ऽ		।	।

पूर्णाङ्क १३ मा भेद संख्या १० घटाऊ ३ बाँकी रहन्छ, ३ मा ८ पनि ५ पनि घट्न सक्तैन, ३ घट्छ, र ५ अंकमनिको १ मात्रा मिलाएर ३ अंकमनि गुरु लेख, त्यो ५ भन्दा पछाडिका ८ र १३ मन्तिर एक एकओटा लघु नै उत्रिन्छन्। अब ३ मा ३ घटाउँदा अंक सिद्धिहाल्यो, बाँकी अर्थात् १, २ अंकमन्तिर लघुकै मात्रा जस्ताको तस्तै तल उतारिदिनू '।।ऽ।।' यस्तो हुन्छ। यस्तै गरी अरूको पनि भेद देखाउनू !

उद्दिष्ट

कसैले प्रस्तारको भेदमध्ये एउटा कुनै भेद लेखेर यो कुन भेद हो ? भन भन्ने प्रश्न गर्‍यो भने त्यसमा यो फलानोचाहिं भेदको रूप हो भनी बताउने तरीकालाई उद्दिष्ट भन्दछन्। पद्यमा त्यसको रीति जस्तै––

लेखिएको कुनै रूप–भेद जान्नुपर्‍यो भने
दुगुना अङ्क ती रूपमाथि लेख्तै चढाउनू,

एकदेखि जति अङ्क लेखिएको छ भेदमा
लघुमास्तिरका अङ्क जति मात्र मिलाउनू,
त्यो योगफलमा आर्कै एक फेरि मिलाउँदा
जति हुन्छ, त्यहीचाहिं भेद त्यो हुन्छ संझिनू ।

अर्थात् कुनै भेदका रूपको मास्तिर १ देखि लिएर अङ्क दुगुना गर्दै लेख्तै जानू; जस्तो कि अगिल्लो (लघु वा गुरु) चिह्नदेखि मास्तिर १, दोस्रो चिह्नमास्तिर २, तेस्रोमाथि ४, चौथोमाथि ८ यसरी लेख्तै जानू. तिनमा लघुदेखि मास्तिर लेखिएका अङ्क जति र आर्को कल्पित १ समेत थपेर जोड्दा जति अङ्क आउँछ त्यो उत्तर हुन्छ ।

उदाहरण, जस्तै—

प्रश्न—यो 'ऽऽ।। कुन भेद रूप हो बताऊ ।

उत्तर—

१	२	४	८
ऽ	ऽ	।	।

यसरी अङ्क दोब्र्याउँदै जाँदा यहाँ लघु चिह्नको मास्तिर ४ र ८ रहेको छ, यो ४ र ८ मा आर्को १ कल्पना गरी जोड्दा योगफल १३ हुन्छ । यतैबाट यो वर्णको प्रस्तार यो तेह्रौं भेद भन्ने देखियो । ४+८+१=१३ ।

प्रश्न—'।।ऽ' यो कुन भेद हो ?

उत्तर——— '१ | २ | ४ / । | । | ऽ', १+२+१=४

यो ३ अक्षरको प्रस्तारमा चारौं भेद हो यस्तै अरू पनि बुझ्नू ।

अर्धसम विषममा पनि तरीका यही हो, शुद्ध र छ्यासमिसेलाई प्रस्तार र नष्टको जस्तै रीत संझनू ।

=]०:×:०[=

मात्रिक उद्दिष्ट

भेद चिन्नलाई जस्तो रूप दिएको छ त्यसमा १, २, ५, ८, १३ गर्दै पूर्णाङ्क लेख्तै जाऊ; तर अङ्क यस तरीकासँग राख कि जहाँ लघु छ लघुको चाहिं मास्तिर मात्रै, गुरुको चाहिं जहाँ जहाँ गुरु छ क्रमैसँग त्यो गुरुको मन्तिर पनि मास्तिर पनि, पूर्णाङ्क लेख्तै जाऊ । गुरुदेखि

मास्तिरका अङ्क जति जोडेर आएको फल पछिल्लोचाहिं पूर्णाङ्कमा घटाइदेऊ, जति बाँकी रहन्छ त्यै उत्तर हुन्छ । जस्तै—

१	२	५	१३	२१
।	ऽ	ऽ	।	।
	३	८		

माथि लेखिएअनुसार पूर्णाङ्क राख्तै जाँदा यहाँ गुरुदेखि मास्तिर २ र ५ रह्यो । यी दुइलाई जोड्दा ७ हुन्छ, त्यो ७ अन्तिम पूर्णाङ्क २१ मा घटाइदेऊ १४ आउँछ। यसबाट यो ७ मात्रिक प्रस्तारको चौधौं भेद रहेछ भन्ने कुरा थाहा भयो ।

अभीष्ट उत्तर=२१–(२+५)=१४

प्रश्न—६ मात्राको प्रस्तारमा 'ऽऽ।।' यो कुन भेद हो ?

"१	३	८	१३"
ऽ	ऽ	।	।
२	५		

अभीष्ट उत्तर=१३-(१+३)=९ यो नवौं भेद हो ।

—०]+०+[०—

एकद्व्यादि लगक्रिया

मेरुबाट कुनै वर्णको प्रस्तारमा कति गुरु भएको,कति र कति लघु भएको कति हुन्छ भन्ने कुराको बोध हुन्छ; यो जान्ने तरीकालाई 'एकद्व्यादि लगक्रिया' भन्दछन् ।

लगक्रिया पऱ्यो गर्न जति वार्णिकछन्दको
त्यति अक्षरको संख्यादेखि एकाङ्कसम्म नै

लेख्नू र त्यसकै माथि तिनै अङ्कहरू सबै
उल्टो संख्या गरी लेख्नू, तल्लोले अनि माथिको

संख्यालाई गरी भाग त्यसको फललाई त्यै
अघिल्लो अङ्कले गुन्नू; जो आयो त्यसको फल

त्यसलाई पनि त्यस्कै मनिको फेरि अङ्कले
लिनू भाग, यही रीत अङ्क सिध्याउनू सबै ।

अर्थात् जति अक्षरको छन्दको लगक्रिया गर्नु छ त्यति संख्याको अङ्कदेखि ओह्राल्दै एकसम्म, अर्थात् उल्टो गरेर, जस्तो कि १, २, ३, ४, यसरी लेख्नुपर्नेमा ४, ३, २, १, यसरी एक हरफमा लेख्नू,

त्यसको मन्तिर त्यस्तै अङ्क १ देखि जति अक्षरको छन्दको लगक्रिया गर्नु छ त्यति संख्याको अङ्कसम्म लेख्नू र तल्लोचाहिं एउटा अङ्कले त्यस्तै माथिल्लो एउटा अङ्कलाई भाग लिनू, आएको भागफलले त्यसको अघिल्लो (माथिल्लो लहरको) अङ्कलाई गुनी त्यसबाट आएको गुणन फललाई त्यै मन्तिरको अङ्कले फेरि भाग लिनू र अङ्क नसकिन्जेल-सम्म यस्तै गर्दै जानू। आएका अङ्क लश्करै एक ठाउँमा लेख्नू, ती अङ्कमा पहिलो अङ्कले १ गुरु भएको प्रस्तारको संख्या, दोस्रोले २ गुरु भएका प्रस्तारको, एवं रीतले संझनू। ६ अक्षरमा पाउ भएको गायत्री छन्दमा। उदाहरण; जस्तै—

६	५	४	३	२	१
१	२	३	४	५	६

यसमा १ ले ६ लाई भाग लेऊ भागफल ६ आउँछ, ६ ले अगाडिको ५ लाई गुन्दा ३०, त्यो ३० लाई त्यै ५ मन्तिरको २ ले भाग लेऊ, १५ हुन्छ, त्यो १५ ले ४ लाई गुन्दा ६० लाउँछ, त्यसलाई ३ ले भाग गर २० हुन्छ। २० ले अगाडिको ३ लाई गुन ६० हुन्छ। ६० लाई ४ ले भाग गर १५ आउँछ। १५ ले २ लाई गुन ३० हुन्छ। ३० लाई ५ ले भाग लेऊ ६ आउँछ। ६ ले १ लाई गुन ६ नै हुन्छ, ६ ले ६ लाई भाग लेऊ १ आउँछ। अब क्रमैले गुनी भाग ली आएका अङ्कहरूलाई लश्करै यसरी ६।१५।२०।१५।६।१ राख, यसलाई अब लघु गुरुको हिसाब गर; जस्तै—

संख्या	गु	ल	
६	१	५	एक गुरु ५ लघु भएको ६ ओटा।
१५	२	४	दुइ गुरु ४ लघु भएको १५ ओटा।
२०	३	३	तीन गुरु ३ लघु भएको २० ओटा।
१५	४	२	चार ,, २ ,, ,, १५ ,, ।
६	५	१	पाँच ,, १ ,, ,, ६ ,, ।
१	६	×	शून्य लघु सबै अर्थात् ६ ओटै गुरु भएको एउटा।
१	×	६	शून्य गुरु सबै अर्थात् ६ ओटै लघु भएको एउटा।
			यस्तै गरी अरू पनि गर्नू।

अर्धसम लगक्रिया

यसमा प्रस्तारमा झैं २ चरण मिलाएर गर्नुपर्छ, सम छन्दसँग मिल्ने रूप भएका जति छाडी नमिल्ने अर्थात् अर्धसमकै लालमोहर भएका जति मात्र लिनू, रीत समवृत्तकै हो ।

विषम लगक्रिया

यसमा पनि चारै चरणको संख्या मिलाएर गर्नुपर्छ । सम अर्ध-सममा मिल्ने जति प्रस्तारलाई छोडेर हिसाब गर्नू, रीत उही हो । यस्तै अरू पनि बुझ्नू ।

मेरुमा लगक्रिया गर्ने रीति

यसबाट हरेक वार्णिक छन्दको लगक्रिया सजिलोसँग हुन सक्तछ । रीत; जस्तै—

पहिले एउटा कोठा, माथि लेखेर मन्तिर
दुइ कोठा अनि त्यस्को मनि तीन यसै गरी
कोठा बढाउँदै पार्नू तला छब्बीससम्मको
छेउछाउ दुवैतर्फ एक राखेर ल्याउनू,
माथिल्लो अङ्क जोडेर तल्लो कोठा भरीदिनू,
दायाँ बायाँ दुवैतर्फ आलो-पालो गरीकन
जोड़नू बीचको अङ्क जोडदा, यसरी सब
कोठा भर्नू, यही रीत, हो यो पनि लगक्रिया ।

अर्थात् यसमा पहिले माथि एउटा कोठा लेख, त्यसपछि दुइ, अनि तीन, एवं रीतले कोठा बढाउँदै लैजाऊ । तीन कोठाहरूको तलैपिच्छे अगाडि र पछाडि १, १ अङ्क लेख्तै जाऊ । मास्तिरका कोठाको अंक जोडेर तल्लो बीच बीच कोठामा राख । ती बीचका अंकहरूमध्ये जुन-जुन अंक जोड्नुपर्ने हुन् ती अंकलाई पहिले (१) बायाँ अंकसँग जोड र जोडेर आएको संख्या तल्लो कोठामा राख, यो बायाँ अंक जुन अंकसँग जोडेको छ त्यही अंकलाई दायाँसँग पनि जोड, र त्यसको मन्तिर कोठामा सो जोडेर आएको फल राख; यस्तै रीतले २६ कोठा भएको तलासम्म १, १ कोठाको हिसाबले बढाउँदै लैजाऊ । कोठा बाहिर दायाँपट्टि १, २, ३, ४, गरेर र बायाँपट्टि २, ४, ८, गरेर डब्ल्याउँदै श्रेणीपिच्छे अंक राख्तै जानू । जस्तै—

---

(१) बायाँ भनेर हाम्रो बायाँ होइन हामीतिर फर्केको मेरुको बायाँ ।

१	१	२				
	१	१	१			
२	१	२	१	४		
३	१	३	३	१	८	
४	१	४	६	४	१	१६

यसरी २६ कोठाको पंक्तिसम्म पुऱ्याउनू ।

यसमा दोस्रो पंक्तिको कोठामा रहेको १, १ अंक जोडेर तल्लो बीच कोठामा २ राखियो, त्यो २ पनि बायाँतिरको १ सँग जोडेर ३ गराई तल्लो हरफको दोस्रो कोठामा राखियो, अब त्यस्तै, त्यही माथिको दुइलाई फेरि त्यसैको दायाँपट्टिको १ सँग जोडी ३ गराई त्यसै गरी त्यै मन्तिरको अर्को कोठामा राखियो । अब त्यो ३ पनि बायाँपट्टिको १ सँग जोडी ४ तुल्याई त्यस्तै छेउतिरको मन्तिरपट्टिको कोठामा त्यै ३ लाई फेरि दायाँतिरको ३ सँग जोडी ६ गराई तल्लो बीच कोठामा । त्यो ३ लाई पनि फेरि दायाँतिरको १ सँग जोडी ४ गराई तल्लो दोस्रो कोठामा राखिएको छ । अरू २६ कोठाको लहरसम्म रीत यही हो ।

अब यसबाट के बुझियो ? उत्तर के भयो ?—२कोठा भएको दोस्रो पंक्तिमा एक अक्षर पाउ भएको उक्ताको लगक्रिया अर्थात् एउटा सर्व गुरु (सबै गुरु भएको १) र सबै लघु भएको १ भन्ने बुझियो । तेस्रो पंक्ति अत्युक्तामा सर्व गुरु १, एक लघु २, सर्वलघु १ । चौथो पंक्तिबाट सर्वगुरु १, एक लघु ३, एक गुरु ३, सर्व लघु १, भएको मध्याको लगक्रिया बुझियो । यस्तै अरू पनि बुझ्नू ।

मात्रिक मेरु

मात्रिक छन्दमा कति गुरु भएको, कति र कति लघु भएको कति हुन्छ भन्ने कुरा बुझ्नलाई तल लेखिएको मेरु चाहिन्छ । तरीका; जस्तै—

सबभन्दा माथि एक कोठा लेखेर त्यसमन्तिर दुई कोठाको दुइ पंक्ति, त्यसमनि तीन कोठाको दुइ पंक्ति, त्यसमनि चार कोठाको दुइ पंक्ति, यसरी एक-एक कोठा बढ़ेको दुइ-दुइ पंक्ति लेख्तै जाऊ। अनि माथिल्लो कोठामा र अरू सबै पंक्तिको पछिल्लो कोठामा ११ अंक राख, २, २ तहको हरेक पंक्तिमध्ये हरेक पहिलो पंक्तिको पहिलो पहिलो कोठामा ठाडो हिसाबबाट १, १ अंक लेख्तै जाऊ। त्यै १ अंक

लेखेको कोठादेखि मनि-मनिको कोठामा चाहिं १, २, ३, ४ यसरी अंक राख ।

जस्तै—१ कोठा भएको पहिलो पंक्तिमा १ अंक रहनु स्वाभाविकै भयो, दोस्रो पंक्तिको पहिलो कोठामा १, र तेस्रो पंक्तिको पहिलो कोठामा २ अंक। चौथो पंक्तिको पहिलो कोठामा १, र पाँचौंको पहिलोमा ३ अंक। अनि फेरि १, अनि ४, फेरि १, यसरी क्रमैसँग पहिलो-पहिलो कोठा भर्नू, र तीन कोठा भएको पंक्तिदेखि ती बराबर कोठा भएका दुइ पंक्तिमध्ये माथिल्लोचाहिं तलाको बीचमा रहेको खाली कोठाको पहिलो र दोस्रो दुइ पंक्तिको कोठाको अंक जोडेर भर्नू ।

त्यसपछि अरू बाँकी कोठामा भर्दा माथिल्ला दुइ पंक्तिको समान कोष्ठ अर्थात् पहिलो पहिलो दोस्रोको अंक जोडेर तल्लो खाली रहेको समान कोठामा भर्नू । यसरी कोठा भरेपछि गजूर कोठादेखि लिएर बाहिर अर्थात् मेरुको दायाँपट्टि १, २, ३, ४, ५, यसरी रोलैसँग र

१	१	१				
२	१	१	२			
३	२	१	३			
४	१	३	१	५		
५	३	४	१	८		
६	१	६	५	१	१३	
७	४	१०	६	१	२१	
८	१	१०	१५	७	१	३४
९	५	२०	२१	८	१	५५

सोही गजुरे कोठादेखि बायाँपट्टि पूर्णांक, अर्थात् १, २, ३, ५, ८, १३, २१, ३४, इत्यादि लेख्तै जानू । जब तयार हुन्छ अनि यो मेरुबाट यो कुराको ज्ञान हुन्छ कि १ मात्रामा सर्वलघु एउटै मात्र । २ मात्रिक छन्द-मा एक गुरुको एउटा, दुइ लघुको एउटा । तीन मात्रिकमा सर्वगुरु नहुने हुनाले २ ओटा एक गुरु (एउटा गुरु भएको), एउटा सर्वलघु जस्तै ऽ।

।ऽ

।।।

चौथो पंक्ति ४ मात्रिकमा सर्वगुरु १, एक गुरु भएको ३, सर्वलघु १। पाँचौंमा, ५ मात्रिकमा सर्वगुरु नहुने हुनाले २ गुरु भएको ३, एक गुरु भएको ४, सर्वलघु। छैटौंमा, ६ मात्रिकमा सर्वगुरु १, २ गुरु भएको ६, १ गुरु ५, सर्वलघु १। यस्तै अरू पनि बुझ्नू।

संख्यान

लगक्रियाको फलस्वरूप अंकहरू जोडेर त्यसबाट आएको योगफल संख्या हुन्छ, त्यो संख्या ल्याउने क्रमलाई संख्यान भन्दछन्।

लगक्रियाको जो अंक छन्, ती जोडेर जो फल
स्वरूप अंक ल्याइन्छ त्यै हो संख्यानको बल।

अर्थात् माथि बताएको लगक्रियामा आएका फलस्वरूप अंकलाई जोड, त्यसबाट जो फल आउँछ त्यही जम्मा संख्या हुन्छ। जस्तै— १, ३, ३, १ यी अंक जोड्दा १+३+३+१=८ भयो। ४ अक्षरमा १, ४, ६, ४, १, जोड्दा १+४+६+४+१=१६ भयो, यै भेदसंख्या यसको उत्तर भयो।

अथवा उद्दिष्ट अंकमा १ ल्याएर जोड्दा आएको योगफललाई पनि संख्या भनिन्छ। जस्तै—३ अक्षरको प्रस्तारमा गरिने १ २ ४ / ऽ ऽ ऽ उद्दिष्टमा मास्तिर रहेको १, २, ४ अंकमा अरू १ ल्याएर जोड्दा १+२+४+१=८ हुन्छ। यही ८ यसको संख्या भयो इत्यादि अरू पनि बुझ्नू।

अर्धसम विषममा पनि यसै गरी लगक्रियाको फलस्वरूप अंकहरू जोडिदिनू, रीत एकै हो।

अध्वयोग

प्रस्तार गर्दा लघु वा गुरु रहने ठाउँ १ अंगुलको हिसाबले राख्नुपर्‍यो भने कति अक्षरको प्रस्तार गर्नलाई कति अंगुल ठाउँ चाहिन्छ, यो गर्ने विधिलाई अध्वयोग भन्दछन्। नियम; जस्तै—

संख्यालाई गुनी पैले दुइको अंकले अनि
फल त्यस्को छ जो, एक घटाऊ त्यसमा पनि,
रहन्छ शेष जो अंक त्यत्ति अंगुल ठाउँमा
पूरा गरिन्छ प्रस्तार संख्या विहित-वर्णको

अर्थात् संख्या गर्दा जो अंक आउँछ त्यसलाई २ ले गुनी आएको गुणनफलमा १ घटाइदिनू, जति बाँकी रहन्छ त्यत्ति अंगुल ठाउँ त्यो संख्या गरेका वर्णको प्रस्तार गर्न चाहिन्छ। जस्तै—३ अक्षर ऽऽऽ को अध्वयोग ल्याउनलाई पहिले ३ अक्षरको संख्यान कति हुन्छ १ २ ४ / ऽ ऽ ऽ १+२+४=७। ७+१=८ आठ। अब, त्यो ८ लाई २ ले गुन्दा २×८=१६ हुन्छ, त्यो १६ मा १ घटाउँदा १६-१=१५ आउँछ। अब यसबाट यो कुरा थाहा भयो कि १ अंगुलको हिसाबले ३ अक्षरको प्रस्तार गर्नलाई १५ अंगुल ठाउँ चाहिंदो रहेछ। यसमा विशेष यो छ कि जो प्रस्तार क्रमैसँग लेखिन्छ त्यसमा सबैको बीच-बीचमा एक एक अंगुल ठाउँ छाडेर राख्नुपर्छ, यो यसको काइदा हो।

कोही कोही यसो भन्दछन्—यो अध्वयोगबाट फल पनि थोरै, स्थान पनि मानिसको इच्छाऽनुसार रहने हुनाले यसको प्रयोजन छैन इत्यादि। परन्तु यो विधि सबै शास्त्रीय हुनाले यो एउटा प्राचीन नियम-पद्धति हो, कर्तव्य छ भनी कोही भन्दछन्।

अर्धसम विषम मात्रिक छन्दहरूमा पनि यस्तै रीत संझनू।

सृष्टि-स्थिति-प्रलयको एकमात्र छ हेतु जो
उसकै करुणाले यो ग्रन्थ आज समाप्त भो।
पारेनौ काल भै बाधा अथवा विघ्नरूप भै
धन्य हे दैव ! टक्र्याएँ हार यो अश्रुबिन्दुको
सदा हृदयमा राख यो मेरो हार आँसुको,
या मेरै अश्रुको सिन्धु, छातीमा मोति भै बस।

इति शम्।

निवेदन

सज्जनवृन्दप्रति—

यो लेखक कुनै वेला हुन सक्तैन अच्युत,
अवश्य यसमा होलान् कैयौं दोष तथा च्युत;
मक्षिका-पातको न्याय छोडेर भ्रमरोपम—
'संझेको, छु गुणतर्फ भुल्छ' सज्जन-लोचन

[illegible]